*योग्यता*

*निष्पक्षता*

*स्वच्छता*

*वस्तुनिष्ठता*

*गोपनीयता*

# सत्रौं वार्षिक प्रतिवेदन

(२०८१ साउन - २०८२ असार)


## शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर, नेपाल

http://www.tsc.gov.np

नेपाल सरकार
शिक्षक सेवा आयोग

ठेगाना
सानोठिमी, भक्तपुर, नेपाल ।

टेलिफोन
००-९७७-०१-६६३७८७२

इमेल
admin@tsc.gov.np

वेबसाइट
www.tsc.gov.np

प्राविधिक सहायता कक्ष
९८५११०३२९९

शिक्षा ऐन (संशोधनसहित), २०२८ को दफा ११(ञ) बमोजिम
नेपाल सरकारसमक्ष पेस गरिएको

# शिक्षक सेवा आयोगको
# सत्रौं वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा शिक्षक सेवा आयोगबाट
२०८१ साउनदेखि २०८२ असारसम्ममा
सम्पादित कामका विवरणहरू समेटिएका छन् ।

# शिक्षक सेवा आयोगका पदाधिकारीहरू



**(मधुप्रसाद रेग्मी)**
अध्यक्ष



**(पवित्रा सुवेदी)**
सदस्य



**(रामशरण सापकोटा)**
सदस्य

## शिक्षक सेवा आयोगको सचिव



**(चन्द्रकान्त भुसाल)**
प्रशासकीय प्रमुख

## आयोगको भनाइ

नेपाल सरकारबाट स्वीकृत दरबन्दीअनुसार सामुदायिक विद्यालयमा रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाका लागि सिफारिस गर्ने र शिक्षण पेसामा प्रवेश गर्न चाहने व्यक्तिहरूका लागि अध्यापन अनुमतिपत्रसम्बन्धी काम गर्ने प्रयोजनका लागि शिक्षक सेवा आयोग गठन भएको हो । आयोगले शिक्षा ऐन, २०२८, शिक्षक सेवा आयोग नियमावली, २०५७ र शिक्षा नियमावली, २०५९ बमोजिम कार्य गर्दै आइरहेको छ । ऐन तथा नियमावलीमा आधारित भई कार्यसम्पादनलाई सहज बनाउन आयोगले विभिन्न कार्यविधि र निर्देशिकाहरू स्वीकृत गरी सोही ऐन, नियम, कार्यविधि र निर्देशिकाका आधारमा कार्य सञ्चालन गर्दै आएको छ । कार्यसम्पादनको क्रममा आयोगले योग्यता, निष्पक्षता, स्वच्छता, वस्तुनिष्ठता र गोपनीयताजस्ता मापदण्डलाई अवलम्बन गर्दै आएको छ ।

शिक्षक सेवा आयोगको गठन हुनुपूर्व सामुदायिक विद्यालयमा रिक्त रहेका शिक्षक पदहरूको पदपूर्ति क्षेत्रीय शिक्षक छनोट समिति र जिल्ला शिक्षक छनोट समितिमार्फत हुँदै आइरहेको थियो । तत्कालीन अवस्थामा पदपूर्तिका लागि नियमित रूपमा विज्ञापन नहुने, विज्ञापन भएका पदमा पनि लामो समयसम्म नतिजा प्रकाशन नहुने जस्ता समस्या रहेका थिए । यसै क्रममा शिक्षण पेसामा क्षमतावान्, दक्ष, सक्षम व्यक्तिहरूको प्रवेशलाई सुनिश्चित गर्न तथा शिक्षक पदपूर्ति प्रक्रियालाई निरन्तरता दिन एक स्वतन्त्र र निष्पक्ष निकायको आवश्यकता महसुस हुन गयो र जसको फलस्वरूप शिक्षा ऐन, २०२८ को छैटौं संशोधन (२०५५/१०/०१) मार्फत राष्ट्रिय शिक्षक सेवा आयोगको गठन भयो । उक्त ऐनमा मिति २०५८/१०/२५ मा भएको सातौं संशोधनले आयोगको नाम **शिक्षक सेवा आयोग** रहन गयो। वि.सं. २०५७ मा शिक्षक सेवा आयोग नियमावली जारी भएपश्चात् आयोगले आफ्ना कार्य अगाडि बढाई नियमित रूपमा शिक्षकको अध्यापन अनुमतिपत्र, स्थायी नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्नेसम्बन्धी कार्यसम्पादन गर्दै आएको छ ।

यस प्रतिवेदनमा शिक्षक सेवा आयोगको गठन र कार्यसम्पादनका आधार, प्रतिवेदन अवधि (आ. व. २०८१/८२) को प्रशासनिक तथा वित्तीय स्थिति, अध्यापन अनुमतिपत्रतर्फको विज्ञापन तथा नतिजा प्रकाशन, खुलातर्फको विज्ञापन, नतिजा प्रकाशन तथा सिफारिस, बढुवातर्फको नतिजा प्रकाशन तथा सिफारिस एवम् पुनरवलोकनसम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ । साथै आयोगले यस आर्थिक वर्षमा सम्पादन गरेका सुधारात्मक तथा प्रवर्तनात्मक कार्य, कार्यसम्पादनका क्रममा देखा परेका समस्या र समस्या समाधानका लागि गरेका प्रयत्न, नीतिगत रूपमा निरूपण गरेका विषय तथा भावी कार्यदिशा एवम् सुझावसमेत समावेश गरिएको छ ।

आयोगबाट आ.व. २०८०/८१ मा सञ्चालन गरिएको माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तह, तृतीय श्रेणी शिक्षक पदको खुला प्रतियोगिताको नतिजा आ.व. २०८१/८२ मा प्रकाशन गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियुक्तिका लागि सिफारिस भएको छ भने कार्यसम्पादनको आधारमा हुने बढुवा (७५%) को समेत कार्यसम्पन्न भइसकेको छ ।

आ.व. २०८१/८२ मा माध्यमिक र निम्नमाध्यमिक तह, तृतीय श्रेणीको शिक्षक पदको खुला प्रतियोगिताको विज्ञापन प्रकाशन भएको र दुईओटै तहको सामान्य परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गरी दोस्रो चरणको परीक्षाध्ये माध्यमिक तहको विषयगत लिखित परीक्षा सञ्चालन भएको थियो । त्यस्तै, आर्थिक वर्ष २०८१/८२ मा निम्नमाध्यमिक तथा माध्यमिक तहको अध्यापन अनुमतिपत्रका परीक्षाहरू सम्पन्न गरी तोकिएका जिल्लाबाट अध्यापन अनुमतिपत्रको प्रमाणपत्र वितरण कार्य भइरहेको छ ।

आयोगले कार्यसम्पादनलाई चुस्त र थप प्रभावकारी बनाउन विभिन्न प्रयासहरू गरिरहेको छ । यद्यपि कार्यालय भवनलगायतका भौतिक पूर्वाधारहरूको विस्तार, प्रविधिमा जोड, थप प्राविधिक जनशक्तिको व्यवस्था, प्रदेशस्तरसम्म आयोगको सेवा विस्तारलगायतका कार्यक्रमहरूमा जोड दिनुपर्ने अवस्था छ । आयोगलाई एउटा स्वतन्त्र र स्वायत्त निकायको रूपमा विकास गर्न शिक्षक सेवा आयोगको छुट्टै ऐनको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ । आयोगको प्रादेशिक संरचना नभएको, साबिकमा जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयबाट सम्पादित कार्य सङ्घीय संरचनाअनुरूप शिक्षा विकास तथा समन्वय इकाइ र प्रदेशस्थित शिक्षा विकास निर्देशनालयबाट सम्पादन गर्नुपर्ने अवस्था रहेको तर निकायगत बलियो समन्वयको कमीबाट कार्यसम्पादनमा समस्या देखिएको छ ।

अन्त्यमा, आयोगको तथ्याङ्क, विज्ञापन, पाठ्यक्रम तथा अनुसन्धान शाखालाई प्रतिवेदनको समग्र विषयवस्तु सङ्कलन, लेखन तथा विश्लेषण गरी प्रतिवेदन तयारीमा निर्वाह गरेको भूमिकाको उच्च कदर गर्दै कार्यसम्पादनका क्रममा सहयोग पु-याउने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सातओटै प्रदेशका शिक्षा विकास निर्देशनालयहरू, प्रदेशस्थित बढुवा सिफारिस समिति, जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइ, जिल्ला परीक्षा समन्वय समिति, परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने प्रश्नपत्र तयारी, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्तालगायतका कार्यमा सहयोग पु-याउनु हुने विभिन्न विधाका दक्ष एवम् विज्ञ, परीक्षा सञ्चालनमा परिचालित जनशक्ति, आवश्यक पर्ने भवन उपलब्ध गराउने सम्बद्ध क्याम्पस, विद्यालयलगायत यो प्रतिवेदन तयार गर्न सहयोग पु-याउने आयोगका कर्मचारीसहित सम्पूर्ण सरोकारवालाहरूलाई आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

**शिक्षक सेवा आयोग**

## कार्यकारी सारांश

शिक्षा ऐन, २०२८ को सातौं संशोधनमार्फत यस आयोगको नाम शिक्षक सेवा आयोग रहन गएको र वि.सं. २०५७ मा शिक्षक सेवा आयोग नियमावली जारी भएपश्चात् आयोगले आफ्नो निष्ठा (Integrity) मा रही योग्य, क्षमतावान र दक्ष शिक्षकको छनोट तथा सिफारिसमार्फत राष्ट्रको समग्र शिक्षाको दीर्घकालीन दृष्टिकोण ***"शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रूपान्तरण र समृद्धि"*** पूरा गर्न, शिक्षक सेवामा योग्यता प्रणालीलाई प्रवर्धन गर्नुका साथै स्वच्छ तथा निष्पक्ष विधिका माध्यमबाट उपयुक्त उम्मेदवार छनोट गरी सक्षम शिक्षक आपूर्ति गर्ने ध्येय (Mission) का साथ आफ्नो कार्यसम्पादन गर्दै आएको छ । आफ्नो कार्यसम्पादनबाट शिक्षक सेवा आयोग नेपालमा एक विश्वसनीय एवम् आम नागरिकको भरोसा बोकेको स्वायत्त निकायको रूपमा स्थापित संस्थाको रूपमा विकसित हुँदै आएको छ ।

स्थापनाको २५ वर्षको गौरवमय इतिहास बोकेको यस आयोगले आफ्नो स्थापनाकालदेखि नै नेपालको शिक्षक सेवामा स्वच्छ, निष्पक्ष एवम् प्रतिस्पर्धाका माध्यमबाट शिक्षकको छनोट गर्दै आएकामा आफ्नो कार्यलाई थप व्यवस्थित एवम् सेवाग्राहीमैत्री बनाउन वि. सं. २०७६ देखि अध्यापन अनुमतिपत्र तथा शिक्षक छनोटको दरखास्त सङ्कलन आफ्नै अनलाइन जब पोर्टल (Online Job Portal ) मार्फत गर्दै आएको छ ।

विगतका वर्षमा झैं यस आर्थिक वर्ष २०८१/८२ मा समेत आयोगले आफ्नो वार्षिक कार्यतालिकाबमोजिम शिक्षक सेवाका जिल्लागत र प्रदेशगत रूपमा माग भएअनुसार शिक्षक छनोट गर्ने कार्य गरी यो सत्रौं वार्षिक प्रतिवेदन तयार गरेको छ । प्रस्तुत प्रतिवेदन अवधिमा आयोगले लिएको शिक्षक अध्यापन अनुमतिपत्रको परीक्षामा निम्नमाध्यमिक तहतर्फ १०,९७४ जना र माध्यमिक तहतर्फ १२,७२९ जना उत्तीर्ण भएका छन्। त्यस्तै आयोगले प्राथमिक तहतर्फ ५,२८४ जना, निम्नमाध्यमिक तहतर्फ ७८७ जना र माध्यमिक तहतर्फ ४३५ जना उम्मेदवार छनोट गरी नियुक्तिका लागि सिफारिस गरेको छ । साथै कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने बढुवा (७५ प्रतिशत) मा १,८८६ (सबै तहको प्रथम र द्वितीय श्रेणी) र आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा गरिने बढुवा (२५ प्रतिशत) मा ६६३ (सबै तहको प्रथम र द्वितीय श्रेणी) जना सिफारिस गरेको छ । समग्रमा, आर्थिक वर्ष २०८१/८२ को विज्ञापन प्रकाशनदेखि सिफारिसम्मका कामकारबाहीको विवरण, प्रदान गरिएका परामर्श, पाठ्यक्रम निर्माण एवम् परिमार्जन, कार्यसम्पादन सुधार र नवप्रवर्तनात्मक कार्यलगायतका विवरणहरू सङ्क्षेपमा देहायबमोजिम प्रस्तुत गरिएको छः-

### १. रिक्त पद सङ्ख्या

प्रतिवेदन अवधि आ.व. २०८१/८२ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शिक्षक पदमा विज्ञापनका लागि निम्नमाध्यमिक तहको ६८६ र माध्यमिक तहको ३७० (गत वर्ष पदपूर्ति हुन नसकेको सङ्ख्यासमेत) गरी जम्मा १,०५६ रिक्त पद सङ्ख्या प्राप्त भएको थियो। त्यसै गरी कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवातर्फ १,९६२ र आन्तरिक प्रतियोगितात्मक परीक्षामार्फत हुने बढुवातर्फ ६६३ गरी (प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको प्रथम र द्वितीय श्रेणी) जम्मा २,६२५ रिक्त पद सङ्ख्या प्राप्त भएको थियो ।

## २. विज्ञापन

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त रिक्त पद सङ्ख्याका आधारमा निम्नमाध्यमिक र माध्यमिक तहका लागि दुईओटा सूचनामार्फत प्रदेशगत रूपमा प्रतिस्पर्धा हुने गरी क्रमशः ६८६ र ३७० पदका लागि ३५० ओटा विज्ञापन गरिएको थियो । त्यसै गरी जिल्लागत रूपमा तहगत र श्रेणीगत गरी दुईओटा सूचनामार्फत कार्यसम्पादन मूल्याङ्कनका आधारमा गरिने बढुवामा १,९६२ (प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको प्रथम र द्वितीय श्रेणी) र आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा हुने बढुवामा ६६३ (प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको प्रथम र द्वितीय श्रेणी) पदका लागि ६२६ ओटा विज्ञापन भएको थियो । प्रतिवेदन अवधिमा निम्नमाध्यमिक र माध्यमिक तहको अध्यापन अनुमतिपत्र वितरणका लागि दुईओटा विज्ञापन/सूचना प्रकाशन भएको थियो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट रिक्त पदको विवरण प्राप्त नभएका कारण आयोगको वार्षिक कार्यतालिकाबमोजिम प्राथमिक तहको विज्ञापन हुन सकेन (परिच्छेद- ६) ।

## ३. दरखास्त

प्रतिवेदन अवधिमा आयोगबाट विज्ञापित खुला प्रतियोगितात्मक परीक्षा (खुला तथा समावेशी) तर्फ निम्नमाध्यमिक तहमा ५७,३८८ र माध्यमिक तहमा ३५,३५३ गरी जम्मा ९२,७४१ जनाको दरखास्त परेको थियो । अध्यापन अनुमतिपत्रतर्फ माध्यमिक तहमा जम्मा ४४,५१० जना र निम्नमाध्यमिक तहमा १,१९,६९९ गरी जम्मा १,६४,२०९ जनाले दरखास्त दिएका थिए । त्यसै गरी कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवातर्फ २१,२५६ र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवातर्फ १४,२२९ जनाको दरखास्त प्राप्त भएको थियो (परिच्छेद-६)।

## ४. प्रश्नपत्र र परीक्षा

विज्ञापन गरिएका पदहरूमा उपयुक्त उम्मेदवार छनोट गर्नका लागि आयोगबाट विज्ञापनअनुसार तहगत रूपमा माध्यमिक, निम्नमाध्यमिक (आन्तरिक र खुला प्रतियोगिता) र प्राथमिक तहको आन्तरिक प्रतियोगितात्मक बढुवा परीक्षाको अलगअलग प्रश्नपत्र निर्माण गरी फरकफरक मितिमा सामान्य परीक्षा र विषयगत परीक्षा सञ्चालन गरिएको थियो । त्यस्तै, निम्नमाध्यमिक र माध्यमिक तहको अध्यापन अनुमतिपत्रको लिखित (वस्तुगत) परीक्षाको लागि प्रश्नपत्र निर्माण गरी परीक्षासमेत सञ्चालन भएको थियो । प्रतिवेदन अवधिमा विभिन्न सातओटा मितिमा १,३३७ परीक्षाकेन्द्रमा ३,०७,६७६ जना परीक्षार्थीहरूका लागि परीक्षा सञ्चालनको व्यवस्था मिलाइएको थियो (परिच्छेद-७) ।

## ५. उत्तरपुस्तिका कोडिङ र परीक्षण

प्रतिवेदन अवधिमा अध्यापन अनुमतिपत्र र खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षामा सहभागी भएका परीक्षार्थीहरूका लागि वस्तुगत उत्तरपाना ओएमआर सिट (OMR Sheet) को ओएमआर मेसिन प्रयोग गरी परीक्षण गरिएको थियो । साथै आ.व.२०८१/८२ मा विज्ञापित तृतीय श्रेणीको र आन्तरिक प्रतियोगितात्मक बढुवा (२५ प्रतिशत) र लिखित परीक्षा (विषयगत) मा उत्तरपुस्तिका दोहोरो कोडिङ गरी विषय विज्ञबाट परीक्षण गराई नतिजा प्रकाशन गरिएको थियो (परिच्छेद-७) ।

## ६. अन्तर्वार्ता र सिफारिस

आ.व. २०८०/८१ मा खुला तथा समावेशी समूहमा भएको विज्ञापनमा माध्यमिक र निम्नमाध्यमिक तहका विभिन्न विषय र प्राथमिक तहमा क्रमशः ४४८, ८३४ र ५४५३ जनाका लागि विज्ञापन भएका मा आ.व. २०८१/८२ मा क्रमशः ४३५, ७८७ र ५२८४ जना सिफारिस भएका थिए। त्यसै गरी अस्थायी तथा करार नियुक्ति प्रयोजनका लागि माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तहमा क्रमशः ८६३, १४५४ र ५४२५ जनाको योग्यताक्रमको सूची प्रकाशन गरिएको छ ।

आ.व. २०८१/८२ मा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तीनै तहको प्रथम र द्वितीय श्रेणीको कार्यसम्पादन मूल्याङ्कनका आधारमा १,८८६ र आन्तरिक प्रतियोगितात्मक परीक्षाका आधारमा बढुवा नियुक्तिका लागि ६६३ जना शिक्षकलाई सिफारिस भएका थिए (परिच्छेद-९)।

## ७. पाठ्यक्रम निर्माण र परिमार्जन

आयोगले लिने परीक्षाको पाठ्यक्रमलाई समयानुकूल र यथार्थपरक बनाउने कार्यलाई निरन्तरता दिँदै शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम खुला प्रतियोगितात्मक परीक्षाको लिखिततर्फ २०० (सामान्य परीक्षा १०० र विषयगत परीक्षा १०० अङ्क) पूर्णाङ्कको परीक्षा हुने प्रावधान रहेको छ । गुणस्तरीय शिक्षक छनोटलाई प्राथमिकता दिई प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तीनै तहका लागि तहगत तथा विषयगत आधारमा गत आ.व. सम्ममा ३४ ओटा पाठ्यक्रम निर्माण गरी सार्वजनिक गरिएको मा यस आ.व. मा निम्नमाध्यमिक तहको स्वास्थ्य तथा शारीरिक, माध्यमिक तहको फलित ज्योतिष, सिद्धान्त ज्योतिष र जनसङ्ख्या शिक्षा विषयको नयाँ पाठ्यक्रम तयार गरिएको छ (परिच्छेद - ४)।

## ८. परीक्षा प्रणालीमा समयानुकूल सुधार

शिक्षक सेवा आयोगले परीक्षालाई विश्वसनीय, स्वच्छ, मर्यादित, निष्पक्ष र व्यवस्थित गर्नका लागि समयानुकूल सुधारका कार्य गर्दै आएको छ । उम्मेदवारहरूबाट दरखास्त फाराम अनलाइनमार्फत लिने र वस्तुगत उत्तरपुस्तिकाको परीक्षण ओएमआर मेसिन (OMR Machine) बाट गर्ने व्यवस्था गरिएको छ । स्थायी अध्यापन अनुमतिपत्रमा सफल भएका र शिक्षक पदमा सिफारिस भएका परीक्षार्थीहरूको विवरणलाई आयोगको वेबसाइटमा राख्ने व्यवस्थासमेत मिलाइएको छ । साथै शिक्षक पदमा सिफारिस भएका परीक्षार्थीले सिफारिस भएको मितिदेखि सात दिनसम्म आफ्नो प्राप्ताङ्क आयोगको वेबसाइटमा हेर्न सक्ने व्यवस्था गरिएको छ (परिच्छेद - ७) ।

## ९. कार्यसम्पादन सुधार र नवप्रवर्तनात्मक कार्य

आयोगका कार्यलाई प्रभावकारी बनाउने सम्बन्धमा आयोगबाट लिइने अध्यापन अनुमतिपत्र, खुला र आन्तरिक प्रतियोगितातर्फको सामान्य र विषयगत पाठ्यक्रम सम्बन्धमा, त्रिभुवन विश्वविद्यालयअन्तर्गतको शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) बाट अध्ययन गराई प्रतिवेदन प्राप्त गर्ने कार्य भएको थियो । उक्त प्रतिवेदनले औँल्याएका मुख्य सुझावहरू परिच्छेद ११ मा उल्लेख गरिएको छ । साथै मिति २०८१/०५/१३ मा "पाठ्यक्रम निर्माण, प्रश्नपत्र तयारी परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन र सिफारिस विषयक" अन्तरक्रिया कार्यक्रम गरिएको थियो । ७७ जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइका प्रमुखहरूलगायतको उपस्थिति रहेको उक्त कार्यक्रमबाट सुधार गर्नुपर्ने सुझावहरू सङ्कलन गरिएको थियो । त्यसै गरी

प्रदेश सरकार तथा विभिन्न सङ्घसंस्थाहरूको समन्वय र सहकार्यमा कार्यसम्पादनका आधारमा हुने शिक्षक बढुवासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । यस आ.व. देखि अन्तर्वार्ता सन्तुष्टि सर्वेक्षण फाराममार्फत पृष्ठपोषण एवम् सुझावहरू सङ्कलन गरी रचनात्मक पृष्ठपोषण एवम् सुझावहरू कार्यान्वन गर्ने कार्यको सुरुवात भएको छ । यस अवधिमा आयोगको अनलाइन जब पोर्टल (Online Job Portal) मा रहेको डाटाबेसलाई नेपाल सरकारअन्तर्गतको सूचना प्रविधि विभागको पोर्टलमा स्थानान्तरण गरिएको छ (परिच्छेद - ११) ।

## १०. वार्षिक कार्यतालिका

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ४ मा उल्लेख भएअनुसार आयोगको काम, कर्तव्य र अधिकारबमोजिम आयोगबाट सम्पादन हुने कार्यलाई व्यवस्थित, प्रभावकारी, नियमित र पारदर्शी रूपमा सम्पादन गर्ने प्रयोजनका लागि वार्षिक कार्यतालिका निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ (अनुसूची - ५) ।

# विषयसूची

परिच्छेद - १ ............ २

शिक्षक सेवा आयोगको गठन र कार्यक्षेत्र............ २

१.१. ऐतिहासिक पृष्ठभूमि............ २

१.२. आयोगको उद्देश्य............ २

१.३. शिक्षक सेवा आयोगको गठन ............ ३

१.४. सदस्यको लागि चाहिने योग्यता ............ ३

१.५. आयोगको काम, कर्तव्य र अधिकार ............ ३

परिच्छेद-२ ............ ५

आयोगको कार्यसम्पादनका आधार............ ५

२.१. कानुनी आधार............ ५

२.२. आयोगद्वारा स्वीकृत निर्देशिका तथा कार्यविधिहरू............ ५

परिच्छेद - ३ ............ ६

प्रशासनिक तथा वित्तीय स्थिति............ ६

३.१. शिक्षक सेवा आयोगको सङ्गठन संरचना............ ६

३.२. प्रशासकीय प्रमुख, राजपत्राङ्कित प्रथम श्रेणी (सहसचिव)को कार्यविवरण..... ६

३.३. आयोगको विनियोजित बजेट, खर्च, राजस्व, धरौटी र बेरुजु............ ७

३.३.१. विनियोजित बजेट र खर्च............ ७

३.३.२. राजस्व र धरौटी............ ८

३.३.३. बेरुजु र फछर्यौटको अवस्था ............ ८

३.४ आयोगको कार्यसम्पादनका सिद्धान्तहरू............ ९

३.४.१. योग्यताको सिद्धान्त (Principle of Merit) ............ ९

३.४.२. निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)............ ९

३.४.३. स्वच्छताको सिद्धान्त (Principle of Fairness) ............ ९

३.४.४. समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity) ............ ९

३.४.५. समावेशिताको सिद्धान्त (Principle of Inclusiveness) ............ १०

३.४.६. द्वैध अन्धताको सिद्धान्त (Principle of Double Blinding) ............ १०

३.४.७. परिचय-शून्यताको सिद्धान्त (Principle of Identity Masking)......... १०
३.४.८. असंलग्नताको सिद्धान्त (Principle of Non-Involvement)............ १०
३.४.९. गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)............... १०
३.५. कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह........................................११
३.५.१. वार्षिक कार्यतालिका...................................................११
३.५.२. विज्ञापन प्रकाशन........................................................११
३.५.३. दरखास्त सङ्कलन........................................................११
३.५.४. लिखित परीक्षा............................................................११
३.५.५. उत्तरपुस्तिका कोडिङ र परीक्षण.........................................१२
३.५.६. लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस...........................१२
परिच्छेद - ४............................................................................. १४
आयोगद्वारा सम्पादित कार्य.................................................................१४
४.१. पाठ्यक्रम निर्माण......................................................... १४
४.१.१. अध्यापन अनुमतिपत्रको पाठ्यक्रम.................................. १४
४.१.२. खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम ढाँचा..............१५
४.१.३. शिक्षकको आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट हुने बढुवाको पाठ्यक्रम ...१५
४.१.४. शैक्षिक योग्यता र पाठ्यक्रम...........................................१६
परिच्छेद- ५............................................................................. १८
अध्यापन अनुमतिपत्रसम्बन्धी व्यवस्था.......................................................१८
(क) अध्यापन अनुमतिपत्रका लागि भएका विज्ञापन र उत्तीर्ण विवरण र विज्ञापनका सर्त.......... २०
(ख) माध्यमिक र निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्रसम्बन्धी प्रदेशगत विवरण ...२६
(ग) हालसम्म अध्यापन अनुमतिपत्रको परीक्षामा तहगत रूपमा उत्तीर्ण विवरण
परिच्छेद- ६............................................................................. २८
विज्ञापन र दरखास्त..........................................................................२८
६.१. शिक्षक अध्यापन अनुमतिपत्रको विज्ञापन र दरखास्त.................... २८
६.२. शिक्षक पदको विज्ञापन र दरखास्त.........................................२९
६.३. विज्ञापित पदको प्रतिशत निर्धारण........................................ ३०

६.४. विगत तीन वर्षमा परेका दरखास्त........................................३२
परिच्छेद-७ ........................................................... ३४
परीक्षा र परीक्षण.............................................................३४
७.१. प्रश्नपत्र निर्माण र परिमार्जन............................................ ३४
७.२. लिखित परीक्षा सञ्चालन ................................................ ३४
७.२.१. सामान्य परीक्षा.......................................................३५
७.२.२. विषयगत परीक्षा.......................................................३६
७.३. उत्तरपुस्तिका कोडिङ र परीक्षण..........................................३७
७.४. लिखित परीक्षाको नतिजा प्रकाशन..........................................३५
७.५. लिखित परीक्षामा परिचालित जनशक्ति.......................................३५
परिच्छेद-८ ........................................................... ४०
अन्तर्वार्ता तथा सिफारिस..................................................... ४०
८.१. अन्तर्वार्ता ............................................................४०
८.२. सिफारिस............................................................... ४५
८.२.१. पदपूर्ति र समावेशिता................................................ ४६
८.२.२. विज्ञापन र सिफारिस सङ्ख्या ............................................ ४६
८.२.३. शिक्षक नियुक्ति सिफारिस............................................. ४६
परिच्छेद-९ ........................................................... ५०
शिक्षक बढुवा.................................................................५०
९.१. आन्तरिक प्रतियोगितात्मक (२५ प्रतिशत) को आधारमा हुने बढुवा..... ५७
९.२. कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवा (७५ प्रतिशत) .......... ५८
९.३. बढुवासम्बन्धी उजुरी र आयोगको निर्णय ..................................६१
परिच्छेद-१०........................................................... ५५
परामर्श र उजुरी...............................................................५५
परिच्छेद-११...........................................................५६
कार्यसम्पादन सुधार र नवप्रवर्तनात्मक कार्य........................................... ५६
११.१. आयोग दिवस ..........................................................56

११.२. अन्तरक्रिया र अभिमुखीकरण......56
११.३. सन्तुष्टि सर्वेक्षण......56
११.४. पाठ्यक्रम एवम् दरखास्त सङ्कलन......56
११.५. प्रश्नपत्र निर्माण र परीक्षण......56
११.६. अनुसन्धान र विकास......56९
११.७. डाटा ट्रान्सफरसम्बन्धी गरिएको व्यवस्था......५९
११.८. सेवा प्रवाह ......५८
परिच्छेद-१२...... ६०
समस्या तथा चुनौती ...... ६०
१२.१. समस्या...... ६०
१२.२. चुनौती ...... ६०
परिच्छेद-१३......६२
भावी कार्यदिशा र सुझाव ...... ६२
१३.१. भावी कार्यदिशा......६२
१३.२. सुझाव ......६३

## अनुसूचीहरू

अनुसूची १: आयोगका अध्यक्ष, सदस्यहरू र कर्मचारीहरूको विवरण

अनुसूची २: शिक्षक सेवा आयोगको दरबन्दी विवरण

अनुसूची ३: शिक्षक सेवा आयोगको सङ्गठनात्मक संरचना

अनुसूची ४: शिक्षक सेवा आयोगका शाखाहरूको कार्यविवरण

अनुसूची ५: शिक्षक सेवा आयोगको आ.व. २०८१/८२ को वार्षिक कार्यतालिका

अनुसूची ६: प्राथमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) को पदपूर्ति विवरण-२०८१/८२ (२०८०/८१ मा प्रकाशित विज्ञापनका आधारमा)

अनुसूची ७: निम्नमाध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) को पदपूर्ति विवरण-२०८१/८२ (२०८०/८१ मा प्रकाशित विज्ञापनका आधारमा)

अनुसूची ८: माध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) को शिक्षक पदपूर्ति विवरण-२०८१/८२ (२०८०/८१ मा प्रकाशित विज्ञापनका आधारमा)

अनुसूची ९: प्राथमिक तह, तृतीय श्रेणी, (खुला तथा समावेशी) पदपूर्ति विवरण २०८१

अनुसूची १०: निम्ममाध्यमिक तह, तृतीय श्रेणी, (खुला तथा समावेशी) पदपूर्ति विवरण २०८१

अनुसूची ११: माध्यमिक तह, तृतीय श्रेणी, (खुला तथा समावेशी) पदपूर्ति विवरण २०८१

अनुसूची १२: आ. व. २०८१/०८२ मा अन्तर्वार्ता तथा सिफारिस शाखाबाट २५% आन्तरिक वढुवामा भएको तहगत तथा श्रेणीगत सिफारिस सङ्ख्या

अनुसूची १३: आ.व. २०८१/८२ को भौतिक तथा वित्तीय प्रगति

अनुसूची १४: आ.व. २०८१/०८२ का लागि तोकिएका माइलस्टोन र प्रगति अवस्था

## तालिकाहरू

तालिका १: आयोगको विनियोजन वजेट र खर्च विवरण

तालिका २: राजस्व र धरौटीको विवरण

तालिका ३: बेरुजु र फछर्यौटको अवस्था

तालिका ४: अध्यापन अनुमतिपत्र परीक्षा योजना (License Examination Plan)

तालिका ५: लिखित परीक्षा योजना (Written Examination Plan)

तालिका ६: अध्यापन अनुमतिपत्रको वितरणको अवस्था

तालिका ७: हालसम्मको अध्यापन अनुमतिपत्र वितरणको अवस्था र विज्ञापनका सर्त
तालिका ८: आ. व. २०८१/८२ मा माध्यमिक र निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्र वितरणसम्बन्धी प्रदेशगत विवरण
तालिका ९: अध्यापन अनुमतिपत्रको परीक्षामा तहगत रूपमा उत्तीर्ण विवरण
तालिका १०: आ. व. २०८१/८२ मा वितरण गरिएका अध्यापन अनुमतिपत्रको विवरण
तालिका ११: शिक्षक अध्यापन अनुमतिपत्रको विज्ञापन र दरखास्त विवरण
तालिका १२: आ.व. २०८१/८२ को शिक्षक पदका लागि विज्ञापित सङ्ख्या र दरखास्त विवरण
तालिका १३: माग भएका पदसङ्ख्याहरूको प्रतिशत निर्धारण (नमुना)
तालिका १४: विगत तीन वर्षको शिक्षक पद (खुला तथा समावेशी) का दरखास्त विवरण
तालिका १५: प्रश्नपत्र निर्माण र परिमार्जनसम्बन्धी विवरण
तालिका १६: आ.व. २०८१/८२ मा निम्नमाध्यमिक तहको सामान्य परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या विवरण
तालिका १७: आ.व. २०८१/८२ मा माध्यमिक तहको सामान्य परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या विवरण
तालिका १८: आ.व. २०८१/८२ मा माध्यमिक तहको माग भएका, विषयगत परीक्षामा सहभागी भएका परीक्षार्थीको सङ्ख्या र उत्तीर्ण विवरण
तालिका १९: आ.व. २०८१/८२ मा माध्यमिक तहको उत्तरपुस्तिका परीक्षण सङ्ख्या विवरण

तालिका २०: आ.व. २०८१/८२ मा लिखित परीक्षा व्यवस्थापनमा परिचालित जनशक्ति विवरण
तालिका २१: समावेशी पदपूर्ति विवरण
तालिका २२: आ.व. २०८१/८२ मा प्राथमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) का लागि माग भएका, सिफारिस भएका, पदपूर्ति हुन बाँकी उम्मेदवारहरूको सङ्ख्या (आ. व. २०८०/८१ मा प्रकाशित विज्ञापनका आधारमा प्रदेशगत)
तालिका २३: आ.व. २०८१/८२ मा प्राथमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) का लागि माग भएका, सिफारिस भएका, पदपूर्ति हुन बाँकी उम्मेदवार सङ्ख्या विवरण (आ. व. २०८०/८१ मा प्रकाशित विज्ञापनका आधारमा जिल्लागत)
तालिका २४: आ.व. २०८१/८२ मा निम्नमाध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) का लागि सिफारिस भएका उम्मेदवार सङ्ख्या (प्रदेशगत)
तालिका २५: आ.व. २०८१/८२ मा निम्नमाध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) का लागि सिफारिस भएका उम्मेदवारहरूको विषयगत सङ्ख्या (प्रदेशगत)
तालिका २६: आ.व. २०८१/८२ मा माध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) का लागि प्रदेशगत र विषयगत रूपमा माग भएका सिफारिस भएका उम्मेदवार र सिफारिस हुन बाँकी पदसङ्ख्याको विवरण
तालिका २७: हालसम्म आयोगबाट सिफारिस भएका शिक्षकहरूको विवरण
तालिका २८: आ.व. २०८१/८२ मा आ.प्र. (२५ प्रतिशत) मार्फत बढुवा भएका शिक्षक विवरण
तालिका २९: आ.व. २०८१/८२ मा का.स.मू. (७५ प्रतिशत) मार्फत बढुवा भएका शिक्षक विवरण
तालिका ३०: आ. व. २०८१/८२ मा कार्यसम्पादन मूल्याङ्कन( ७५ प्रतिशत) मार्फत हुने बढुवाका लागि तीनै तह र श्रेणीका कुल विज्ञापन र आवेदन सङ्ख्या विवरण (प्रदेशगत रूपमा)

तालिका ३१: आ.व. २०८१/८२ मा का.स.मू. (७५ प्रतिशत) मार्फत हुने बढुवाको नतिजाउपर चित्त नबुझी पुनरवलोकनका लागि निवेदन दिनेहरूको विवरण
तालिका ३२: आ.व. २०८१/८२ मा का.स.मू. (७५ प्रतिशत) मार्फत हुने बढुवाको पुनरवलोकनपश्चात् को नतिजा विवरण
तालिका ३३: आ.व. २०८१/८२ मा दर्ता भएका मुद्दाको विवरण

## चित्रहरू

चित्र नं. १: पदपूर्तिसम्बन्धी कार्यप्रवाह (खुला तथा आन्तरिक)
चित्र नं. २: शिक्षक अध्यापन अनुमतिपत्रको दरखास्तको प्रवृत्ति
चित्र नं. ३: आ.व. २०८१/८२ को शिक्षक पद (खुला तथा समावेशी) का लागि विज्ञापित पद सङ्ख्या र दरखास्त प्रवृत्ति
चित्र नं. ४: विगत तीन वर्षको शिक्षक पद (खुला तथा समावेशी) को दरखास्त प्रवृत्ति
चित्र नं. ५: उत्तरपुस्तिका परीक्षण प्रक्रिया
चित्र नं. ६: कार्यसम्पादन मूल्याङ्कनमार्फत हुने बढुवा ( ७५ प्रतिशत) प्रक्रिया

## सङ्क्षेपीकरण

| | |
|---|---|
| अ.अ.प. : | अध्यापन अनुमतिपत्र |
| आ.ज.: | आदिवासी जनजाति |
| आ.प्र.: | आन्तरिक प्रतिस्पर्धा |
| आ.व.: | आर्थिक वर्ष |
| उ.पु.: | उत्तरपुस्तिका |
| एस.एल.सी.: | स्कूल लिभिङ सर्टिफिकेट |
| क.अ.: | कम्प्युटर अपरेटर |
| का.स.मू.: | कार्यसम्पादन मूल्याङ्कन |
| द.महिला: | दलित महिला |
| ना.सु.: | नायब सुब्बा |
| नि.मा.वि.: | निम्नमाध्यमिक विद्यालय |
| प्रा.वि.: | प्राथमिक विद्यालय |
| पि.क्षे. : | पिछडिएको क्षेत्र |
| मा.वि.: | माध्यमिक विद्यालय |
| शि.वि. नि.: | शिक्षा विकास निर्देशनालाय |
| CDC: | Curriculum Development Center |
| CEHRD: | Center for Education and Human Resource Development |
| EDCU: | Education Development and Coordination Unit |
| MOEST: | Ministry of Education, Science and Technology |

# परिच्छेद - १

# शिक्षक सेवा आयोगको गठन र कार्यक्षेत्र

## १.१. ऐतिहासिक पृष्ठभूमि

सामुदायिक विद्यालयहरूमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा योग्यता प्रणाली र स्वस्थ प्रतिस्पर्धाका माध्यमबाट योग्य एवम् सक्षम शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने र विद्यालयमा अध्यापन गर्न चाहने व्यक्तिलाई अध्यापन अनुमतिपत्र दिने लगायतका काम गर्न विधिवत् रूपमा शिक्षक सेवा आयोगको गठन भएको हो।

शिक्षक सेवा आयोगको ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदा नेपालमा शिक्षक नियुक्ति लगायतका सेवा सर्तका सम्बन्धमा सर्वप्रथम देशभरी एकै प्रकारको शिक्षक सेवा पद्धतिको स्थापना गर्ने कार्य राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ ले गरेको हो । यस योजनाले सर्वप्रथम शिक्षक सेवाको गठन गर्दै प्रत्येक जिल्लामा शिक्षक सेवा आयोग गठन हुने व्यवस्था गरेको थियो । उक्त आयोगलाई प्रत्येक जिल्लामा शिक्षक सेवाको गठन र सबै प्रकारका शिक्षकहरूको दरबन्दी निर्धारण, नियुक्ति र पदोन्नति, सरुवा र खारेज गर्ने जिम्मेवारी रहेको थियो ।

तत्कालीन अवस्थामा शिक्षक छनोट सम्बन्धमा विभिन्न समयमा गठित क्षेत्रीय र जिल्ला शिक्षक छनोट समितिबाट शिक्षक छनोटसम्बन्धी काम भएको मा उक्त कार्यको निष्पक्षता, पारदर्शिता र विश्वसनीयतामा प्रश्न उठ्नुका साथै नतिजा प्रकाशनमा समेत ढिलाइ हुने जस्ता समस्याले गर्दा शिक्षक पदपूर्तिलाई अझ बढी निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउने उद्देश्यका साथ शिक्षा ऐन (संशोधनसहित), २०२८ को दफा ११ख. अनुसार सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिस गर्न शिक्षक सेवा आयोगको गठन भएको हो । स्थापनाकालमा राष्ट्रिय शिक्षक सेवा आयोग नाम रहेकोमा शिक्षा ऐनको सातौं संशोधनले नाम परिवर्तन गरी शिक्षक सेवा आयोग बनाएको हो । शिक्षा ऐन, २०२८ को सातौं संशोधनले आयोगबाट अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदको उम्मेदवार हुन नपाउने व्यवस्था गरेपछि आयोगको कार्यक्षेत्र थप विस्तार भयो । आयोगको कार्यसम्पादनलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपाल सरकारबाट शिक्षक सेवा आयोग नियमावली, २०५७ जारी भएको छ । नेपालको संविधानको धारा २४३ (२) को स्पष्टीकरणले शिक्षक सेवा आयोगलाई एउटा सङ्गठित संस्थाभन्दा भिन्न रूपमा रहने सङ्केतसमेत गरेको छ।

## १.२. आयोगको उद्देश्य

शिक्षक सेवा आयोगको मुख्य उद्देश्य सक्षमतामा आधारित शिक्षक छनोट, कार्यसम्पादनमा निष्पक्षता र उत्कृष्टता रहेको छ । शिक्षक सेवा आयोगले योग्यतामा आधारित शिक्षक छनोट गर्दा प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुने उम्मेदवारहरूले छनोट परीक्षामा प्रदर्शन गरेको क्षमताका साथै शैक्षिक पृष्ठभूमि र व्यावसायिक अनुभवलाई समेत जोड दिने गरेको छ । कार्यसम्पादनमा निष्पक्षता भन्नाले शिक्षक सेवा आयोगले शिक्षक छनोटको काममा वस्तुनिष्ठता कायम गर्दै निष्पक्ष रूपमा सम्पन्न भएको सुनिश्चित गर्नु हो। अर्को मुख्य उद्देश्य शिक्षक छनोटको कार्यमा उत्कृष्टता हासिल गर्नु हो । यसरी शिक्षक सेवा आयोगले आफ्नो

कार्यसम्पादनमा निष्पक्षता, स्वच्छता र उत्कृष्टता सुनिश्चित गर्दै दक्ष शिक्षकको छनोटबाट शिक्षा क्षेत्रमा प्रभावकारिता अभिवृद्धि गरी सार्वजनिक शिक्षा प्रणालीमा सुधार ल्याउन योगदान पु-याउने प्रयास गरेको छ ।

## १.३. शिक्षक सेवा आयोगको गठन

शिक्षा ऐन (संशोधन), २०२८ को दफा ११ख. अनुसार सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरवन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाका लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने प्रावधानबमोजिम यो आयोग गठन भएको हो ।

आयोगमा अध्यक्ष र एकजना महिलासहित अन्य दुई जना सदस्य रहने छन् । आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्तिका लागि सिफारिस गर्न नेपाल सरकारले लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति र मन्त्रालयको सचिव सदस्य रहेको एक समिति गठन गर्ने र सो समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारले अध्यक्ष र सदस्यमा नियुक्त गर्ने व्यवस्था छ । आयोगको स्थापना कालदेखि हालसम्मका पदाधिकारीहरू तथा प्रतिवेदन तयार पार्दासम्मका यस आयोगका कर्मचारीहरूको नामावली अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

## १.४. सदस्यको लागि चाहिने योग्यता

ऐनको दफा ११ग. अनुसार आयोगको सदस्य पदमा नियुक्ति हुनका लागि देहायका योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,
(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,
(ग) नियुक्त हुनुभन्दा कम्तीमा दुई वर्ष अगाडिदेखि कुनै राजनैतिक दलको सदस्य नरहेको,
(घ) चालीस वर्ष उमेर पूरा भएको,
(ङ) अध्यक्षको लागि नेपाल सरकारका विशिष्ट श्रेणीको अनुभव प्राप्त गरेको र सदस्यका लागि कानुन, शिक्षा र प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको ।

यसरी नियुक्त पदाधिकारीहरूको पदावधि पाँच वर्षको हुने व्यवस्था रहेको छ । आयोगको एक छुट्टै सचिवालय हुने र सो सचिवालय काठमाडौं उपत्यकाभित्र रहने व्यवस्थाबमोजिम यसको सचिवालय सानोठिमी भक्तपुरमा अवस्थित छ र आयोगका वरिष्ठ कर्मचारीले आयोगको सचिव भई काम गर्ने व्यवस्थाबमोजिम आयोगका प्रशासकीय प्रमुख (सहसचिव) ले आयोगको सचिव भई काम गर्ने गरेको अवस्था छ।

## १.५. आयोगको काम, कर्तव्य र अधिकार

शिक्षा ऐन, २०२८ र शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार आयोगको काम, कर्तव्य र अधिकार यसप्रकार रहेको छ।

१. शिक्षकको स्थायी नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने,
२. विद्यालयमा अध्यापन गर्न चाहने व्यक्तिलाई अध्यापन अनुमतिपत्र दिने,

३. अध्यापन अनुमतिपत्रका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी कार्य गर्ने,
४. शिक्षकको सेवा, सर्त र सुविधासम्बन्धी विषयमा मन्त्रालयलाई सुझाव दिने,
५. शिक्षकको नियुक्ति तथा बढुवाका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी अन्य कार्य गर्ने,
६. उजुरी परेको अवस्थामाबाहेक नतिजा प्रकाशन भएको एक वर्षपछि परीक्षासम्बन्धी कागजात धुल्याउने,
७. कानुनबमोजिम आयोगले सम्पादन गर्नुपर्ने कामकारबाहीको विषयमा आवश्यकतानुसार निरीक्षण तथा जाँचबुझ गर्ने,
८. आयोगको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकारसमक्ष पेस गर्ने ।

# परिच्छेद-२

# आयोगको कार्यसम्पादनका आधार

## २.१. कानुनी आधार

शिक्षक सेवा आयोगले आफूलाई प्राप्त जिम्मेवारी अनुरूपको कार्यसम्पादनका लागि निम्नलिखित ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरूको प्रयोग गर्दै आएको छ ।

१. शिक्षा ऐन, २०२८
२. शिक्षक सेवा आयोग नियमावली, २०५७
३. शिक्षा नियमावली, २०५९
४. सम्बन्धित अन्य प्रचलित ऐन नियमहरू
५. आयोगद्वारा स्वीकृत निर्देशिका तथा कार्यविधिहरू

## २.२. आयोगद्वारा स्वीकृत निर्देशिका तथा कार्यविधिहरू

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ५३ ले यस नियमावलीमा व्यवस्था भए बाहेक आयोगबाट गरिनुपर्ने कामकारबाही व्यवस्थित गर्न आयोगले शिक्षा ऐन र शिक्षक सेवा आयोग नियमावलीको प्रतिकूल नहुने गरी कार्यविधि निर्धारण गर्न सक्ने र सोही नियमावलीको नियम ५४ मा आफ्नो कामकारबाही सुचारु रूपले सञ्चालन गर्नका लागि शिक्षा ऐन र शिक्षक सेवा आयोग नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका जारी गर्न सक्ने व्यवस्था गरेबमोजिम हालसम्म आयोगबाट निम्नबमोजिमका कार्यविधि तथा निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

क) शिक्षक सेवा आयोग कार्यसञ्चालन कार्यविधि, २०७८
ख) शिक्षक सेवा आयोग परीक्षा सञ्चालन निर्देशिका, २०७६
ग) उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण निर्देशिका, २०७६
घ) शिक्षक सेवा आयोग अन्तर्वार्ता सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९
ङ) अध्यापन अनुमतिपत्र वितरण कार्यविधि, २०७८
च) उत्तरपुस्तिका (पहिलो र दोस्रो) कोडिङङ गर्ने निर्देशिका, २०६९
छ) कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने शिक्षक पदको बढुवासम्बन्धी कार्यविधि, २०७९
ज) आयोगका कर्मचारी तथा विज्ञहरूका लागि आचारसंहिता, २०७८
झ) अध्यापन अनुमतिपत्र वितरण र व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८०
ञ) परीक्षा अनुगमन कार्यव्यवस्थाको मापदण्ड,२०८१

# परिच्छेद - ३

# प्रशासनिक तथा वित्तीय स्थिति

## ३.१. शिक्षक सेवा आयोगको सङ्गठन संरचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०३/०३ गतेको निर्णयअनुसार शिक्षक सेवा आयोगको अद्यावधिक सङ्गठन संरचना र दरबन्दी स्वीकृत भई राष्ट्रिय किताबखाना (निजामती) मा पद दर्ता भइसकेको छ । शिक्षक सेवा आयोगको हाल केन्द्रीय कार्यालयमात्र रहेको छ । आयोगको प्रशासनिक कार्य गर्ने तथा आयोगको सचिव भई काम गर्ने जिम्मेवारी प्रशासकीय प्रमुख (सहसचिव) को रहेको छ । आयोगका तोकिएका कार्यसम्पादनका लागि प्रशासकीय प्रमुख मातहत रहने गरी निम्न शाखाहरू रहेका छन् ।

- क) अध्यापन अनुमतिपत्र शाखा
- ख) लिखित परीक्षा शाखा
- ग) बढुवा शाखा
- घ) पाठ्यक्रम, तथ्याङ्क, विज्ञापन, क्षमता विकास तथा अनुसन्धान शाखा
- ङ) प्रश्नपत्र निर्माण तथा परिमार्जन शाखा
- च) अन्तर्वार्ता तथा सिफारिस शाखा
- छ) कानुन तथा फैसला कार्यान्वयन शाखा
- ज) योजना, प्रशासन तथा अनुगमन शाखा
- झ) आर्थिक प्रशासन शाखा

शिक्षक सेवा आयोगको सङ्गठन संरचनाअनुसारको कार्यसम्पादन गर्न विभिन्न पद, श्रेणी, सेवा, समूह र उपसमूहमा तोकिएको सङ्ख्यामा कर्मचारीहरू रहने व्यवस्था छ । जसअनुसार हाल आयोगमा कुल ४० दरबन्दी कायम गरी अनुसूची २ बमोजिम दरबन्दी स्वीकृत गरिएको छ । शिक्षक सेवा आयोगको सङ्गठन संरचनाअनुसारका शाखाहरूले तोकिएका कार्यविवरणका आधारमा कार्यसम्पादन गर्नुपर्दछ । आयोगको सङ्गठनात्मक संरचना अनुसूची -३ र विभिन्न शाखाहरूको कार्यविवरण अनुसूची - ४ मा प्रस्तुत गरिएको छ ।

## ३.२. प्रशासकीय प्रमुख, राजपत्राङ्कित प्रथम श्रेणी (सहसचिव) को कार्यविवरण

आयोगका प्रशासकीय प्रमुख, राजपत्राङ्कित प्रथम श्रेणी (सहसचिव) को कार्य विवरण निम्नबमोजिम रहेको छ ।

१. आयोगको प्रशासकीय प्रमुखको हैसियतले गर्नुपर्ने कार्यहरू गर्ने गराउने,
२. आयोग र तालुक निकायबाट प्राप्त निर्देशन तथा कामकारबाहीहरू गर्ने गराउने,
३. कार्यालय प्रमुखको हिसाबले आयोगको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,
४. वार्षिक योजना तयार गर्ने र स्वीकृत वार्षिक योजना कार्यान्वयन गर्ने गराउने,
५. प्राप्त अख्तियारीबमोजिमको बजेटको कार्यान्वय गरी लेखा परीक्षण गराउने,
६. आयोगका कार्यक्रम कार्यान्वयनका लागि समन्वय गर्ने,

७. कार्यालयका सम्पत्ति र अभिलेखहरूको संरक्षण र व्यवस्थापन गर्ने गराउने,
८. वार्षिक कार्यक्रमहरू समयमै सम्पन्न गर्नका लागि निर्देशन, अनुगमन र नियन्त्रण गर्ने,
९. मन्त्रालय र आयोगकबिचमा समन्वय गर्ने,
१०. आयोगबाट निर्णय भएका कार्यहरू कार्यान्वयन गर्ने गराउने,
११. आयोगबाट स्वीकृत भएको अनुगमन योजना कार्यान्वयन गर्ने गराउने,
१२. वार्षिक बजेट तर्जुमा गर्ने, बजेट निकासा माग गर्ने, निकासा भएको रकमको खर्चको हिसाब रीतपूर्वक राख्ने, खर्चको फाँटवारी तयारी गर्ने, राजस्व तथा धरौटीको हिसाबकिताब राख्ने, प्रतिवेदन तयार पार्ने, लेखा परीक्षण गराउने र लेखा परीक्षणबाट कायम हुन आएको बेरुजुको लगत राख्ने र बेरुजु फछ्यौंट गर्ने गराउने,

## ३.३. आयोगको विनियोजित बजेट, खर्च, राजस्व, धरौटी र बेरुजु

आयोगको विगत चार आर्थिक वर्षको विनियोजित बजेट तथा खर्च र राजस्व तथा धरौटीको तुलनात्मक अवस्था र कायम भएको बेरुजु र फछ्यौंटको सङ्क्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

### ३.३.१. विनियोजित बजेट र खर्च

आ.व. २०७९/८०,२०८०/८१ र २०८१/०८२ मा भने खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापनदेखि सिफारिससम्मका कार्यका साथै बढुवातर्फका आन्तरिक प्रतियोगितात्मक परीक्षा, निम्नमाध्यमिक र माध्यमिक तहको अध्यापन अनुमतिपत्रको परीक्षा तथा प्रदेशस्तरमा विज्ञापित ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा कार्यहरू सम्पन्न भएकाले वित्तीय प्रगति उल्लेख्य रहन गएको छ । यससम्बन्धी विवरण तल तालिका नं. १ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १ : आयोगको विनियोजित बजेट र खर्च विवरण**

| क्र.सं. | आ.व. | ब.उ.शि.न | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २०७८/७९ | ३५०२१०१२३/४ | १३,४४,५०,००४ | १३,२९,७४,७८८ | ९८.९०% |
| २. | २०७९/८० | ३५०२१०१२३/४ | १८,५५,१४,९९६ | १७,९९,९८,९३० | ९७.०२% |
| ३ | २०८०/८१ | ३५०२१०१२३/४ | २०,४८,५२,११० | १७,७८,१४,७०८.९ | ८६.८० % |
| ४ | २०८१/८२ | ३५०२१०१२३/४ | १९,७९,३९,००० | १५,१०,५१,२३१ | ७६.३१ % |

आयोगको आर्थिक वर्ष २०८१/८२ को वित्तीय तथा भौतिक प्रगतिको विस्तृत विवरण र माइलस्टोन क्रमशः अनुसूची — १३ र १४ मा प्रस्तुत गरिएको छ ।

### ३.४.२. राजस्व र धरौटी

आयोगबाट भएका विज्ञापनबमोजिमको परीक्षा दस्तुरबापत आ.व. २०७८/७९, २०७९/८०, २०८०/८१ र २०८१/८२ मा क्रमशः रु. ५१,४८,६३,०९८/-, रु. ३०,७१,४५,९८७/-, रु. ३८,२९,०८,४५३/- र २८,०१,४९,६४६/- राजस्व सङ्कलन भएको छ । आ.व. २०७८/७९, २०७९/८० र २०८०/८१ मा परीक्षा सञ्चालनका कार्यक्रम नियमित रूपमा सुचारू भई राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि भएका मा आव २०८१/८२ मा प्राथमिक तहको शिक्षक पदपूर्तिका लागि विवरण प्राप्त नभएका कारण विज्ञापन हुन नसकी राजश्व सङ्कलनमा कमी हुन गई जम्मा राजस्व रु. २८,०१,४९,६४६/- सङ्कलन भएको छ । विगत चार आ.व.मा आयोगद्वारा सङ्कलित राजस्व र धरौटी रकमको विवरण तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ : राजस्व र धरौटीको विवरण**

| क्र.सं. | आ.व. | राजस्व रकम रु. | धरौटी रकम रु. |
|---|---|---|---|
| १ | २०७८/७९ | ५१,४८,६३,०९८/- | १,५०,०००/- |
| २ | २०७९/८० | ३०,७१,४५,९८७/- | २७,७३४/- |
| ३ | २०८०/८१ | ३८,२९,०८,४५३/- | २७,७३४/- |
| ४ | २०८१/८२ | २८,०१,४९,६४६/- | २७,७३४/- |

### ३.४.३. बेरुजु र फछ्र्यौटको अवस्था

यस आयोगको आ.व. २०६०/६१ देखि २०७५/७६ सम्मको बेरुजु रु. १,२८,२३,५०३/- रहेकोमा आ.व. २०७५/७६ मा रु. ३५,२२,११८/- फछ्र्यौट भई रु. ९३,०१,३८५/- बेरुजु बाँकी रहेको थियो। आ.व. २०७६/७७ मा रु. ८८,६५,६१७/- र आ.व. २०७७/७८ मा रु. ७,४३,२३५/-, आ.व. २०७८/७९ मा रु. १५,७४,६८२/- र २०७९/८० मा रु. ४०,५५,१४२ बेरुजु थप हुन गई जम्मा बेरुजु रु. २,८०,६२,१८९/- पुग्न गएकोमा सो बेरुजुमध्ये आ.व. २०७६/७७ मा रु. १४,३२,९४८/- बेरुजु फछ्र्यौट भयो भने पछिल्ला चार आ.व.मा कुनै पनि बेरुजु फछ्र्यौट हुन नसकेको अवस्था छ । यसरी हालसम्म कुल बाँकी बेरुजु रु. २,३६,४३,५०१/- रहेको छ । उक्त बेरुजुमध्ये नियमित गर्नुपर्ने रु. ७०,९५,०३२। रहेको छ । हालसम्मको कुल बेरुजु र फछ्र्यौटको अवस्था तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ : बेरुजु र फछ्र्यौटको अवस्था**

| क्र. सं. | आ.व. | कुल बेरुजु रु. | फछ्र्यौट रु. | बाँकी बेरुजु रु. |
|---|---|---|---|---|
| १ | २०७५/७६ सम्मको | १,२८,२३,५०३/- | ३५,२२,११८/- | ९३,०१,३८५/- |
| २ | २०७६/७७ | ८८,६५,६१७/- | १४,३२,९४८/- | ७४,३२,६६९/- |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०७७/७८ | ७,४३,२३५/- | — | ७,४३,२३५/- |
| ४ | २०७८/७९ | १५,७४,६८२/- | — | १५,७४,६८२/- |
| ५ | २०७९/८० | ४०,५५,१५२/- | — | ४०,५५,१५२/- |
| ६ | २०८०/८१ | ७,५६,७१८/- | — | ७,५६,७१८/- |
| | **जम्मा** | २,८८,१८,९०७/- | ४९,५५,९४८/- | २,३८,६२,९५९/- |

## ३.४ आयोगको कार्यसम्पादनका सिद्धान्तहरू

### ३.४.१. योग्यताको सिद्धान्त (Principle of Merit)

आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा उच्चतम अङ्क प्राप्त गरी अग्रस्थानमा रहेका उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिन्छ । सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, शिक्षण सिप, अभिवृत्ति आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रमबमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान हुने विश्वास गरिन्छ।

### ३.४.२. निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)

आयोगका निर्णय र परीक्षासम्बन्धी कामकारबाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ। सबै उम्मेदवारलाई छनोट पक्रियामा समान व्यवहार गरिन्छ । कुनै पनि उम्मेदवारलाई निजको व्यक्तिगत गुण (Individual Characteristics) र संलग्नता (Affiliation) का आधारमा नभई निजको योग्यता र सक्षमताको आधारमा छनोट गर्ने गरिन्छ ।

### ३.४.३. स्वच्छताको सिद्धान्त (Principle of Fairness)

आयोगले आफ्ना कामकारबाही स्वच्छ, निष्पक्ष एवम् विश्वसनीय ढङ्गबाट सम्पादन गर्ने गर्दछ । आयोगका काम कारबाहीलाई स्वच्छ र विश्वसनीय विधि तथा प्रक्रियासम्मत बनाउन आयोगले आफ्नो नियमावली, कार्यसञ्चालन निर्देशिका र कार्यविधिहरू जारी गरी सोहीबमोजिम कार्यसम्पादन गर्ने गर्दछ। आयोगका काममा कुनै पनि अवाञ्छित प्रभाव नपरोस् र विश्वसनीयता थप अभिवृद्धि गर्न सकियोस् भन्ने विषयमा आयोग निरन्तर सजग एवम् संवेदनशील रहँदै आएको छ ।

### ३.४.४. समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)

शिक्षक सेवाको स्थायी सेवा प्रवेशका लागि योग्यता पुगेका सबै नेपाली नागरिकलाई आयोगबाट सञ्चालन हुने प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन समान रूपमा अवसर प्रदान गरिन्छ । आयोगबाट भएका विज्ञापनमा तोकिएको योग्यता पुगेका प्रत्येक नेपाली नागरिकलाई दरखास्त पेस गर्ने र परीक्षाको माध्यमबाट छनोट हुने समान अवसरको सुनिश्चितता गरिएको छ।

### ३.४.५. समावेशिताको सिद्धान्त (Principle of Inclusiveness)

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा संवैधानिक मार्गदर्शन तथा प्रचलित कानुनमा भएको व्यवस्थाबमोजिम समावेशी समूहका लागि प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गर्ने र परीक्षाको माध्यमबाट समावेशी समूहका उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिस गर्दछ । संविधान र विद्यमान कानुनमा व्यवस्था भएबमोजिम समावेशी व्यवस्थाको कार्यान्वयनमार्फत समावेशी र सहभागितामूलक राज्य निर्माणमा आयोग सदैव प्रतिबद्ध रही आएको छ ।यसै अनुरूप आयोगबाट महिला आरक्षणलाई दलित महिला र मुस्लिम महिला गरी दुई भागमा छुट्याई शिक्षक सेवामा महिला सहभागितालाई अझ बढी समावेशी बनाउन खोजिएको छ ।

### ३.४.६. द्वैध अन्धताको सिद्धान्त (Principle of Double Blinding)

पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइँदैन र सोको जानकारीसमेत दिइँदैन । उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो, थाहा पाउँदैनन् । प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारीसमेत कुन प्राप्ताङ्क कुन उम्मेदवारको हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छन् । नतिजा प्रकाशन गर्ने शाखाले सफल परीक्षार्थीहरूको नाममात्र थाहा पाउँछ तर प्राप्ताङ्क थाहा पाउँदैन । अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता लिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनभिज्ञ रहन्छन् । त्यस्तै आयोगका हरेक शाखाहरूलाई विशिष्टीकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ ।

### ३.४.७. परिचय-शून्यताको सिद्धान्त (Principle of Identity Masking)

उत्तरपुस्तिका परीक्षण गर्नुअघि दोहोरो कोडिङ (Double Coding) प्रक्रियामार्फत उक्त उत्तरपुस्तिकाबाट उम्मेदवारको विवरण समावेश भएको परिचय खुल्ने भाग अलग गरिन्छ। उत्तरपुस्तिका परीक्षणपश्चात् वैयक्तिक पहिचानविहीन रूपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ। अन्तर्वार्तालगायत छनोट प्रक्रियाका सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात् मात्र अन्तिम नतिजा प्रकाशनका लागि छनोट हुने उम्मेदवारको वैयक्तिक पहिचान डिकोडिङ (Decoding) प्रक्रियामार्फत पत्ता लगाइन्छ ।

### ३.४.८. असंलग्नताको सिद्धान्त (Principle of Non-Involvement)

आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विषय विज्ञ/दक्षका नातेदार उम्मेदवार रहेमा त्यस्ता पदाधिकारी, कर्मचारी वा विषय विज्ञ/दक्षलाई उक्त परीक्षाको नतिजा प्रकाशनसम्मको प्रक्रियामा संलग्न गराइँदैन ।

### ३.४.९. गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)

आयोगले परीक्षा प्रणालीलाई विश्वसनीय बनाउने प्रयोजनका लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा गोपनीयता कायम गर्दछ। आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरूको निर्माण, परिमार्जन र छनोटको कार्य पूर्ण गोप्य रहन्छ । आयोगको अनलाइन डाटाबेसमा रहेका व्यक्तिगत उम्मेदवारको सूचनाहरूसमेत गोप्य रहेको सुनिश्चित गरिन्छ । यसरी पदपूर्ति प्रक्रियाका चरणहरूमा पूर्ण गोपनीयताका साथै गुणस्तरीयता सुनिश्चित गरिन्छ ।

### ३.५. कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

शिक्षक सेवाका विभिन्न पदमा उपयुक्त उम्मेदवार छनोट तथा सिफारिस गर्नका लागि आयोगले अवलम्बन गरेको कार्य प्रक्रिया देहायबमोजिम रहेको छ :-

#### ३.५.१. वार्षिक कार्यतालिका

आयोगले हरेक आर्थिक वर्षको पहिलो दिन पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गर्दछ । शिक्षक सेवाका विभिन्न तह (प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तह) को खुला प्रतियोगितात्मक परीक्षा, कार्यसम्पादन मूल्याङ्कनका आधारमा गरिने बढुवा (७५ प्रतिशत) र आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा गरिने बढुवा (२५ प्रतिशत) का लागि कार्यतालिका तयार गरी लागु गर्ने गरिएको छ। आयोगबाट आ. व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यतालिका अनुसूची - ५ मा प्रस्तुत गरिएको छ ।

#### ३.५.२. विज्ञापन प्रकाशन

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम११(ख) अनुसार देशभरका शिक्षा विकास तथा समन्वय इकाइबाट सामुदायिक विद्यालयका रिक्त शिक्षक पद सङ्कलन गरी आयोगमा पठाउनुपर्दछ । प्राप्त रिक्त दरबन्दीअनुसार आयोगले खुला, समावेशी, आन्तरिक प्रतिस्पर्धा र कार्यसम्पादनमा आधारित बढुवाद्वारा पदपूर्तिका लागि विज्ञापन गर्न प्रचलित कानुनबमोजिम प्रतिशत निर्धारण गर्दछ । यसरी छुट्याइएका पदपूर्ति गर्न लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन प्रकाशन गर्दछ। यसका साथै निम्नमाध्यमिक तह र माध्यमिक तहको शिक्षक अध्यापन अनुमतिपत्रको पनि सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्दछ। यस्तो विज्ञापन तथा बढुवा सूचना गोरखापत्र राष्ट्रिय दैनिक तथा आयोगको वेबसाइटमार्फत सार्वजनिक गरिन्छ । आयोगले विज्ञापन वा बढुवा सूचना प्रकाशन गर्नुभन्दा अगाडि आवश्यक देखेमा प्राप्त भएको रिक्त पद सङ्ख्या यकिन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र सम्बन्धित निकायले यकिन गरी सो विवरण उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ ।

#### ३.५.३. दरखास्त सङ्कलन

विज्ञापन तथा बढुवा सूचना प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र खुला तथा आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइनमार्फत दरखास्त सङ्कलन गरिन्छ भने बढुवातर्फका दरखास्त फाराम आवेदक कार्यरत जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमा नै बुझाउनुपर्दछ ।

#### ३.५.४. लिखित परीक्षा

विज्ञापन प्रकाशन भएसँगै विज्ञापित पदको परीक्षा सञ्चालनका लागि विषय विज्ञ वा दक्षहरूको सेवा लिई प्रश्नपत्र तयार गरिन्छ । सङ्केत (Code) का आधारमा विषयविज्ञ वा दक्षबाट 'कच्चा' (Raw) प्रश्नपत्र निर्माण गराइन्छ र परीक्षामा प्रयोग हुने प्रश्नपत्र परिमार्जन (Moderation) गर्ने विषयविज्ञ वा दक्षलाई कच्चा प्रश्नपत्र निर्माण कुन विषयविज्ञ वा दक्षबाट गराइएको हो भन्ने बारेमा जानकारी हुँदैन। विषयविज्ञ वा दक्षबाट परिमार्जन भएका प्रश्नका सिलबन्दी सेट मध्येबाट आयोगबाट तोकिएका पदाधिकारीले

छनोट गरिदिएको प्रश्नसेट प्रयोग गरी आयोगबाट विज्ञापित पदका लागि तोकिएको मितिमा आयोगले लिखित परीक्षा सञ्चालन गर्दछ ।

### ३.५.५. उत्तरपुस्तिका कोडिङ र परीक्षण

लिखित परीक्षा सञ्चालन भएपछि सम्बन्धित उम्मेदवारहरूको उत्तरपुस्तिकामा अलगअलग जनशक्तिद्वारा दुई चरणमा प्रथम र द्वितीय कोड नम्बर राखी कोडिङ गरिन्छ र उम्मेदवारको व्यक्तिगत विवरण भएको भागलाई उत्तरपुस्तिकाबाट अलग गरी सिलबन्दी रूपमा छुट्टाछुट्टै स्थानमा राखिन्छ । यसरी कोडिङ भइसकेपछि आयोगले तोकेको पदाधिकारीबाट सम्बन्धित विषयविज्ञ वा दक्ष मनोनयन गरी परीक्षण गराइन्छ। लिखित परीक्षाका उत्तरपुस्तिका आयोगको कार्यालयमै विषयविज्ञ वा दक्षहरूद्वारा परीक्षण गराउने व्यवस्था गरिएको छ ।

### ३.५.६. लिखित परीक्षाको नतिजा, अन्तर्वार्ता र सिफारिस

सूचीकृत विषयविज्ञ वा दक्षहरूबाट उत्तरपुस्तिका परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क तथा माग पद सङ्ख्याको आधारमा शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ मा उल्लिखित व्यवस्थाबमोजिम माग पदभन्दा निश्चित थप सङ्ख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको सङ्केत नम्बरका आधारमा नतिजा स्वीकृत गरी नतिजामा समावेश भएका सङ्केत नम्बरमात्र नतिजा प्रकाशन गर्न अर्को शाखामा पठाइन्छ र सो शाखाबाट नाम डिकोड गरी नामको वर्णानुक्रमका आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिन्छ । लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको अन्तर्वार्ता एवम् सम्बन्धित पदको पाठ्यक्रम योजनाबमोजिमका परीक्षा सञ्चालन गरिन्छ । यसरी अन्तर्वार्तालगायत सबै चरणको परीक्षामा प्राप्त अङ्क र लिखित परीक्षाको प्राप्ताङ्कको कुल योगफलका आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई योग्यताक्रमका आधारमा माग पदसङ्ख्याअनुसार स्थायी नियुक्तिका लागि सिफारिस गरिन्छ । आयोगको पदपूर्तिसम्बन्धी कार्यप्रक्रियालाई चित्र नं. १ मा प्रस्तुत गरिएको छ।

चित्र नं १: पदपूर्तिसम्बन्धी कार्यप्रवाह (खुला तथा आन्तरिक)



# परिच्छेद - ४

# आयोगद्वारा सम्पादित कार्य

## ४.१.पाठ्यक्रम निर्माण

सक्षमतामा आधारित शिक्षक छनोट र कार्यसम्पादनमा निष्पक्षता र उत्कृष्टता भन्ने शिक्षक सेवा आयोगको उद्देश्यलाई पूरा गर्ने शिक्षक छनोटको मुख्य आधारको रूपमा पाठ्यक्रमलाई लिन सकिन्छ। सक्षमताका लागि स्तरीय र आवश्यक ज्ञान, सिप, क्षमता र गुणस्तरलगायतका विषयवस्तुहरूको आधारमा पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्नका लागि शिक्षक सेवा आयोग कार्यसञ्चालन कार्यविधिको दफा ५ बमोजिम  देहय अनुसारको पाठ्यक्रम समिति रहने व्यवस्था छ :-

| | |
|---|---|
| क) आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य | संयोजक |
| ख) आयोगका प्रशासकीय प्रमुख | सदस्य |
| ग) पाठ्यक्रम विकास केन्द्रका प्रमुख वा निजले तोकेको निर्देशक | सदस्य |
| घ) आयोगबाट मनोनीत एकजना विषय विशेषज्ञ वा दक्ष | सदस्य |
| ङ) सम्बन्धित शाखा प्रमुख | सदस्य-सचिव |

पाठ्यक्रम समितिले पाठ्यक्रम निर्माण र परिमार्जन गर्दा आवश्यकतानुसार विशेषज्ञ वा दक्षहरूसमेतको सहयोग लिने गरेको छ ।

हाल कार्यान्वयनमा रहेको प्रतिस्पर्धात्मक परीक्षाका लागि तयार गरिएको पाठ्यक्रम सम्बन्धित तहको शिक्षण सिकाइका लागि तयार गरिएको विद्यालय तहको पाठ्यक्रम, सम्वन्धित तहमा शिक्षण गर्नका लागि तोकिएको योग्यताको विश्वविद्यालय वा विद्यालय तहको पाठ्यक्रम, सम्बन्धित तहभन्दा माथिल्लो तहका लागि तयार गरिएको सम्बन्धित विषयको पाठ्यक्रम, समसामयिक शिक्षण सिकाइका विषयसँग सम्बन्धित मुद्धा र शिक्षण सिकाइमा उपयोग गर्नुपर्ने प्रविधि तथा अनुसन्धानका सुझावलाई आधार बनाएर तयार गरिएको छ । आयोगले पाठ्यक्रमलाई समयसापेक्ष बनाउन समयसमयमा नयाँ पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्दै आएको छ । हालसम्म अध्यापन अनुमतिपत्रका तहगत रूपमा माध्यमिक र निम्नमाध्यमिक तहका गरी २ ओटा, खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाका लागि प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक गरी तीन तहका विभिन्न विषयसमेत जम्मा ३८ ओटा पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा रहेका छन् ।

### ४.१.१. अध्यापन अनुमतिपत्रको पाठ्यक्रम

अध्यापन अनुमतिपत्रको तहगत रूपमा निम्नमाध्यमिक र माध्यमिक तहको पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । वस्तुगत ज्ञान, विषयवस्तुको ज्ञान र पेसागत ज्ञानजस्ता विषयहरूलाई समावेश गरी पाठ्यक्रम निर्माण गरिएको छ । यस पाठ्यक्रममा १०० पूर्णाङ्कको बहुवैकल्पिक प्रश्नबाट परीक्षा सञ्चालन गर्ने व्यवस्था गरिएको छ । वर्तमान स्वीकृत पाठ्यक्रमअनुसार अध्यापन अनुमतिपत्रको लिखित परीक्षाको योजना निम्नानुसार रहेको छ ।

| तालिका नं ४ : अध्यापन अनुमतिपत्र परीक्षा योजना (License Examination Plan) | | | | | | |
|---|---|---|---|---|---|---|
| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | अङ्कभार | परीक्षा प्रणाली | समय |
| क) वस्तुगत ज्ञान<br>ख) विषयगत ज्ञान<br>ग) पेसागत ज्ञान | १०० | ५० | ५० | २x५० | वस्तुगत/ बहुवैकल्पिक | १ घण्टा |

### ४.१.२. खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम ढाँचा

शिक्षक सेवा आयोग (दशौं संशोधन) नियमावली, २०५७ ले शिक्षक सेवा आयोगले लिने खुला प्रतियोगितात्मक परीक्षाको साबिकको ढाँचामा परिमार्जन गरी नयाँ व्यवस्था गरेबमोजिम सबै तहका लागि सामान्य र विषयगत गरी १००/१०० पूर्णाङ्क कायम गरिएको छ । वर्तमान पाठ्यक्रमअनुसार लिखित परीक्षाको योजना निम्नानुसार रहेको छ।

| तालिका नं. ५ : लिखित परीक्षा योजना (Written Examination plan) | | | | | | |
|---|---|---|---|---|---|---|
| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | अङ्कभार | परीक्षा प्रणाली | समय |
| **सामान्य परीक्षा**<br>(माध्यमिक र निम्नमाध्यमिक तहका सबै विषयहरू र प्राथमिक तहका लागि) | १०० | ५० | ५० | २x५० | वस्तुगत/ बहुवैकल्पिक | १ घण्टा |
| **विषयगत परीक्षा**<br>(माध्यमिक र निम्नमाध्यमिक तहमा सम्बन्धित विषयको विषयगत परीक्षा र प्राथमिक तहका लागि तहगत परीक्षा) | १०० | ४० | १० | १०x१० | विश्लेषणात्मक | ३ घण्टा |

### ४.१.३. शिक्षकको आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट हुने बढुवाको पाठ्यक्रम

शिक्षकहरूको बढुवाको आन्तरिक प्रतियोगितात्मक परीक्षा (२५प्रतिशत) तर्फ प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तह गरी प्रत्येक तहको प्रथम र द्वितीय श्रेणीका लागि छुट्टाछुट्टै पाठ्यक्रम निर्माण गरिएको छ। जसमा ४०% वस्तुगत प्रश्न र ६०% विषयगत प्रश्न गरी १०० पूर्णाङ्कको परीक्षा सञ्चालन गर्ने व्यवस्था रहेको छ ।

### ४.१.४. शैक्षिक योग्यता र पाठ्यक्रम

निम्नमाध्यमिक र माध्यमिक तहको अध्यापन अनुमतिपत्र र शिक्षक छनोटका लागि निर्धारण गरिएका न्यूनतम शैक्षिक योग्यता सम्बन्धमा देखिएका द्विविधाहरूको निराकरण गर्ने सिलसिलामा शिक्षक सेवा नियमावली, २०५७ को नियम ५३ ले दिएको अधिकारलाई प्रयोग गरी आयोगले विभिन्न निर्णयहरू गरेको छ।

## परिच्छेद - ५

## अध्यापन अनुमतिपत्रसम्बन्धी व्यवस्था

शिक्षा (सातौं संशोधन) ऐन, २०२८ को दफा ११ड ले गरेको व्यवस्थाअनुरूप शिक्षक बन्न अध्यापन अनुमतिपत्र चाहिने प्रावधान कानुनी रूपमै स्थापित भयो । उक्त कानुनी प्रावधान कार्यान्वयन गर्ने सन्दर्भमा कार्यरत सबै शिक्षकले ६ महिनाभित्र अस्थायी र ५ वर्षभित्र स्थायी अध्यापन अनुमतिपत्र लिनुपर्ने कानुनी प्रावधानसमेत शिक्षा ऐनमा समावेश भयो । शिक्षक बन्न शिक्षक अध्यापन अनुमतिपत्र आवश्यक पर्ने कानुनी व्यवस्था भएपश्चात वि.सं.२०५८ देखि हालसम्मको अवधिमा शिक्षा ऐनमा दुईपटक (सातौं संशोधन २०५८ र आठौं संशोधन २०७३) र शिक्षक सेवा आयोगको नियमावलीमा एघार पटक संशोधन भइसकेको छ । सो संशोधनहरूमा अध्यापन अनुमतिपत्रकै विषय (अध्यापन अनुमतिपत्रको विधि र आवश्यक योग्यताका विषय) मा ६क (५), ६ ख (क), ६ग, ६घ, ६घ (२) (क) , ६घ (३), ९,९ (२), ९ (५) गरी जम्मा ९ (नौ) ओटा नियममा संसोधन , ६ख (२) (२), १० (३), गरी तीन ओटा नियम उपनियम हटाएको र ४क१, क२, ६ क, ६ ख, ६ ख (ग), ६ ख (घ), ६ग, ६घ, ६घ (२) (क) , ६घ२(३), ६ङ, ६च, ९ (७), ९(८) ,९ (९) , १० (च१),१० (१) गरी १७ ओटा नियम उपनियम नियम थप गरिएको छ । शिक्षक व्यवस्थापनअन्तर्गत अध्यापन अनुमतिपत्रका सम्बन्धमा कानुन निर्माणको चरणभन्दापनि कार्यान्वयनको चरणमा समस्याहरू आउने र समाधानका लागि संशोधन हुने गरेको देखिन्छ । अध्यापन अनुमतिपत्र व्यवस्थापनसम्बन्धी एउटै कानुनी आधारको अभावका कारण पनि समस्या र द्विविधाहरू देखिएका छन् ।

अध्यापन अनुमतिपत्रसम्बन्धी भएका व्यवस्था र शिक्षक सेवा आयोगबाट कार्यान्वयनको अवस्थालाई तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६ : अध्यापन अनुमतिपत्र वितरणको अवस्था**

| क्र. सं. | कानुनी प्रावधान | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. | शिक्षा ऐन २०२८(संशोधनसहित), ११ ड (१) शिक्षक पदका उम्मेदवार बन्न अध्यापन अनुमतिपत्र आवश्यक हुने, शिक्षक सेवा आयोग नियमावली ,२०५९ (संशोधनसहित) परिच्छेद ३ को नियम (६ क) मा लिखित परीक्षा लिनुपर्ने प्रावधान रहेको र परीक्षा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक हुने । | ऐन नियममा व्यवस्था भएबमोजिम प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक तहमा विज्ञापनगत रूपमा सूचना प्रकाशन, परीक्षा सञ्चालन र नतिजा प्रकाशन गरी उत्तीर्ण उम्मेदवारलाई अध्यापन अनुमतिपत्र प्रदान गरिएको छ । जसअनुसार वि.सं. २०६० देखि वि. सं. २०८१ सम्म ४२ ओटा विज्ञापनबाट प्राथमिक तहमा २,०२,७४० जना, निम्नमाध्यमिक तहमा ४,२६,१५० जना र माध्यमिक तहमा १,९२,७१३ जना गरी जम्मा २,०५,४४२ जनाले अध्यापन अनुमतिपत्र प्राप्त गरेका छन् । |

| | | |
|---|---|---|
| २. | शिक्षक सेवा आयोगको नियमावली, २०५७ को ६(ख) बहालवाला शिक्षकलाई कक्षा अवलोकन वा प्रयोगात्मक विधिबाट अध्यापन अनुमतिपत्र दिने व्यवस्था गरेको । | तत्कालीन समयमा कार्यरत सबै शिक्षकले तोकिएको विधि (कक्षा अवलोकन) मार्फत अध्यापन अनुमतिपत्र प्राप्त गरेका छन् । |
| ३. | शिक्षक सेवा आयोगको नियमावली ,२०५७ को ६(घ) उपनियम ३ अनुसार कार्यरत शिक्षकहरूका लागि ससर्त अध्यापन अनुमतिपत्रको व्यवस्था भएको । | शिक्षक सेवा आयोगको नियमावली, २०५७ ले तोकेबमोजिम २०६३ /०८/०५ भन्दा अघि कार्यरत शिक्षकहरुको लागि ससर्त अध्यापन अनुमतिपत्र को विज्ञापन न. १६, १७, १८ खुलाई ५ वर्षभित्र तालिम पूरा गरेमा स्थायी अध्यापन अनुमतिपत्र दिने व्यवस्था कार्यान्वयन गरिएको, पुन: नियमावलीमा भएको व्यवस्थाबमोजिम तालिम पूरा गर्नुपर्ने अवधि २०७५ कार्तिक २२ सम्म कायम गरिएको थियो । |
| ४. | शिक्षक सेवा आयोगको नियमावली, २०५७ को ६ (ङ) माथिल्लो तहका लागि अध्यापन अनुमतिपत्र प्राप्त गरेको अवस्थामा तल्लो तहको शिक्षक पदमा उम्मेदवार हुन पाउने तर १० महिने तालिम आवश्यक हुने । | न्यूनतम योग्यताभन्दा माथिल्लो तहको अध्यापन अनुमतिपत्र लिएमा सोभन्दा तल्लो तहमा शिक्षक उम्मेदवार बन्न पाउने शिक्षा नियमावली, २०५९ को नियम ६(ङ) कानुनी प्रावधान कार्यान्वयन भइरहेको छ। |

| | | |
|---|---|---|
| ५. | शिक्षा ऐन,२०२८(आठौं संशोधन) को दफा ३९ र ४१ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो दफा प्रारम्भ हुँदाका बखत उच्चमाध्यमिक शिक्षा ऐन, २०४६ बमोजिमको उच्चमाध्यमिक विद्यालयमा कार्यरत शिक्षकलाई आयोगले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र अस्थायी अध्यापन अनुमतिपत्र दिनेछ र अस्थायी अध्यापन अनुमति प्राप्त गरेका शिक्षकले पाँच वर्षभित्र आयोगबाट स्थायी अनुमतिपत्र लिनुपर्नेछ । | ऐनले गरेको व्यवस्था कार्यान्वयनका लागि उच्चमाध्यमिक शिक्षा ऐन, २०४६ बमोजिमको तत्कालीन उच्चमाध्यमिक विद्यालयमा देशभर उच्चमाध्यमिक तहमा २०७३/०३/१५ गतेभन्दा अघि अनुदान, राहत र अस्थायी दरबन्दीमा कार्यरत शिक्षकलाई परीक्षा नलिई ६ महिनाभित्र सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट ११,२३९ अस्थायी अध्यापन अनुमतिपत्र वितरण गरिएको छ ।<br><br>अस्थायी अध्यापन अनुमतिपत्र पाएका शिक्षकको लागि २०७६/३/२ गते ससर्त विज्ञापन नम्बर ३५ अनुसार दरखास्त आव्हान गरिएको जसमा १,३१९ जना शिक्षक उत्तीर्ण भएका छन् । |
| ६. | शिक्षा ऐनको दफा ११ड (६क) अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि विज्ञान, कम्प्युटर विज्ञान, इन्जिनियरिङ, गणित, अङ्ग्रेजी, कार्यालय सञ्चालन तथा लेखा, कानुन, कृषि तथा पशु विज्ञान विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेका व्यक्ति सो विषयको अस्थायी अनुमतिको परीक्षामा उम्मेदवार बन्न पाउने र(६ग) त्यस्तो अनुमतिपत्रको अवधि पाँच वर्षको हुने । | आयोगबाट २०७६/०३/०२ गते विज्ञापन नं .३६ बाट अङ्ग्रेजी, गणित, विज्ञान, कम्प्युटर, लेखा, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, पशुपालन, बाली विज्ञान विषयका लागि तालिम अप्राप्त भए पनि आवेदन दिन सक्ने र २०८१ चैत्र मसान्तभित्र तालिम प्राप्त गरेमा स्थायी अ.अ.पत्र प्रदान गरिने व्यवस्था रहेको छ । |
| ७. | शिक्षक सेवा नियमावलीको नियम ९(७) बमोजिम विज्ञान, गणित, अङ्ग्रेजी, लेखा, कम्प्युटर विज्ञान कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, पशुपालन तथा बाली विज्ञान विषयबाट स्नातक तह उत्तीर्ण गरेको हकमा तालिम अप्राप्त भए पनि अध्यापन अनुमतिपत्र लिन वा शिक्षक पदमा उम्मेदवार बन्न पाउने । | शिक्षक सेवा आयोगबाट भएको विज्ञापन नं .३९ बमोजिम विज्ञान, गणित, अङ्ग्रेजी, लेखा, कम्प्युटर विज्ञान कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, पशुपालन तथा बाली विज्ञान विषयबाट स्नातक तह उत्तीर्ण गरेको हकमा तालिम अप्राप्त भए पनि अध्यापन अनुमतिपत्रको परीक्षामा सहभागी भई अध्यापन अनुमतिपत्र प्राप्त गरेका र ती उम्मेदवारले शिक्षक पदमा समेत उम्मेदवार बनेका । उत्तीर्ण शिक्षकले बढुवाका लागि तालिम लिनुपर्ने व्यवस्था रहेको छ । |

## (क) अध्यापन अनुमतिपत्रका लागि भएका विज्ञापन, उत्तीर्ण विवरण र विज्ञापनका सर्त

शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको अध्यापन अनुमतिपत्र दिने प्रयोजनका लागि छुट्टाछुट्टै परीक्षा सञ्चालन गर्दै आएको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६क को उपनियम (५) बमोजिम लिखित परीक्षाको पूर्णाङ्क एक सयमा न्यूनतम पचास अङ्क ल्याउने परीक्षार्थीलाई मात्र अध्यापन अनुमतिपत्र दिने प्रावधान रहेको छ । आर्थिक वर्ष २०६०/६१ देखि सुरु भएको अध्यापन अनुमतिपत्रका लागि हालसम्म जम्मा ४२ ओटा विज्ञापन भएको छ । जसबाट ८ लाख ३४ हजार बढी उम्मेदवार उत्तीर्ण भएका छन् । हालसम्म वितरण भएका अध्यापन अनुमतिपत्र स्थायी, अस्थायी, विषय उल्लेख भएका, सर्त तोकिएका म्यादी, स्थायी वा अस्थायी केही नलेखिएका प्रकृतिका रहेका छन् ।

अध्यापन अनुमतिपत्रसम्बन्धी भएका व्यवस्था र शिक्षक सेवा आयोगबाट हालसम्म भएको वितरणको अवस्था तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ : हालसम्मको अध्यापन अनुमतिपत्र वितरणको अवस्था र विज्ञापनका सर्त**

| वर्ष | विज्ञापन नं./प्रकार | तह | उत्तीर्ण सङ्ख्या | विज्ञापनका सर्त |
|---|---|---|---|---|
| २०६०-६१ | १ (खुला, स्थायी) | माध्यमिक | १८,२१८ | प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा कार्यरत र तोकिएको योग्यता हासिल गरी खुला सबैका लागि तालिम प्राप्त हुनुपर्ने, महिलाको हकमा तालिम प्राप्त नभए पनि तोकिएको शैक्षिक योग्यता पूरा गरेका व्यक्तिहरूले आवेदन दिन सक्ने |
| | २ (खुला, स्थायी) | निम्नमाध्यमिक | ३२,५९० | |
| | ३ (खुला, स्थायी) | प्राथमिक | ७०,१८० | |
| २०६१-२०६२ | ४ (खुला, स्थायी) | माध्यमिक | १५,३६६ | प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र तालिम पूरा गरेका व्यक्ति दरखास्तका लागि योग्य हुने । |
| | ५ (खुला, स्थायी) | निम्नमाध्यमिक | ३०,०२२ | |
| | ६ (खुला, स्थायी) | प्राथमिक | ६३,११३ | |
| २०६४ | ७ (खुला, स्थायी) | माध्यमिक | ९,७०१ | प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र दश महिने तालिम प्राप्त व्यक्ति दरखास्तका लागि योग्य हुने । |
| | ८ (खुला, स्थायी) | निम्नमाध्यमिक | ३०,६१६ | |
| | ९ (खुला, स्थायी) | प्राथमिक | ४,२६० | |
| २०६६ | १० (खुला, स्थायी) | माध्यमिक | १४,३५६ | प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका लागि तोकिएको न्यूनतम शैक्षिक |
| | ११ (खुला, स्थायी) | निम्नमाध्यमिक | ५३,०३५ | |

| | | | | |
|---|---|---|---|---|
| | १२ (खुला, स्थायी) | प्राथमिक | १८,९९६ | योग्यता र दश महिने तालिम प्राप्त व्यक्ति दरखास्तका लागि योग्य हुने । |
| २०६७ | १३ (खुला, स्थायी) | माध्यमिक | १०,४५२ | प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र दश महिने तालिम प्राप्त व्यक्ति दरखास्तका लागि योग्य हुने । |
| | १४ (खुला, स्थायी) | निम्नमाध्यमिक | ५४,३६९ | |
| | १५ (खुला, स्थायी) | प्राथमिक | १९,७९६ | |
| २०६७ | १६ (ससर्त, आन्तरिक) | माध्यमिक | ६,५१३ | मिति २०६३/०८/०५ गतेभन्दा अगाडि प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षक पदमा नियुक्त भई निरन्तर रूपमा हालसम्म कार्यरत सबै प्रकारका शिक्षकले तालिम नभए पनि परीक्षामा उमेदवार बन्न योग्य मानिने । तर त्यस्ता शिक्षकले २०७५/०७/२२ गते अगाडि तालिम पूरा गरी प्रमाण पेस गरेमा आयोगबाट स्थायी अध्यापन अनुमतिपत्र लिन सकिने । |
| | १७ (ससर्त, आन्तरिक) | निम्न माध्यमिक | १३,७६० | |
| | १८ (ससर्त, आन्तरिक) | प्राथमिक | २२,५१२ | |
| २०६८ | २१ (खुला, स्थायी) | माध्यमिक | २८९७३ | निमाध्यमिक र माध्यमिक तहका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र तालिम पूरा गरेका व्यक्ति दरखास्तका लागि योग्य हुने । |
| | २२ (खुला, स्थायी) | निम्नमाध्यमिक | ८५९२१ | |
| | २३ (अस्थायी, ससर्त) | माध्यमिक | ***(उतीर्ण परीक्षार्थीको तथ्याङ्क उपलब्ध नभएको)*** | मावि तहमा स्नातकोत्तर गरेका तर बिएड/एमएड वा दश महिने तालिम नभएका शिक्षकका लागि सम्बन्धित शि.वि.नि. मार्फत आयोगले लिखित परीक्षाद्वारा अस्थायी अध्यापन अनुमतिपत्रको परीक्षा सञ्चालन गरेको सो अध्यापन अनुमतिपत्रको अवधि दुई वर्षभित्र तालिम लिएमा स्थायी अध्यापन अनुमतिपत्र दिने । |

| | | | | |
|---|---|---|---|---|
| २०७० | २४ (खुला, स्थायी) | माध्यमिक | १२,००६ | निम्नमाध्यमिक र माध्यमिक तहका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र तालिम पूरा गरेका व्यक्ति दरखास्तका लागि योग्य हुने । |
| | २५ (खुला, स्थायी) | निम्नमाध्यमिक | ३३,६३४ | |
| २०७१ | २६ (खुला, स्थायी) | माध्यमिक | ११,१३२ | निम्नमाध्यमिक र माध्यमिक तहका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र तालिम पूरा गरेका व्यक्ति दरखास्तका लागि योग्य हुने । |
| | २७ (खुला, स्थायी) | निम्नमाध्यमिक | २८,२९४ | |
| २०७१ | २८ (खुला, स्थायी) | माध्यमिक | ४,९५६ | विज्ञान, गणित, अङ्ग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ,पशुपालन,बाली विज्ञान (९विषयमा) विषयका लागि तालिम प्राप्त नगरे पनि अध्यापन अनुमतिको परीक्षामा सहभागी हुने पाउने र अन्य विषयका लागि तालिम अनिवार्य गरिएको । |
| २०७२ | २९ (खुला, स्थायी) | माध्यमिक | ४,२८७ | निम्नमाध्यमिक र माध्यमिक तहका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र तालिम पूरा गरेका व्यक्ति दरखास्तका लागि योग्य हुने । |
| | ३० (खुला, स्थायी) | निम्नमाध्यिक | ३,०३४ | |
| २०७४ | ३१ (खुला, अस्थायी) | माध्यमिक | ९५४ | माध्यमिक तहमा स्नातकोत्तर गरेको तर बिएड/एमएड वा दश महिने तालिम नभएका शिक्षकका लागि आयोगले अस्थायी अध्यापन अनुमतिपत्रको परीक्षा सञ्चालन गरेको सो अध्यापन अनुमतिपत्रको अवधि २ वर्षभित्र तालिम लिएमा स्थायी अध्यापन अनुमतिपत्र लिनुपर्ने प्रावधान । |
| २०७६ | ३२ (खुला, स्थायी) | प्राथमिक | ३,८८३ | मान्यता प्राप्त शिक्षण संस्थबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिना अवधिको तालिम वा ४०० पूर्णाङ्कको शिक्षा विषय लिई माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरेको । |

| | | | | |
|---|---|---|---|---|
| | ३३ (खुला, स्थायी) | निम्नमाध्यमिक | ४,७३७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा २०० पूर्णाङ्कसहित परीक्षा दिन चाहेको कुनै एक विषय (नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक) मा प्रवीणता प्रमाणपत्र तह वा सोसरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिना अवधिको तालिम लिएको । |
| | ३४ (खुला, स्थायी) ३५ (खुला, आन्तरिक, ससर्त) र ३६ (खुला, स्थायी) | माध्यमिक | ८,४२१ | ***वि.नं.३४*** (खुला) को ***हकमा***<br><br>मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ३०० पूर्णाङ्कसहित परीक्षा दिन चाहेको कुनै एक विषय (नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, कार्यालय सञ्चालन तथा लेखा, कानुन, बाली विज्ञान, र पशु विज्ञान) मा कम्तीमा स्नातक तह वा सोसरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिना अवधिको तालिम लिएको । (खुला)<br><br>***वि.नं.३५ ससर्तको हकमा***<br><br>मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ३०० पूर्णाङ्कसहित आयोगबाट स्वीकृत भएका पाठ्क्रमहरूमध्ये कुनै एक विषय (नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, कार्यालय सञ्चालन तथा लेखा, कानुन, बाली विज्ञान, र पशु विज्ञान) मा स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी साबिक उच्चमाध्यमिक तहमा कार्यरत शिक्षकको |

| | | | | |
|---|---|---|---|---|
| | | | | हैसियतले अस्थायी अध्यापन अनुमतिपत्र लिइसकेका शिक्षक मात्र ।<br><br>*वि.नं.३६ ससर्तको हकमा*<br><br>मान्यता प्राप्त शिक्षण संस्थाबाट नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, कार्यालय सञ्चालन तथा लेखा, कानुन, बाली विज्ञान, र पशु विज्ञानमध्ये कुनै एक विषयमा कम्तीमा ३०० पूर्णाङ्कसहित स्नातक तह वा सोसरहको परीक्षा उत्तीर्ण गरेका व्यक्ति। |
| २०७९ | ३७ (खुला, स्थायी) | माध्यमिक | २३,०१२ | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र सङ्कायबाट स्नातक तह उतीर्ण गरेको वा अन्य सङ्कायबाट स्नातक तह उत्तीर्ण गरी शिक्षा विषयमा १० महिने तालिम पूरा गरेको व्यक्ति परीक्षामा उम्मेदवार हुन सक्ने । विज्ञान, गणित, अङ्ग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, पशुपालन, बाली विज्ञान (९विषयमा) विषयका लागि तालिम प्राप्त नगरे पनि विज्ञापनमा दरखास्त दिन सक्ने । |
| | ३८ (खुला, स्थायी) | निम्नमाध्यमिक | ३३,१५८ | मान्यताप्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको । |
| २०८० | ३९ (खुला, स्थायी) | माध्यमिक | २४,३६६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र सङ्कायबाट स्नातक तह उतीर्ण गरेको वा अन्य सङ्कायबाट स्नातक तह उतीर्ण |

| | | | | |
|---|---|---|---|---|
| | | | | गरी शिक्षा विषयमा १० महिने तालिम पूरा गरेको व्यक्ति परीक्षामा उम्मेदवार हुन सक्ने । विज्ञान, गणित, अङ्ग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, पशुपालन, बाली विज्ञान (९विषयमा) विषयका लागि तालिम प्राप्त नगरे पनि विज्ञापनमा दरखास्त दिन सक्ने । |
| | ४० (खुला, स्थायी) | निम्नमाध्यमिक | १३,००७ | मान्यताप्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको । |
| २०८१ | ४१ (खुला, स्थायी) | माध्यमिक | १२,७२९ | माध्यमिक तहका लागि शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ (१) बमोजिम अयोग्य नभएको र सोही नियमावलीको नियम ९(१)ग र ९(७) बमोजिम योग्यता पुगेका व्यक्ति र निम्नमाध्यमिक तहका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको वा २०० पूर्णाङ्कको शिक्षासम्बन्धी विषयसहित माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) उत्तीर्ण गरेको । |
| | ४२ (खुला, स्थायी) | निम्नमाध्यमिक | १०,९७४ | |
| | जम्मा | | ८,३४,३३१ | |

## (ख) माध्यमिक र निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्रसम्बन्धी प्रदेशगत विवरण

यस आ.व. मा विज्ञापन नं. ४१/०८१/८२ माध्यमिक तहको अध्यापन अनुमतिपत्रको विज्ञापनमा मुलुकभरिबाट ४४,५१० जनाले अनलाइन प्रणालीमार्फत दरखास्त फाराम भरेका थिए । उक्त विज्ञापनमा दरखास्त फाराम भर्नेमध्ये १२,७२९ जना उतीर्ण भएका थिए । यसै गरी विज्ञापन नं. ४२/ ०८१/८२ निम्नमाध्यमिक तहमा अनुमतिपत्रको विज्ञापनमा १,१९,६९९ जनाले

अनलाइन प्रणालीमार्फत दरखास्त फाराम भरेका थिए । उक्त विज्ञापनको परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने क्रममा परीक्षामा १०,९७४ परीक्षार्थी सफल भएका थिए । यससम्बन्धी प्रदेशगत विवरण तालिका नं. ९ मा दिइएको छ ।

**तालिका नं. ८ : आ.व.२०८१/०८२ मा माध्यमिक र निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्र वितरणसम्बन्धी प्रदेशगत विवरण**

**माध्यमिक तह, विज्ञापन नं. ४१ (नतिजा प्रकाशन मिति २०८१/०७/२७)**

| प्रदेश | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सूदुरपश्चिम प्रदेश | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| सम्मिलित सङ्ख्या | ६०९८ | ६५०० | ७५९४ | २६७२ | ५८०० | ३८०९ | ५३३१ | **३७,८०४** |
| उत्तीर्ण सङ्ख्या | २०१४ | १५३५ | २८९६ | ११८१ | २२०३ | १२५८ | १६४२ | **१२,७२९** |
| **निम्नमाध्यमिक तह, विज्ञापन नं. ४२ (नतिजा प्रकाशन मिति २०८१/०८/२६)** | | | | | | | | |
| प्रदेश | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सूदुरपश्चिम प्रदेश | **जम्मा** |
| सम्मिलित सङ्ख्या | १८६६२ | १९०३० | १४००३ | ८२२९ | २२७९२ | २०४९८ | १६४८५ | **१,१९,६९९** |
| उत्तीर्ण सङ्ख्या | २०८२ | १४२१ | १६८३ | ९२७ | २३१३ | १४४९ | १०९९ | **१०,९७४** |

## (ग) हालसम्म अध्यापन अनुमतिपत्रको परीक्षामा तहगत रूपमा उत्तीर्ण विवरण

हालसम्म आयोगबाट माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तहमा अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण हुनेहरूको सङ्ख्या निम्नानुसार रहेको छ ।

**तालिका नं. ९: अध्यापन अनुमतिपत्रको परीक्षामा तहगत रूपमा उत्तीर्ण विवरण**

| साल | माध्यमिक | निम्नमाध्यमिक | प्राथमिक |
|---|---|---|---|
| २०६१ | १८,२१८ | ३२,५९० | ७०,१८० |
| २०६२ | १५,३६६ | ३०,०२२ | ६३,११३ |
| २०६४ | ९,७०१ | ३०,६१६ | ४,२६० |
| २०६६ | १४,३५६ | ५३,०३५ | १८,९९६ |
| २०६७ | १६,९६५ | ६८,१२९ | ४२,३०८ |
| २०६८ | २८,९७३ | ८५,९२१ | - |
| २०७० | १२,००६ | ३३,६३४ | - |
| २०७१ | १६,०८८ | २८,२९४ | - |
| २०७२ | ४,२८७ | ३,०३४ | - |

| | | | |
|---|---|---|---|
| २०७४ | ९५४ | - | - |
| २०७६ | ८,४२१ | ४,७३७ | ३,८८२ |
| २०७८ | २३,०१२ | - | - |
| २०७९ | - | ३३,१५८ | - |
| २०८० | २४,३६६ | १२,००६ | |
| २०८१ | १२,७२९ | १०,९७४ | |
| **जम्मा** | **२,०५,४४२** | **४,२६,१५०** | **२,०२,७३९** |
| **आ.व. २०८१/८२ सम्ममा अध्यापन अनुमतिपत्र प्राप्त गर्नेको सङ्ख्या** = ८,३४,३३१ | | | |

**तालिका नं १०: आ.व. २०८१/८२ मा वितरण गरिएका अध्यापन अनुमतिपत्रको विवरण**

| क्र.सं. | महिना | संसोधन | नयाँ | स्थायी | प्रतिलिपि | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | साउन | ५७ | ९ | २० | १३ | ९९ |
| २ | भदौ | ३१ | ६ | १४ | ४ | ५५ |
| ३ | असोज | २० | ३ | ३१ | ६ | ६० |
| ४ | कार्तिक | ४ | २५ | २५ | ४ | ५८ |
| ५ | मङ्सिर | २५ | ५० | २० | १० | १०५ |
| ६ | पुस | ५५ | ६० | २६ | ६ | १४७ |
| ७ | माघ | १८३ | ६१ | ४१ | १९ | ३०४ |
| ८ | फागुन | ११२ | ३१ | २२ | ७ | १७२ |
| ९ | चैत्र | १८७ | ४३ | ११५ | ३ | ३४८ |
| १० | वैशाख | १४९ | ५६ | ६२ | १८ | २८५ |
| ११ | जेठ | ५५ | २७ | १६ | ५ | १०३ |
| १२ | असार | ४७ | २९ | १४ | ७ | ९७ |
| १३ | **जम्मा** | **९२५** | **४००** | **४०६** | **१०२** | **१८३३** |

# परिच्छेद- ६

# विज्ञापन र दरखास्त

## ६.१. शिक्षक अध्यापन अनुमतिपत्रको विज्ञापन र दरखास्त

शिक्षक अध्यापन अनुमतिपत्रको परीक्षाका लागि भएको विज्ञापनमा दरखास्त दिनेको सङ्ख्याको प्रवृत्ति पहिचान गर्न आ.व. २०७८/७९,२०७९/८०,२०८०/८१ र २०८१/८२ गरी चार वर्षमा भएका निम्नमाध्यमिक तह र माध्यमिक तहको विज्ञापन र दरखास्त विवरण तालिका नं. ११ मा र चित्र नं. २ मा देखाइएको छ ।

**तालिका नं. ११ :शिक्षक अध्यापन अनुमतिपत्रको विज्ञापन र दरखास्त विवरण**

| क्र. सं. | वर्ष | विज्ञापन नं | तह | दरखास्त सङख्या | उत्तीर्ण सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | २०७८ | ३७ | माध्यमिक | ६७,२६८ | २३,०१२ |
| २ | २०७९ | ३८ | निम्नमाध्यमिक | २,०६,६८० | ३३,१५८ |
| ३ | २०८० | ३९ | माध्यमिक | ५९,०७५ | २४,३६६ |
| ४ | २०८० | ४० | निम्नमाध्यमिक | १,७९,४३७ | १३,००७ |
| ५ | २०८१ | ४१ | माध्यमिक | ४४,५१० | १२,७२९ |
| ६ | २०८१ | ४२ | निम्नमाध्यमिक | १,१९,६९९ | १०,९७४ |

**चित्र नं. २ शिक्षक अध्यापन अनुमतिपत्रको दरखास्तको प्रवृत्ति**




माथिको तालिका नं. ११ लाई चित्र नं २ मा देखाइएको छ । दुवैले विगत तीन वर्षको निम्नमाध्यमिक तह र माध्यमिक तहको शिक्षक अध्यापन अनुमतिपत्रको दरखास्तको प्रवृत्ति देखाएको छ । गत वर्ष निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्रको दरखास्त दिनेको सङ्ख्या १,७९,४३७ भएकोमा यो सङ्ख्या घटेर यस वर्ष १,१९,६९९ भएको छ । त्यसैगरी माध्यमिक तहको शिक्षक अध्यापन अनुमतिपत्रको अघिल्लो वर्षमा दरखास्त दिनेको सङ्ख्या ५९,०७५ भएकोमा यस वर्ष यो सङ्ख्या पनि घटेर ४४,५१० रहेको छ । दुवै तहमा शिक्षक अध्यापन अनुमतिपत्रका लागि दरखास्त दिनेको सङ्ख्या घट्नुको मुख्य कारण युवा पुस्तामा शिक्षण पेसाप्रति आकर्षण घट्नु र श्रमबजारका अन्य क्षेत्रमा अवसर सिर्जना हुँदै जानु रहेका छन् ।

## ६.२. शिक्षक पदको विज्ञापन र दरखास्त

प्रतिवेदन अवधिमा निम्नमाध्यमिक र माध्यमिक तहका लागि मात्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत माग भई आएको सङ्ख्यामा खुलातर्फको विज्ञापन भएको थियो । प्राथमिक तहको माग पद प्राप्त नभएकाले उक्त तहको विज्ञापन हुन सकेन । तीनै तहका लागि कार्यक्षमताका आधारमा हुने बढुवा र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको विज्ञापन एकै पटक गरिएको थियो भने खुला प्रतियोगिताद्वारा हुने पदपूर्तिमा फरकफरक समय गरी दुई तहको दुईओटा सूचनामार्फत विज्ञापन गरिएको थियो । यस वर्ष निम्नमाध्यमिक र माध्यमिक तहमा प्रदेशगत रूपमा माग भएअनुसार विज्ञापन गरिएको थियो । विज्ञापित पद सङ्ख्या र सो पदका लागि परेका दरखास्त सङ्ख्याको विवरणलाई तलको तालिका नं. १२ र चित्र नं. ३ मा प्रस्तुत गरिएका छन् ।

**तालिका नं. १२ : आ.व. २०८१/८२ को शिक्षक पदका लागि विज्ञापित सङ्ख्या र दरखास्त विवरण**

| तह, श्रेणी | विज्ञापित पद सङ्ख्या | दरखास्त सङ्ख्या |
|---|---|---|
| निम्नमाध्यमिक, तृतीय | ६८६ | ५७,९८८ |
| माध्यमिक, तृतीय | ३७० | ३५,३५३ |
| आ.प्र. (२५ प्रतिशत), प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तह, प्रथम र द्वितीय श्रेणी | ६६३ | १४,२२९ |
| का.स.मू. (७५ प्रतिशत) ), प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तह, प्रथम र द्वितीय श्रेणी | १९६२ | २१,२५६ |

**चित्र नं. ३ : आ.व. २०८१/८२ को शिक्षक पद (खुला तथा समावेशी) का लागि विज्ञापित पद सङ्ख्या र दरखास्त प्रवृत्ति**




माथिको तालिका नं. १२ र चित्र नं. ३ दुवैमा आ.व. २०८१/८२ मा निम्नमाध्यमिक तथा माध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी)का लागि विज्ञापित पद र तिनका लागि  दरखास्त दिनेको सङ्ख्या तथा तीनै तहको आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवा र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवाका लागि  विज्ञापित सङ्ख्या र सोका लागि दरखास्त दिनेको सङ्ख्यालाई देखाइएको छ। उपर्युक्त तालिका तथा चित्रबाट तीनै तहमा शिक्षक पदको मागको अनुपातमा उल्लेख्य सङ्ख्यामा दरखास्त परेको देखिएको छ ।

## ६.३. विज्ञापित पदको प्रतिशत निर्धारण

आयोगले शिक्षक सेवा आयोग नियमावली,२०५७को नियम (८) बमोजिम शिक्षक सेवाका विभिन्न तह, श्रेणी र विषयमा रिक्त शिक्षक पद पदपूर्ति गर्नका लागि शिक्षक सेवा आयोग कार्यसञ्चालन कार्यविधि, २०७८ को अनुसूची -२ बमोजिमको ढाँचामा शिक्षक सेवा आयोगले शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट पदपूर्ति हुनुपर्ने रिक्त शिक्षकहरूको माग प्राप्त गर्दछ । माग प्राप्त भएपछि आयोगले तह, श्रेणी र विषयसँग सम्बन्धित प्रचलित कानुनमा निर्धारण गरिएको प्रतिशतको आधारमा पदपूर्ति गर्नुपर्ने शिक्षकको पद सङ्ख्या निर्धारण गर्दछ । यस आ.व.मा उदाहरणको रूपमा गण्डकी प्रदेशका जिल्लाहरूमा माग भएका शिक्षक पदको का.स.मू. तथा आ.प्र. मार्फत हुने बढुवामा विज्ञापन भएका पदहरूको प्रतिशत निर्धारणलाई निम्न अनुसार तालिकाद्वारा प्रस्तुत गरिएको छ।

तालिका नं १३: माग भएका पदसङ्ख्याहरूको प्रतिशत निर्धारण (नमुना)

| जिल्ला | तह | श्रेणी | सुरुको विज्ञापन | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोटा | ७५% | अभिलेख | पु. अभिलेख | २५% | अभिलेख | पु. अभिलेख |
| मुस्ताङ | प्रा. | द्वि. | ४ | ३ | –०.२५ | –०.२५ | १ | ०.२५ | ०.२५ |
| म्याग्दी | प्रा. | द्वि. | १० | ७ | ०.२५ | –०.२५ | ३ | –०.२५ | ०.२५ |
| बागलुङ | प्रा. | द्वि. | २० | १५ | ०.२५ | ०.२५ | ५ | –०.२५ | –०.२५ |
| पर्वत | प्रा. | द्वि. | १५ | १२ | –०.५ | ०.२५ | ३ | ०.५ | –०.२५ |
| कास्की | प्रा. | द्वि. | १० | ७ | ० | –०.५ | ३ | ० | ०.५ |
| मनाङ | प्रा. | द्वि. | २ | १ | ० | –०.५ | १ | ० | ०.५ |
| लमजुङ | प्रा. | द्वि. | ३ | | –०.२५ | –०.५ | १ | ०.२५ | ०.५ |
| नवलपरासी (ब.सु.पू.) | प्रा. | द्वि. | १२ | ९ | –०.२५ | –०.२५ | ३ | ०.२५ | ०.२५ |
| तनहुँ | प्रा. | द्वि. | १० | ८ | –०.५ | ० | २ | ०.५ | ० |
| गोर्खा | प्रा. | द्वि. | ७ | ६ | –०.५ | ०.२५ | | ०.५ | –०.२५ |

माथिको तालिका नं. १३ मा कुनै आ. व. मा प्राथमिक तहको द्वितीय श्रेणीमा हुने बढुवाका लागि माग भई आएको पदमा कार्यसम्पादन मूल्याङ्कन (७५ प्रतिशत) मार्फत हुने बढुवा पद सङ्ख्या र आन्तरिक प्रतियोगितात्मक परीक्षा (२५ प्रतिशत) मार्फत हुने बढुवा पद सङ्ख्यालाई तोकिएको प्रतिशत निर्धारण प्रक्रियाद्वारा कसरी कायम हुन्छ भन्ने तथ्यलाई देखाइएको छ । उदाहरणका लागि गण्डकी प्रदेशको कुनै तीन जिल्ला; म्याग्दी, कास्की र तनहुँबाट एउटै सङ्ख्या अथवा १० पद माग भएकोमा कास्की र म्याग्दी जिल्लामा क्रमश: ७ पद का.स.मू. का लागि र ३ पद आ.प्र. का लागि कायम भएको छ भने तनहुँ जिल्लामा १० पद माग भएता पनि का.स.मू. का लागि ८ पद र आ.प्र. का लागि २ पद कायम भएको छ । यद्यपि पुन: अभिलेखमा तनहुँ जिल्लाको लागि शून्य पद सञ्चित भइरहेको छ भने १० पद नै माग भएको म्याग्दी, र कास्की जिल्लाहरूको पुन: अभिलेखमा क्रमश: ०.२५ र ०.५ कायम भई सञ्चित रहेको छ । यसबाट के प्रष्ट हुन्छ भने अघिल्ला वर्षहरूमा सञ्चित भई अभिलेखमा बाँकी रहेका अङ्कका आधारमा पछिल्ला वर्षमा हुने विज्ञापनका लागि माग भई आएका पद सङ्ख्यामा जोडिने वा घट्ने र चालु वर्षमा विज्ञापन हुने पद सङख्याको प्रतिशत निर्धारण हुने गर्दछ ।

## ६.४. विगत तीन वर्षमा परेका दरखास्त

आर्थिक वर्ष २०७९/८० देखि २०८१/८२ को अवधिमा आयोगबाट तीनै तहमा गरिएका खुला तथा समावेशी समूहतर्फका विज्ञापनमा परेका दरखास्त विवरण तालिका नं. १४ तथा चित्र नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ : विगत तीन वर्षको शिक्षक पद (खुला तथा समावेशी) का दरखास्त विवरण**

| आ.व. / तह | २०७९/२०८० | २०८०/२०८१ | २०८१/२०८२ | कैफियत |
|---|---|---|---|---|
| **प्राथमिक** | १,१२,५८५ | १,०४,०७१ | | माग पद प्राप्त नभएको |
| **निम्नमाध्यमिक** | ७८,६४० | ७७,३१८ | ४८,९८८ | |
| **माध्यमिक** | ३८,३३१ | ४३,८८८ | ३५,३५३ | |

**चित्र नं. ४ : विगत तीन वर्षको शिक्षक पद (खुला तथा समावेशी) को दरखास्त प्रवृत्ति**




माथिको तालिका र चित्रले प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशीसमेत) का लागि दरखास्त दिनेको सङ्ख्यालाई देखाइएको छ । प्राथमिक तह र निम्नमाध्यमिक तहमा विगतका वर्षहरूभन्दा घट्दै गएको अवस्था देखाएको छ भने माध्यमिक तहमा २०७९ र २०८० सम्म क्रमश: बढेर ३८,३३१ र ४३,८८८ पुगेको छ भने २०८१ मा घटेर ३५,३५३ पुगेको देखाइएको छ । प्राथमिक तह र निम्नमाध्यमिक

तहमा दरखास्त दिनेको सङ्ख्या घट्नुको मुख्य कारण शिक्षा विषयमा कम्तीमा दुईसय पूर्णाङ्क अध्ययन गरी कक्षा १२ उत्तीर्ण गरेकाले मात्रै शिक्षक अध्यापन अनुमतिपत्रको परीक्षा दिन पाइने र उक्त परीक्षा उत्तीर्ण गरेकाले शिक्षक पदमा आवेदन दिन पाइने व्यवस्था हुनु र अर्को महत्वपूर्ण कारणमा कक्षा १२ उत्तीर्ण गरिसकेपछि विद्यार्थीहरू ठुलो सङ्ख्यामा उच्च शिक्षाको खोजीमा रहनु र शिक्षण पेसाभन्दा अन्य पेसालाई वृत्तिमार्गमा छनोट गर्नु हो । समग्रमा सबै तहमा दरखास्त सङ्ख्या क्रमशः घट्दै जानुले पछिल्ला वर्षहरूमा शिक्षण पेसामा आकर्षण कम हुँदै गएको देखिन्छ ।

# परिच्छेद-७

# परीक्षा र परीक्षण

## ७.१. प्रश्नपत्र निर्माण र परिमार्जन

प्रतिवेदन अवधिमा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको सामान्य र विषयगत परीक्षा, निम्नमाध्यमिक र माध्यमिक तहको अध्यापन अनुमतिपत्रको परीक्षा; प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको द्वितीय र प्रथम श्रेणी आन्तरिक प्रतियोगितात्मक परीक्षा (२५%) का लागि ९० सेट परिमार्जित प्रश्नपत्र निर्माण गरी परीक्षाका लागि ३० सेट प्रश्नपत्र छनोट गरी लिखित परीक्षा सञ्चालन गरिएको थियो । प्रश्नपत्र निर्माण र परिमार्जनको कार्य विभिन्न विषय विज्ञहरूको सहभागितामा गरिएको थियो । प्रयोगमा नआएका परिमार्जित प्रश्नहरू प्रश्नपत्र बैङ्कमा जम्मा गरी पछि सञ्चालन हुने परीक्षाहरुमा उपयोग गर्न सकिने व्यवस्था गरिएको छ । विषयगत परीक्षाहरूको उत्तरपुस्तिका परीक्षणमा विश्वसनीयता, वस्तुनिष्ठता र एकरूपता कायम गर्नका लागि उत्तरकुञ्जिका तयार गरी प्रयोग गरिएको थियो ।

**तालिका नं. १५: प्रश्नपत्र निर्माण र परिमार्जनसम्बन्धी विवरण**

| क्र. सं. | तह | प्रश्नपत्र परिमार्जन सेट | खर्च सेट | बाँकी सेट |
|---|---|---|---|---|
| १ | प्राथमिक | ३ | १ | २ |
| २ | निम्नमाध्यमिक | २४ | ८ | १६ |
| ३ | माध्यमिक (अध्यापन अनुमतिपत्र) | ३ | १ | २ |
| ४ | प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक २५% बढुवा (द्वितीय र प्रथम) | १८ | ६ | १२ |
| ५ | निम्नमाध्यमिक (अध्यापन अनुमतिपत्र) | ३ | १ | २ |
| ६ | माध्यमिक (सामान्य परीक्षा) | ३ | १ | २ |
| ७ | निम्नमाध्यमिक (सामान्य परीक्षा) | ३ | १ | २ |
| ८ | माध्यमिक (विषयगत परीक्षा) | ३३ | ११ | २२ |
| **जम्मा** | | ९० | ३० | ६० |

### ७.२. लिखित परीक्षा सञ्चालन

### ७.२.१. सामान्य परीक्षा

खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नका लागि सामान्य र विषयगत लिखित परीक्षा सञ्चालन गरिने व्यवस्थाअनुसार यस आ.व.मा निम्नमाध्यमिक र माध्यमिक तहको सामान्य परीक्षा सञ्चालन गरिएको थियो । आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन भएको प्रथम चरणको परीक्षामा निम्नमाध्यमिक तहमा ४८,९२८ जना र माध्यमिक तहमा २९,९६४ जना परीक्षार्थी सहभागी भएका थिए । प्रथम चरणमा उत्तीर्ण हुनका लागि ५० प्रतिशत अङ्क ल्याउनुपर्ने, गलत उत्तर दिएमा २० प्रतिशत अङ्क घटाइने र उत्तीर्ण उम्मेदवारले सामान्य परीक्षामा प्राप्त गरेको अङ्कको पचास प्रतिशत अङ्क विषयगत परीक्षामा जोडिने व्यवस्था छ । सामान्य परीक्षामा सम्मिलित भएका निम्नमाध्यमिक तह र माध्यमिक तहका परीक्षार्थीहरूको विवरण क्रमश: तालिका नं. १६ र तालिका नं. १७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६: आ.व. २०८१/८२ मा निम्नमाध्यमिक तहको सामान्य परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या विवरण**

| क्र. सं. | प्रदेश | माग पद सङ्ख्या | सामान्य परीक्षा | | |
|---|---|---|---|---|---|
| | | | सहभागी | उत्तीर्ण | प्रतिशत |
| १. | कोशी प्रदेश | २३० | १४०५५ | २९९५ | १७.०७ |
| २. | मधेश प्रदेश | ३६ | ३८०१ | ४६५ | १२.२३ |
| ३. | बागमती प्रदेश | १२४ | ७१६७ | १५६० | २१.७७ |
| ४. | गण्डकी प्रदेश | १५९ | ८२६७ | १८०५ | २१.८३ |
| ५. | लुम्बिनी प्रदेश | ७४ | ८६३३ | १५६५ | १८.१३ |
| ६. | कर्णाली प्रदेश | ३७ | ३४४३ | ५४२ | १५.७४ |
| ७. | सुदूरपश्चिम प्रदेश | २६ | ३५६२ | ६१६ | १७.२९ |
| जम्मा | | ६२६ | ४८९२८ | ८९४८ | १८.२९ |

माथिको तालिकाबाट शिक्षक सेवा आयोगको निम्नमाध्यमिक तहको सामान्य परीक्षामा सबैभन्दा बढी कोशी प्रदेशमा सहभागी भएको देखिन्छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा सहभागी भएको देखिन्छ । तर उत्तीर्ण हुनेमा गण्डकी प्रदेशमा सबैभन्दा बढी २१.८३ प्रतिशत देखिन्छ भने मधेश प्रदेशमा सबैभन्दा कम १२.२३ प्रतिशत उत्तीर्ण भएको देखिन्छ ।

**तालिका नं. १७: आ.व. २०८१/८२ मा माध्यमिक तहको सामान्य परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या विवरण**

| क्र.सं. | प्रदेश | माग पद सङ्ख्या | सामान्य परीक्षा | | |
|---|---|---|---|---|---|
| | | | सहभागी | उत्तीर्ण सङ्ख्या | उत्तीर्ण प्रतिशत |
| १. | कोशी प्रदेश | १३३ | ८६७३ | १८५५ | २१.३० |
| २. | मधेश प्रदेश | ३१ | २८५९ | ४२७ | १४.९१ |
| ३. | बागमती प्रदेश | ७८ | ५५०७ | १४२६ | २५.८८ |
| ४. | गण्डकी प्रदेश | ७६ | ५९२३ | १६०२ | २७.०३ |
| ५. | लुम्बिनी प्रदेश | २९ | ३७०८ | ८१६ | २१.९९ |
| ६. | कर्णाली प्रदेश | १० | १५२४ | २५४ | १६.६७ |
| ७. | सुदूरपश्चिम प्रदेश | १३ | १७७० | ४३० | २४.१४ |
| जम्मा | | ३७० | २९९६४ | ६८१० | २२.७२ |

माथिको तालिकाबाट शिक्षक सेवा आयोगको माध्यमिक तहको सामान्य परीक्षामा सबैभन्दा बढी कोशी प्रदेशमा सहभागी भएको देखिन्छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा सहभागी भएको देखिन्छ । तर, उत्तीर्ण हुनेमा गण्डकी प्रदेशमा सबैभन्दा बढी २७.०३ प्रतिशत देखिन्छ भने मधेश प्रदेशमा सबैभन्दा कम १४.९१ प्रतिशत उत्तीर्ण भएको देखिन्छ ।

### ७.२.२. विषयगत परीक्षा

यस आ.व.मा सञ्चालन भएका विषयगत परीक्षामा सहभागी भएका र सो परीक्षाबाट उत्तीर्ण भएका माध्यमिक तह, तृतीय श्रेणी (खुला र समावेशी) का परीक्षार्थीहरूको विवरण देहायअनुसारका तालिकाहरूमा देखाइएको छ ।

**तालिका नं. १८ : आ.व. २०८१/८२ मा माध्यमिक तहको माग भएका, विषयगत लिखित परीक्षामा सहभागी भएका परीक्षार्थीको सङ्ख्या र उत्तीर्ण विवरण**

| क्र. सं. | विषय | माग पद सङ्ख्या | सामान्य परीक्षा | | |
|---|---|---|---|---|---|
| | | | सहभागी | उत्तीर्ण सङ्ख्या | उत्तीर्ण प्रतिशत |
| १. | नेपाली | ५१ | ६१४ | ९७ | १५.८० |
| २. | अङ्ग्रेजी | ८४ | १४२० | १४६ | १०.२८ |
| ३. | गणित | ७७ | ८२५ | ११२ | १३.५८ |
| ४. | विज्ञान | ८४ | १०१८ | १३८ | १३५६ |
| ५. | सामाजिक अध्ययन | ५२ | ९७८ | १०३ | १०.५३ |
| ६. | अर्थशास्त्र | ३ | ३२ | ९ | २८.१३ |
| ७. | कार्यालय सञ्चालन तथा लेखा | १० | १७७ | २६ | १४.६९ |
| ८. | शिक्षा शिक्षण | १ | ३१ | ३ | ९.६८ |
| ९. | स्वास्थ्य शिक्षा | १ | १२ | ३ | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | शुक्ल यजुर्वेद | २ | ० | ० | ० |
| ११. | संस्कृत व्याकरण | २ | ३ | ३ | १०० |
| १२. | संस्कृत भाषा | १ | ३ | ३ | १०० |
| १३ | सिद्धान्त ज्योतिष | १ | ० | ० | ० |
| १४ | फलित ज्योतिष | १ | ० | ० | ० |
| **जम्मा** | | ३७० | ५११३ | ६४३ | १२५८ |

माथिको तालिकाले यस आ.व.मा माध्यमिक तहको विषयगत परीक्षामा सहभागी भएका सङ्ख्या र उत्तीर्ण भएका परीक्षार्थीको विवरण देखाएको छ ।सबैभन्दा बढी विज्ञान र अङ्ग्रेजीमा विषय शिक्षक माग भएको देखिन्छ । त्यस्तैगरी शुक्ल यजुर्वेद, फलित ज्योतिष र सिद्धान्त ज्योतिष विषयहरूमा सामान्य परीक्षामा उत्तीर्ण नभएका कारण विषयगत परीक्षामा सहभागी नभएको देखिन्छ ।

## ७.३. उत्तरपुस्तिका कोडिङ र परीक्षण

प्रतिवेदन अवधिमा अध्यापन अनुमतिपत्र र खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षामा सहभागी भएका परीक्षार्थीको वस्तुगत उत्तरपाना ओएमआर (OMR) मेसिनको प्रयोग गरी परीक्षण गरिएको थियो भने लिखित परीक्षा (विषयगत) को उत्तरपुस्तिका विषयविज्ञबाट परीक्षण गराइएको थियो ।उत्तरपुस्तिका परीक्षणसम्बन्धी प्रक्रिया र यस आ.व. मा परीक्षण भएका उत्तरपुस्तिकाको विवरण देहायबमोजिम चित्र तथा तालिकामा क्रमशः प्रस्तुत गरिएको छ।

**चित्र नं. ५ : उत्तरपुस्तिका परीक्षण प्रक्रिया**




**तालिका नं. १९ : आ.व. २०८१/८२ मा परीक्षण भएका उत्तरपुस्तिकाको विवरण**

**माध्यमिक तहको उत्तरपुस्तिका परीक्षण सङ्ख्या विवरण**

| क्र. सं. | विषय | उ. पू. सङ्ख्या |
|---|---|---|
| १ | नेपाली | ६१४ |
| २ | अङ्ग्रेजी | १४२० |
| ३ | गणित | ८२५ |
| ४ | विज्ञान | १०१८ |
| ५ | सामाजिक अध्ययन | ९७८ |

| | | |
|---|---|---|
| ६ | अर्थशास्त्र | ३२ |
| ७ | कार्यालय सञ्चालन तथा लेखा | १७७ |
| ८ | संस्कृत व्याकरण | ३ |
| ९ | शिक्षा | ३१ |
| १० | संस्कृत भाषा | ३ |
| ११ | स्वास्थ्य तथा शारीरिक शिक्षा | १२ |
| **जम्मा** | | ५,११३ |

आ.व. २०८१/८२ मा माध्यमिक तहका ५,११३ ओटा उत्तरपुस्तिका परीक्षण भएको थियो ।

### ७.४. लिखित परीक्षाको नतिजा प्रकाशन

आयोगले तोकिएको समय अवधिभित्र स्थायी अध्यापन अनुमतिपत्रको लिखित परीक्षा (वस्तुगत), सामान्य परीक्षा र विषयगत परीक्षाको नतिजा प्रकाशन गर्दछ । स्थायी अध्यापन अनुमतिपत्रको परीक्षा (वस्तुगत) को नतिजा प्रकाशन गर्दा उम्मेदवारको रोल नम्बरको क्रमानुसार गर्ने र उत्तीर्ण हुने उम्मेदवारलाई शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसूची-२ अनुसारको प्रमाणपत्र प्रदान गर्ने व्यवस्था रहेको छ । सामान्य परीक्षाको नतिजा प्रकाशन गर्दा न्यूनतम उत्तीर्णाङ्क ल्याउने सबै उम्मेदवारको रोलनम्बरको क्रमानुसार लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने र उक्त नतिजा प्रकाशन हुँदा विषयगत परीक्षाको मिति पनि तोक्ने व्यवस्था रहेको छ । स्थायी अध्यापन अनुमतिपत्रको लिखित परीक्षा (वस्तुगत) र समान्य तथा विषयगत लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा प्राप्ताङ्क इन्ट्री गर्ने, रूजु गर्ने, प्राप्ताङ्कको तालिकीकरण गर्ने जस्ता कामहरू गरिसकेपछि आयोगले विज्ञापनको क्रमानुसार निर्दिष्ट प्रक्रिया अपनाई नतिजा प्रकाशन गर्ने व्यवस्था रहेको छ । साथै आयोगबाट लिइने विषयगत लिखितपरीक्षाको नतिजापश्चात् उक्त नतिजाउपर चित्त नबुझेमा सम्बन्धित उम्मेदवारले पुनर्योग गराउनका लागि तोकिएको शुल्क र आवश्यक विवरणसहित नतिजा प्रकाशन भएको मितिले सात दिनभित्र आयोगमा निवेदन दिनसक्ने छ । त्यसपछि आयोगको पुनर्योग समितिले आफूलाई प्राप्त भएको अधिकारको सीमाभित्र रही पुनर्योग गर्ने र पुनर्योगबाट कायम भएको प्राप्ताङ्कलाई आधार मानी आयोगले नतिजा प्रकाशन गर्ने व्यवस्था रहेको छ ।

## ७.५ लिखित परीक्षा व्यवस्थापनमा परिचालित जनशक्ति

प्रतिवेदन अवधिमा आयोगद्वारा सञ्चालित विभिन्न लिखित परीक्षामा देहायअनुसारको जनशक्ति परिचालन भएको थियो ।

**तालिका नं. २०: लिखित परीक्षा व्यवस्थापनमा परिचालित जनशक्ति विवरण**

| परीक्षाको किसिम | परीक्षा मिति | परीक्षार्थी सङ्ख्या | परीक्षा केन्द्र सङ्ख्या | परीक्षा केन्द्रमा खटिने जनशक्ति | | | | अनुमगन तथा सहजीकरणमा परिचालित जनशक्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | केन्द्राध्यक्ष | सहायक केन्द्राध्यक्ष | निरीक्षक | सहयोगी कर्मचारी | | |
| विषयगत परीक्षा (निमा) | २०८१।५।८ | १७६०९ | ७० | ७० | १४० | ८८१ | २१० | ७७ | १३७८ |
| विषयगत परीक्षा (प्राथमिक तह) | २०८१।५।२९ | २०५३८ | ८३ | ८३ | १६६ | १०२७ | २४९ | ७७ | १६०२ |
| अध्यापन अनुमतिपत्र (माध्यमिक) | २०८१।७।१० | ४४५१० | १७९ | १७९ | ३५८ | २२२६ | ५३७ | ८८ | ३३८८ |
| आन्तरिक प्रतियोगितात्मक परीक्षा (बढुवा) | २०८१।८।१ | १४२२९ | ५५ | ५५ | ११० | ७१२ | १६५ | ७७ | १११९ |
| अध्यापन अनुमतिपत्र (निम्नमाध्यमिक) | २०८१।८।१५ | ११९६९९ | ५५० | ५५० | ११०० | ५९८५ | १६५० | १६५ | ९४५० |
| माध्यमिक (खुला) सामान्य | २०८१।१२।१६ | ३५३५३ | १४१ | १४१ | २८२ | १७६८ | ४२३ | ७७ | २६९१ |
| निम्नमाध्यमिक (खुला) | २०८२।२।१७ | ४८९२८ | २३२ | २३२ | ४६४ | २४४७ | ६९६ | ११० | ३९४९ |
| माध्यमिक विषयगत (खुला) | २०८२।२।३१ | ६८१० | २७ | २७ | ५४ | ३४१ | ८१ | ७७ | ५८० |
| **जम्मा** | | **३०७६७६** | **१३३७** | **१३३७** | **२६७४** | **१५३८७** | **४०११** | **७४८** | **२४१५७** |

परिच्छेद - ८

# अन्तर्वार्ता तथा सिफारिस

## ८.१. अन्तर्वार्ता

आयोगले सामुदायिक विद्यालयमा रिक्त शिक्षक पदमा खुला तथा आन्तरिक प्रतिस्पर्धाद्वारा पदपूर्तिका लागि सञ्चालन गरिने अन्तर्वार्तालाई नियमित, व्यवस्थित, मर्यादित र विश्वसनीय रूपमा सञ्चालन गरी लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन गर्दछ । आयोगले अन्तर्वार्तामा सम्मिलित उम्मेदवारहरूले आफ्नो नतिजा हेर्न चाहेमा आयोगको वेबसाइट www.tsc.gov.np को 'नतिजा' सेक्सन (Section) मा गई नतिजा प्रकाशन भएको मितिले ७ (सात) दिनसम्म हेर्न सकिने व्यवस्थासमेत मिलाएको छ ।

अन्तर्वार्ता सञ्चालन गर्नका लागि केन्द्र, प्रदेश र जिल्लास्तरमा एक/एक अन्तर्वार्ता व्यवस्थापन समिति रहने व्यवस्था अन्तर्वार्ता सञ्चालन निर्देशिका, २०७९ ले गरेको छ । अन्तर्वार्तालाई नियमित, व्यवस्थित, मर्यादित र विश्वसनीय रूपमा सञ्चालन गरी मूल्याङ्कन प्रक्रियालाई वस्तुनिष्ठ बनाउने प्रयोजनका लागि तहगत रूपमा देहायअनुसारको अन्तर्वार्ता समिति गठन गर्ने प्रावधान सो निर्देशिकामा रहेको छ ।

**क. निम्नमाध्यमिक र माध्यमिक तह**

(अ) दक्ष / विज्ञ — दुई जना

(आ) विशेषज्ञ — एक जना

**ख. प्राथमिक तह**

(अ) विज्ञ/दक्ष/विशेषज्ञ — तीन जना

## ८.२. सिफारिस

आयोगले लिखित परीक्षा र अन्तर्वार्तासमेतको प्राप्ताङ्कको आधारमा सफल भएका उम्मेदवारहरूको योग्यताक्रम सहितको नाम स्थायी नियुक्तिका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा सिफारिस गर्दछ । आयोगले आ. व. २०८०/८१ को विज्ञापनका आधारमा आर्थिक वर्ष २०८१/८२ मा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तह, तृतीय श्रेणी (खुला र समावेशी) का लिखित परीक्षा र अन्तर्वार्ताबाट सफल जम्मा ६,५०६ जना उम्मेदवारहरूलाई स्थायी नियुक्तिका लागि सिफारिस गरेको छ । त्यसैगरी आन्तरिक प्रतियोगितात्मक परीक्षाको पनि तीनओटै तहका प्रथम र द्वितीय श्रेणीका सफल ६६३ जना उम्मेदवारहरूलाई बढुवा नियुक्तिका लागि सिफारिस गरेको छ । आर्थिक वर्ष २०८१/८२ को अवधिमा सिफारिस भएका उम्मेदवारहरुको विस्तृत विवरण अनुसूची- ६ देखि अनुसूची -११ सम्म प्रस्तुत गरिएको छ ।

### ८.२.१. पदपूर्ति र समावेशिता

शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम ११क ले शिक्षक सेवालाई समावेशी बनाउनुपर्ने प्रावधानसहित नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा खुला प्रतियोगिताद्वारा पूर्ति हुने शिक्षक पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी समावेशी पदहरूमा सम्बन्धित उम्मेदवारहरूको बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । जसअनुसार आ.व. २०८०/८१ मा विज्ञापन भई आ.व. २०८१/८२ मा समावेशी समूहबाट देहायअनुसार नियुक्तिका लागि सिफारिस गरिएको छ :

**तालिका नं २१ समावेशी पदपूर्ति विवरण**

| तह | महिला | | | आज | मधेसी | दलित | अपाङ्गता | पिछे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | दलित महिला | मुस्लिम महिला | | | | | | |
| प्राथमिक | ७८७ | १८ | १ | ६४८ | ४२० | २०५ | ११४ | ८३ | २२७६ |
| निम्नमाध्यमिक | ११३ | | | ९१ | ६९ | २८ | १५ | १२ | ३२८ |
| माध्यमिक | ६४ | | | ५१ | ४१ | २१ | ८ | | १८५ |
| **जम्मा** | **९६४** | **१८** | **१** | **७९०** | **५३०** | **२५४** | **१३७** | **९५** | **२७८९** |

यसरी यस आ.व.मा शिक्षक सेवामा समावेशी समूहबाट प्राथमिक निम्नमाध्यमिक र माध्यमिक तहमा क्रमशः २२७६, ३२८ र १८५ जना गरी जम्मा २७८९ जना नियुक्तिका लागि सिफारिस हुनु आफैमा उत्साहजनक अवस्था हो । यद्यपि समावेशी समूहबाट विज्ञापन भएका पदहरूमध्ये प्राथमिक तहमा १६९, निम्नमाध्यमिक तहमा ४७ र माध्यमिक तहमा १२ जना गरी जम्मा २२८ जना सिफारिस हुन नसकेको अवस्था देखिन्छ ।

### ८.२.२. विज्ञापन र सिफारिस सङ्ख्या

आर्थिक वर्ष २०८१/८२ मा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा सिफारिस भएका उम्मेदवारहरूको विवरण प्राथमिक तहको जिल्लागत रूपमा र निम्नमाध्यमिक तथा माध्यमिक तहको प्रदेशगत रूपमा देहायअनुसारका तालिकाहरूमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २२ : आ.व. २०८१/८२ मा प्राथमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) का लागि माग भएका, सिफारिस भएका र पदपूर्ति हुन बाँकी उम्मेदवार सङ्ख्या (आ. व. २०८०/८१ मा प्रकाशित विज्ञापनका आधारमा प्रदेशगत विवरण)**

| क्र.स. | प्रदेश | माग सङ्ख्या | सिफारिस सङ्ख्या | सिफारिस हुन बाँकी पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | कोशी प्रदेश | १३१८ | १२८६ | ३२ |
| २. | मधेश प्रदेश | ५०८ | ४९९ | ९ |
| ३. | बागमती प्रदेश | ११५७ | ११२४ | ३३ |
| ४. | गण्डकी प्रदेश | ११८८ | ११६२ | २६ |
| ५. | लुम्बिनी प्रदेश | ६७९ | ६६५ | १४ |
| ६. | कर्णाली प्रदेश | २८९ | २६४ | २५ |
| ७. | सुदूरपश्चिम प्रदेश | ३१४ | ३८४ | ३० |
| | **जम्मा** | **५४५३** | **५२८४** | **१६९** |

**तालिका नं. २३ : आ.व. २०८१/८२ मा प्राथमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) का लागि माग भएका, सिफारिस भएका र पदपूर्ति हुन बाँकी उम्मेदवार सङ्ख्या विवरण (आ. व. २०८०/८१ मा प्रकाशित विज्ञापनका आधारमा जिल्लागत विवरण)**

| कोशी प्रदेश | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **जिल्ला** | **माग पद सङ्ख्या** | **सिफारिस सङ्ख्या** | **पदपूर्ति हुन बाँकी पद सङ्ख्या** |
| १. | ताप्लेजुङ | १०४ | १०४ | ० |
| २. | पाँचथर | १०४ | १०३ | १ मधेसी |
| ३. | इलाम | ८६ | ७६ | १० ( मधेसी- ६, दलित - २, अपाङ्ग-२) |
| ४. | सङ्खुवासभा | ६४ | ५९ | ५ मधेसी |
| ५. | तेह्रथुम | ५९ | ५२ | ७ (मधेसी -६ पि. क्षे. - १ ) |
| ६. | धनकुटा | ५४ | ४९ | ६ मधेसी |
| ७. | भोजपुर | १२६ | १२६ | ० |
| ८. | खोटाङ | १६८ | १६८ | ० |
| ९. | सोलुखुम्बु | १०४ | १०४ | ० |

| | | | | |
|---|---|---|---|---|
| १०. | ओखलढुङ्गा | ८७ | ८७ | ० |
| ११. | उदयपुर | ९४ | ९३ | द. महिला-१ |
| १२. | झापा | १०६ | १०५ | पि.क्षे.-१ |
| १३. | मोरङ | ११८ | ११८ | ० |
| १४. | सुनसरी | ४४ | ४३ | पि.क्षे.-१ |
| | **जम्मा** | **१११८** | **१३१८** | **३२** |

**मधेश प्रदेश**

| **क्र.सं.** | **जिल्ला** | **माग पद सङ्ख्या** | **सिफारिस सङ्ख्या** | **पूर्तिहुन बाँकी पद सङ्ख्या** |
|---|---|---|---|---|
| १. | सप्तरी | ४४ | ४३ | पि.क्षे. -१ |
| २. | सिरहा | ४४ | ४३ | पि.क्षे.-१ |
| ३. | धनुषा | १०७ | १०७ | ० |
| ४. | महोत्तरी | ९७ | ९७ | ० |
| ५. | सर्लाही | ३४ | ३१ | ३ (आ.ज.-२., पि.क्षे.-१) |
| ६. | रौतहट | ४३ | ४० | ३ (दलित-२, अपाङ्ग-१) |
| ७. | बारा | ३८ | ३७ | पि.क्षे.-१ |
| ८. | पर्सा | १०१ | १०१ | ० |
| | **जम्मा** | **५०८** | **४९९** | **९** |

**बागमती प्रदेश**

| **क्र.सं.** | **जिल्ला** | **माग सङ्ख्या** | **सिफारिस सङ्ख्या** | **पूर्तिहुन बाँकी पद सङ्ख्या** |
|---|---|---|---|---|
| १ | दोलखा | ७० | ६४ | ६ (मधेशी -५, दलित-१) |
| २ | रामेछाप | ८६ | ८२ | ४ (मधेशी -२, द.महिला -१, दलित-१) |
| ३ | सिन्धुली | ६८ | ६५ | ३ (मधेशी-२, पि.क्षे.-१) |
| ४ | काभ्रेपलाञ्चोक | १६३ | १६३ | ० |
| ५ | सिन्धुपाल्चोक | १०२ | ९८ | मधेशी-४ |
| ६ | रसुवा | ४३ | ३७ | ६ (मधेशी-४, दलित-२ ) |
| ७ | नुवाकोट | १५७ | १५७ | ० |
| ८ | धादिङ | ७५ | ६९ | मधेशी-६ |
| ९ | चितवन | १०४ | १०४ | ० |
| १० | मकवानपुर | २०८ | २०७ | मुस्लिम महिला-१ |
| ११ | भक्तपुर | ३७ | ३६ | अपाङ्गता-१ |

| | | | | |
|---|---|---|---|---|
| १२ | ललितपुर | ४४ | ४२ | दलित-२ |
| १३ | काठमाडौं | ० | ० | ० |
| | **जम्मा** | **११५७** | | **३३** |
| | | **गण्डकी प्रदेश** | | |
| **क्र. सं.** | **जिल्ला** | **माग पद सङ्ख्या** | **सिफारिस सङ्ख्या** | **पूर्तिहुन बाँकी पद सङ्ख्या** |
| १ | गोरखा | ९९ | ९४ | ६ (मधेशी - ५, अपाङ्ग-१) |
| २ | लमजुङ | ५६ | ४९ | ७ (मधेशी -६, अपाङ्ग-१) |
| ३ | तनहुँ | १७२ | १७२ | ० |
| ४ | कास्की | ७३ | ६६ | मधेशी-७ |
| ५ | मनाङ | २ | २ | ० |
| ६ | मुस्ताङ | २ | १ | महिला-१ |
| ७ | पर्वत | ३२ | २८ | ४ (मधेशी -३, अपाङ्ग -१) |
| ८ | स्याङ्जा | १८८ | १८८ | ० |
| ९ | म्याग्दी | ७९ | ७८ | मधेशी -१ |
| १० | बागलुङ | २३१ | २३१ | ० |
| ११ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | २५४ | २५४ | ० |
| | **जम्मा** | **११८८** | | **२६** |
| | | **लुम्बिनी प्रदेश** | | |
| **क्र. सं.** | **जिल्ला** | **माग पद सङ्ख्या** | **सिफारिस सङ्ख्या** | **पूर्तिहुन बाँकी पद सङ्ख्या** |
| १ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | २५ | २५ | ० |
| २ | रुपन्देही | ७० | ७० | ० |
| ३ | कपिलवस्तु | २१ | १८ | ३ (आ.ज. - २, दलित - १) |
| ४ | पाल्पा | १४३ | १४३ | ० |
| ५ | अर्घाखाँची | १९७ | १९७ | ० |
| ६ | गुल्मी | २५ | २४ | मधेशी - १ |
| ७ | रुकुम पूर्व | २६ | २३ | मधेशी - ३ |
| ८ | रोल्पा | २२ | २० | मधेशी - २ |
| ९ | प्युठान | ४६ | ४४ | मधेशी - २ |
| १० | दाङ | ३६ | ३४ | मधेशी - २ |
| ११ | बाँके | ३० | २९ | दलित - १ |
| १२ | बर्दिया | ३८ | ३८ | ० |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | ६७९ | ६६५ | १४ |
| **कर्णाली प्रदेश** | | | | |
| **क्र.सं.** | **जिल्ला** | **माग पद सङ्ख्या** | **सिफारिस सङ्ख्या** | **पूर्तिहुन बाँकी पद सङ्ख्या** |
| १ | रुकुम पश्चिम | ११ | १० | मधेशी-१ |
| २ | सल्यान | ३६ | ३२ | मधेशी-४ |
| ३ | डोल्पा | ४८ | ४७ | मधेशी-१ |
| ४ | जुम्ला | २८ | २४ | ४ (मधेशी-३, आ.ज.-१ ) |
| ५ | मुगु | १५ | १३ | मधेशी-२ |
| ६ | हुम्ला | ० | ० | ० |
| ७ | कालिकोट | २९ | २६ | मधेशी-३ |
| ८ | जाजरकोट | २५ | २३ | मधेशी-२ |
| ९ | दैलेख | ५६ | ५२ | मधेशी-४ |
| १० | सुर्खेत | ४१ | ३७ | मधेशी-४ |
| | **जम्मा** | २८९ | **२६४** | **२५** |
| **सुदूरपश्चिम प्रदेश** | | | | |
| **क्र.सं.** | **जिल्ला** | **माग पद सङ्ख्या** | **सिफारिस सङ्ख्या** | **पूर्तिहुन बाँकी पद सङ्ख्या** |
| १ | बाजुरा | ३० | २७ | मधेशी-३ |
| २ | बझाङ | ३३ | ३० | मधेशी-३ |
| ३ | डोटी | ५३ | ४८ | मधेशी-५ |
| ४ | अछाम | ४५ | ४२ | मधेशी-३ |
| ५ | दार्चुला | ३७ | ३० | ७(आज ३,मधेशी-४ ) |
| ६ | बैतडी | ४५ | ४१ | मधेशी-४ |
| ७ | डडेल्धुरा | ३२ | २९ | मधेशी-३ |
| ८ | कञ्चनपुर | १८ | १७ | मधेशी-१ |
| ९ | कैलाली | २१ | २० | मधेशी-१ |
| | **जम्मा** | **३१४** | **२८४** | **३०** |

माथिको तालिका नं. २२ र २३ मा यस आ.व.मा प्राथमिक तह, तृतीय श्रेणी (खुला र समावेशी) का लागि माग भएका, सिफारिस भएका र पदपूर्ति हुन बाँकी उम्मेदवार सङ्ख्याको विवरण देखाइएको छ । उपर्युक्त तालिकाहरूले प्राथमिक तहमा माग भएको पद सङ्ख्याबमोजिम कुनै पनि प्रदेशमा सिफारिस हुन नसकेको समेत देखाएको छ । प्राथमिक तहमा सबैभन्दा बढी १,३१८ जना माग भएको कोशी प्रदेशमा १,२८६ जना उम्मेदवार सिफारिस भएका र ३२ पद सङ्ख्यामा सिफारिस हुन नसकी पद बाँकी रहन गएको देखिन्छ । त्यस्तै सबैभन्दा कम २८९ जना माग भएको

कर्णाली प्रदेशमा पनि सबै विज्ञापित पदहरू पूर्ति हुन नसकी २५ पद पूर्तिहुन बाँकी रहेको छ । जिल्लागत रूपमा हेर्ने हो भने सबैभन्दा बढी नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा २५४ पद माग भएका मा २५४ पदमा नै सिफारिस भएको देखिन्छ । जिल्लागत रूपमा हेर्दा काठमाडौं र हुम्ला जिल्लामा पदपूर्तिका लागि माग नै नभएको अवस्था देखिन्छ । समग्रमा यस आ.व. मा प्राथमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशीसमेत) का लागि कुल ५,४५३ पदको माग भएका मा ५,२८४ सिफारिस भई अझै १६९ पद पूर्ति हन बाँकी रहेको तथ्य उपर्युक्त तालिकाहरूले देखाएका छन् ।

**तालिका नं. २४: आ.व.२०८१/८२ मा निम्नमाध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) का लागि विज्ञापन भएको विषयगत सङ्ख्या (प्रदेशगत)**

| क्र. सं. | प्रदेश | विज्ञापन भएको विषयगत सङ्ख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | गणित | विज्ञान | सामाजिक | अङ्ग्रेजी | गणित विज्ञान | संस्कृत भाषा | कम्प्युटर विज्ञान | शुक्ल यजुर्वेद | जम्मा |
| १ | कोशी | ३५ | २३ | २३ | २८ | ४६ | ४७ | १ | | १ | २०४ |
| २ | गण्डकी | ४३ | ३५ | ३८ | १९ | ५० | १ | ३ | | | १८९ |
| ३ | लुम्बिनी | ७ | १३ | २५ | १७ | २७ | ३ | २ | | | ९४ |
| ४ | बागमती | २१ | ५० | ४७ | ३४ | ३५ | ३ | | | | १९० |
| ५ | मधेश | ७ | ३ | १२ | १२ | १५ | १८ | | १ | | ६८ |
| ६ | कर्णाली | १ | १० | १३ | ३ | ६ | २ | | | | ३५ |
| ७ | सुदूरपश्चिम | ६ | ४ | १२ | १४ | १५ | ३ | | | | ५४ |
| **जम्मा** | | **१२०** | **१३८** | **१७०** | **१२७** | **१९४** | **७७** | **६** | **१** | **१** | **८३४** |

**तालिका नं. २५: आ.व.. २०८१/८२ मा निम्नमाध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) का लागि सिफारिस भएका उम्मेदवारको विषयगत सङ्ख्या (प्रदेशगत)**

| सिफारिस भएको विषयगत सङ्ख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विषय प्रदेश | नेपाली | गणित | विज्ञान | सामाजिक | अङ्ग्रेजी | गणित विज्ञान | संस्कृत भाषा | कम्प्युटर विज्ञान | शुक्ल यजुर्वेद | जम्मा |
| कोशी | ३५ | २३ | २१ | २८ | ४६ | ३९ | | | | १९२ |
| गण्डकी | ४३ | ३५ | ३५ | १९ | ५० | १ | ३ | | | १८६ |
| लुम्बिनी | ७ | १३ | २५ | १७ | २७ | १ | १ | | | ९१ |
| बागमती | २१ | ५० | ४६ | ३४ | ३५ | | | | | १८६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मधेशी | ७ | ३ | १० | १२ | १५ | ९ | | १ | | ५७ |
| कर्णाली | १ | ७ | ९ | ३ | ५ | १ | | | | २६ |
| सुदूरपश्चिम | ६ | ४ | १० | १४ | १३ | २ | | | | ४९ |
| **जम्मा** | **१२०** | **१३५** | **१५६** | **१२७** | **१९१** | **५३** | ४ | **१** | | **७८७** |

माथिको तालिका नं. २४ र २५ मा निम्नमाध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) को प्रदेशगत रूपमा र विषयगत रूपमा विज्ञापन एवम् सिफारिस भएका पदसङ्ख्यालाई छुट्टाछुट्टै देखाइएको छ । यसरी हेर्दा यस आ.व. मा निम्नमाध्यमिक तह (खुला तथा समावेशी ) को ८३४ पद सङ्ख्या माग भएका मा ७८७ पदको सिफारिस भएको र ४७ पद अझै पूर्तिहुन बाँकी रहेको देखिन्छ ।

**तालिका नं. २६ : आ.व. २०८१/८२ मा माध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) का लागि प्रदेशगत र विषयगत रूपमा माग भएका, सिफारिस भएका उम्मेदवार र सिफारिस हुन बाँकी पद सङ्ख्याको विवरण**

| क्र. सं. | विषय | प्रदेश | जम्मा विज्ञापित सङ्ख्या | सिफारिस भएको सङ्ख्या | पदपूर्ति हुन नसकेको पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | नेपाली | कोशी प्रदेश | २२ | २२ | ० |
| | | मधेश प्रदेश | ४ | ४ | ० |
| | | वागमती प्रदेश | ८ | ८ | ० |
| | | गण्डकी प्रदेश | २३ | २३ | ० |
| | | लुम्बिनी प्रदेश | ५ | ५ | ० |
| | | कर्णाली प्रदेश | ६ | ६ | ० |
| | | सुदूरपश्चिम प्रदेश | १ | १ | ० |
| जम्मा | | | ६९ | ६९ | 0 |
| २ | अङ्ग्रेजी | कोशी प्रदेश | २३ | २३ | ० |
| | | मधेश प्रदेश | ३ | ३ | ० |
| | | बागमती प्रदेश | १७ | १७ | ० |
| | | गण्डकी प्रदेश | १५ | १५ | ० |
| | | लुम्बिनी प्रदेश | ५ | ५ | ० |
| | | कर्णाली प्रदेश | ८ | ८ | ० |
| | | सुदूरपश्चिम प्रदेश | ९ | ९ | ० |
| जम्मा | | | ८० | ८० | 0 |
| ३ | गणित | कोशी प्रदेश | २४ | २० | ४ |
| | | मधेश प्रदेश | २ | १ | १ |
| | | बागमती प्रदेश | २१ | २१ | ० |
| | | गण्डकी प्रदेश | २६ | २६ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लुम्बिनी प्रदेश | १० | ८ | २ |
| | | कर्णाली प्रदेश | १ | १ | ० |
| | | सुदूरपश्चिम प्रदेश | ३ | २ | १ |
| जम्मा | | | ८७ | ७९ | ८ |
| ४ | विज्ञान | कोशी प्रदेश | २७ | २६ | १ |
| | | मधेश प्रदेश | ८ | ८ | ० |
| | | बागमती प्रदेश | २१ | २० | १ |
| | | गण्डकी प्रदेश | ३२ | ३२ | ० |
| | | लुम्बिनी प्रदेश | १८ | १८ | ० |
| | | कर्णाली प्रदेश | १० | १० | ० |
| | | सुदूरपश्चिम प्रदेश | ११ | १० | १ |
| जम्मा | | | १२७ | १२४ | ३ |
| ५ | सामाजिक | कोशी प्रदेश | १२ | १२ | ० |
| | | मधेश प्रदेश | ७ | ७ | ० |
| | | वागमती प्रदेश | १० | १० | ० |
| | | गण्डकी प्रदेश | १७ | १७ | ० |
| | | लुम्बिनी प्रदेश | ४ | ४ | ० |
| | | कर्णाली प्रदेश | ५ | ५ | ० |
| जम्मा | | | ५५ | ५५ | ० |
| ६ | अर्थशास्त्र | कोशी प्रदेश | ४ | ४ | ० |
| | | मधेश प्रदेश | १ | १ | ० |
| | | गण्डकी प्रदेश | २ | २ | ० |
| जम्मा | | | ७ | ७ | ० |
| ७ | कार्यालय सञ्चालन र लेखा | बागमती प्रदेश | १२ | १२ | ० |
| | | गण्डकी प्रदेश | २ | २ | ० |
| | | लुम्बिनी प्रदेश | २ | २ | ० |
| | | सुदूरपश्चिम प्रदेश | १ | १ | ० |
| जम्मा | | | १७ | १७ | ० |
| ८ | संस्कृत व्याकरण | कोशी प्रदेश | २ | ० | २ |
| | | गण्डकी प्रदेश | १ | १ | ० |
| जम्मा | | | ३ | १ | २ |
| ९ | कम्प्युटर विज्ञान | कोशी प्रदेश | १ | १ | ० |
| | | मधेश प्रदेश | १ | १ | ० |
| | | गण्डकी प्रदेश | १ | १ | ० |
| **जम्मा** | | | **३** | **३** | **०** |
| **कुल जम्मा** | | | **४४८** | **४३५** | **१३** |

माथिको तालिका नं. २६ मा आ.व. २०८१/८२ मा माध्यमिक तह, तृतीय श्रेणी (खुला तथा समावेशी) का लागि माग भएका, सिफारिस भएका र पूर्ति हुन बाँकी रहेका पदहरूको विवरणलाई देखाइएको छ । समग्रमा आ.व. २०८१/८२ मा माध्यमिक तहमा ४४८ को पद सङ्ख्या माग भएका मा ४३५ जना सिफारिस भएका छन् भने १३ पदमा पदपूर्ति हुन नसकी बाँकी रहेको देखिन्छ ।

### ८.२.२. शिक्षक नियुक्ति सिफारिस

शिक्षक सेवा आयोग गठनपश्चात् शिक्षा ऐन २०२८ को दफा ११ झ बमोजिम जिल्ला शिक्षक छनोट समिति र क्षेत्रीय शिक्षक छनोट समितिले सुरुवात गरेका तर नतिजा प्रकाशन नभएका कार्य सम्पन्न गरी नियुक्तिका लागि सिफारिस गरिएको थियो । तत्पश्चात् आयोगबाट नै विज्ञापन प्रकाशन गरी शिक्षक छनोटसम्बन्धी कार्य हुँदै आएको छ । नेपाल सरकारबाट स्वीकृत शिक्षक दरबन्दीमा शिक्षक छनोट गरी सिफारिस हुन माग भएबमोजिम देहायअनुसार नियुक्तिका लागि सिफारिस गरिएको विवरण तालिका नं २७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २७ : शिक्षक नियुक्तिका लागि सिफारिस विवरण**

**हालसम्म आयोगबाट सिफारिस भएका शिक्षकहरूको विवरण**

| क्र. सं. | आ.व. | तह | | | जम्मा |
|---|---|---|---|---|---|
| | | माध्यमिक | निम्नमाध्यमिक | प्राथमिक | |
| १ | २०६१/६२ | २०६७ | २४४१ | ७५६५ | १२०७३ |
| २ | २०६९/७० | २२८६ | २७९३ | ७९८० | १३०५९ |
| ३ | २०७१/७२ | १३७८ | १८७३ | ० | ३२५१ |
| ४ | २०७२/७३ | ६१२ | १११७ | १७२९ | ३४५८ |
| ५ | २०७३/७४ | १४७८ | १९०९ | १०८८३ | १४२७० |
| ६ | २०७४/७५ | १०९७ | १५७४ | ९९५६ | १२६२७ |
| ७ | २०७८/७९ | ११८२ | १९५९ | १०३५३ | १३४९४ |
| ८ | २०७९/८० | ७१८ | १११७ | ७१२३ | ८९५८ |
| ९ | २०८०/८१ | ४३५ | ७८७ | ५२८४ | ६५०६ |
| **जम्मा** | | **११२५३** | **१५५७०** | **६०८७३** | **८७६९६** |

# परिच्छेद- ९

# शिक्षक बढुवा

शिक्षा ऐन, २०२८ को दफा ११ख (१) मा शिक्षक सेवा आयोगको गठन गर्ने प्रयोजन सम्बन्धमा "सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिस गर्ने" भन्ने रहेको छ। यो कानुनी आधारमा शिक्षक सेवा आयोगले शिक्षक बढुवासम्बन्धी कार्य गर्दै आएको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा रिक्त रहेका प्रथम र द्वितीय श्रेणीका पदहरू पूर्तिका लागि शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २८ बमोजिम रिक्त पदहरूमध्ये २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षा र ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवाद्धारा पूर्ति गरिने व्यवस्था छ । आ.व. २०८१/८२ मा गरिएको विज्ञापन र यस प्रतिवेदन अवधिमा प्रकाशित गरिएको नतिजा देहायअनुसार रहेको छ:-

## ९.१. आन्तरिक प्रतियोगितात्मक (२५ प्रतिशत) को आधारमा हुने बढुवा

यस आ.व. २०८१/८२ मा आन्तरिक प्रतियोगितात्मक (२५ प्रतिशत) परीक्षाबाट हुने बढुवातर्फ प्रतिवेदन अवधिमा ६६३ जना सिफारिस भएका थिए । आ.प्र. बाट यस आ.व. मा बढुवा भएका विवरण देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २८: आ.व. २०८१/८२ मा आ.प्र.(२५ प्रतिशत) मार्फत बढुवा भएका शिक्षक विवरण**

| क्र. सं. | तह/श्रेणी | सङ्ख्या |
|---|---|---|
| १ | प्राथमिक, प्रथम | ७८ |
| २ | प्राथमिक, द्वितीय | ३९० |
| ३ | निम्नमाध्यमिक, प्रथम | १९ |
| ४ | निम्नमाध्यमिक, द्वितीय | ७९ |
| ५ | माध्यमिक, प्रथम | १४ |
| ६ | माध्यमिक, द्वितीय | ८३ |
| | **जम्मा** | **६६३** |

यसको विस्तृत विवरण अनुसूची १२ मा प्रस्तुत गरिएको छ ।

## ९.२. कार्यसम्पादन मूल्याङ्कन (७५ प्रतिशत) को आधारमा हुने बढुवा

शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि, २०७८ को दफा ७४ मा मिति २०८१ साल कार्तिक २६ गते दोस्रो संशोधन गरेको छ । यो संशोधनअनुसार शिक्षकको कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवालाई छिटो, छरितो र प्रभावकारी रूपमा समयमा नै सम्पादन गर्नका लागि प्रदेशस्तरमा देहायको बढुवा सिफारिस समिति गठन हुने व्यवस्था रहेको छ ।

(क) सम्बन्धित शिक्षा विकास निर्देशनालयको निर्देशक -संयोजक

(ख) शिक्षा विकास निर्देशनालयको निर्देशकले सिफारिस गरेका तीन जना व्यक्तिमध्ये आयोगबाट मनोनयन गरेको एक जना -सदस्य

(ग) सम्बन्धित निर्देशनालयको बढुवा शाखा हेर्ने वरिष्ठ अधिकृत -सदस्य

बढुवा सिफारिस समितिको काम, कर्तव्य र अधिकारहरू पनि तोकिएको छ । जसअनुसार समितिले आफ्नो प्रदेशअन्तर्गत (जिल्ला) का तीनै तहका प्रथम र द्वितीय श्रेणीका शिक्षकहरूको बढुवाका लागि दरखास्त फाराम र कार्यसम्पादन मूल्याङ्कन फाराम सङ्कलन गर्ने, आयोगबाट स्वीकृत कार्यविधिअनुसार बढुवासम्बन्धी फाइल छानबिन गर्ने, जिल्लाबाट प्राप्त हुन आएका सिलबन्दी गोप्य कार्यसम्पादन मूल्याङ्कन फाराम समितिको रोहबरमा खोली अङ्क गणना गर्ने, बढुवासम्बन्धी कार्य गर्नका लागि कार्यरत कर्मचारीको समूह बनाई कार्यविभाजन गरी जिम्मेवारी तोक्ने, बढुवासम्बन्धी कार्यमा संलग्न कर्मचारीको आचारसंहिता निर्माण गरी लागु गर्ने, बढुवा हुने शिक्षकको नामावली छापा माध्यम वा सूचना पाटीमा प्रकाशित गर्ने र बढुवाको दरखास्त फाराम भर्ने शिक्षकहरुले प्राप्त गरेको प्राप्ताङ्कसहितको सूचना पाटीमा टाँस गर्ने, बढुवासम्बन्धी अभिलेख प्रमाणित गर्ने र एक प्रति आयोगमा पठाउने, बढुवाको कार्य सम्पन्न भएपछि बढुवासम्बन्धी सम्पूर्ण कागजात र फाइल सिलबन्दी गरी सुरक्षितसाथ राख्ने व्यवस्था मिलाउने, आयोगको निरन्तर सम्पर्कमा रही शिक्षकहरूको बढुवासम्बन्धी काम गर्ने तथा आयोगले तोकेका अन्य कामहरू गर्ने जिम्मेवारी रहेको छ । शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ, पारदर्शी र व्यावहारिक बनाउन शिक्षा ऐन, २०२८ र शिक्षक सेवा आयोग नियमावली, २०५७ का साथै समयसमयमा आयोगलाई प्राप्त राय सुझावहरूलाई समेटी शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि, २०७८ र कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने शिक्षक पदको बढुवा कार्यविधि, २०७९ बमोजिम बढुवासम्बन्धी कार्य सम्पादन हुँदै आएको छ । कार्यसम्पादन मूल्याङ्कनमा आधारित हुने बढुवाको प्रक्रियालाई देहायबमोजिमको चित्रद्वारा प्रस्तुत गरिएको छ ।

**चित्र नं. ६ : कार्यसम्पादन मूल्याङ्कन (७५ प्रतिशत) मार्फत हुने बढुवा प्रक्रिया**




बढुवाका लागि सिफारिस भएको नामावली प्रकाशन भएको ३५ दिनभित्रमा नामावलीउपर चित्त नबुझेमा आयोगसमक्ष पुनरावलोकनका लागि उजुरी गर्न सकिने व्यवस्था रहेको छ। यसरी पेस भएका उजुरीको निर्णय गर्दा उजुरकर्ताले उठाएका महत्वपूर्ण आधार, प्रमाण, विषयवस्तु एवम् जिकिरहरूको सम्बन्धमा कुन कानुन, नियम एवम् निर्णयका आधारमा सदर वा खण्डन गरिएको हो सो खुलाई आयोगले निर्णय गर्नुपर्ने व्यवस्था रहेको छ ।

कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा गरी पदपूर्ति गर्नका लागि आ.व. २०८१/०८२ मा देहायअनुसार शिक्षक बढुवा गरी सिफारिस गरिएको छ ।

**तालिका नं. २९: आ. व. २०८१/८२ मा का.स.मू. (७५ प्रतिशत) मार्फत बढुवा भएका शिक्षक विवरण**

| क्र.सं. | प्रदेश | प्राथमिक द्वितीय | प्राथमिक प्रथम | निमा द्वितीय | निमा प्रथम | माध्यमिक द्वितीय | माध्यमिक प्रथम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | २४५ | ३८ | ४९ | ९ | ४० | ६ | ३८७ |
| २ | मधेश प्रदेश | ७६ | २८ | १७ | ८ | २२ | ३ | १५४ |
| ३ | बाग्मती प्रदेश | २१४ | २८ | ४८ | ५ | ५१ | १३ | ३५९ |
| ४ | गण्डकी प्रदेश | २५६ | ५१ | ३५ | २ | ५७ | ९ | ४१० |
| ५ | लुम्बिनी प्रदेश | २३६ | ४५ | ५२ | ६ | ४१ | १० | ३९० |
| ६ | कर्णाली प्रदेश | ८४ | १५ | २२ | ३ | १९ | २ | १४५ |
| ७ | सूदूरपश्चिम प्रदेश | ५९ | १८ | १३ | ३ | १७ | ७ | ११७ |
| | **कुल जम्मा** | **११७०** | **२२३** | **२३६** | **३६** | **२४७** | **५०** | **१९६२** |

आ. व. २०८१/८२ मा गरिएको विज्ञापनमा प्राथमिक तहको प्रथम र द्वितीय श्रेणीमा क्रमशः २२३ जना र ११७० जनालाई बढुवाको लागि सिफारिस गरिएको थियो । त्यसैगरी निम्नमाध्यमिक तहमा प्रथम र द्वितीय श्रेणीमा क्रमशः३६ जना र २३६ जना तथा माध्यमिक तहको प्रथम र द्वितीय श्रेणीमा क्रमशः ५० जना र २४७ जना गरी कुल जम्मा १९६२ जनालाई बढुवाको लागि सिफारिस गरिएको थियो ।

आ. व. २०८१/८२ मा का.स.मू. मार्फत हुने बढुवाका लागि प्रदेशगत रूपमा भएका कुल विज्ञापन र आवेदन सङ्ख्या देहाय अनुसार तालिकामा देखाइएको छ ।

**तालिका नं. ३०: आ. व. २०८१/८२ मा कार्यसम्पादन मूल्याङ्कन (७५ प्रतिशत) मार्फत हुने बढुवाका लागि तीनै तह र श्रेणीका कुल विज्ञापन र आवेदन सङ्ख्या विवरण (प्रदेशगत रूपमा)**

| क्र.सं | प्रदेश | विज्ञापन भएका सङ्ख्या | कुल आवेदन सङ्ख्या |
|---|---|---|---|
| १ | कोशी | ६८ | ४४९० |
| २ | मधेश | ३८ | २७०२ |
| ३ | बागमती | ६० | ४३८३ |
| ४ | गण्डकी | ४६ | ३३९० |
| ५ | लुम्बिनी | ५३ | ३६३९ |
| ६ | कर्णाली | ४० | १३०७ |
| ७ | सुदूरपश्चिम | ४० | १३४५ |
| **कुल जम्मा** | | ३४५ | २१२५६ |

उपर्युक्त तालिकाअनुसार यस आ. व. २०८१/८२ मा कार्यसम्पादन मूल्याङ्कन (७५ प्रतिशत) का आधारमा हुने बढुवाका लागि सबैभन्दा बढी कोशी प्रदेशमा माग भएको थियो भने सबैभन्दा कम मधेश र कर्णाली प्रदेशमा भएको थियो । सातओटै प्रदेशमा गरी प्राथमिक तहको प्रथम र द्वितीय श्रेणी, निम्नमाध्यमिक तहको प्रथम र द्वितीय श्रेणी तथा माध्यमिक तहको प्रथम र द्वितीय श्रेणीमा विभिन्न जिल्लामा गरी कुल ३४५ ओटा विज्ञापन भएको छ भने यी विज्ञापनहरूअनुसार २१,२५६ जना शिक्षकहरूको बढुवाका लागि आवेदन परेको थियो ।

## ९.३. बढुवासम्बन्धी उजुरी र आयोगको निर्णय

प्रदेश शिक्षा विकास निर्देशनालयमा रहेको बढुवा सिफारिस समितिबाट भएका निर्णयउपर चित्त नबुझेमा पुनरवलोकनका लागि निवेदन दिन सकिने व्यवस्था भएअनुसार यस वर्ष सातओटै प्रदेशमा उजुरी परेको थियो । त्यसका लागि बढुवा सिफारिस नामावली प्रकाशन र पुनरवलोकनपछि अन्तिम सिफारिस सम्पन्न भएको थियो । जसलाई देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३१: आ. व. २०८१/८२ मा का.स.मू. (७५ प्रतिशत) मार्फत हुने बढुवाको नतिजाउपर चित्त नबुझी पुनरवलोकनका लागि निवेदन दिनेहरूको विवरण**

| क्र. सं. | प्रदेश | जम्मा उजुरी |
|---|---|---|
| १ | कोशी | २२ |
| २ | मधेस | २ |
| ३ | बागमती | २७ |
| ४ | गण्डकी | २३ |
| ५ | लुम्बिनी | २६ |
| ६ | कर्णाली | २४ |
| ७ | सुदूरपश्चिम | ४ |
| | कुल जम्मा | १२८ |

**तालिका नं. ३२: आ. व. २०८१/८२ मा का.स.मू. (७५ प्रतिशत) मार्फत हुने बढुवाको पुनरवलोकनपश्चात् को नतिजा विवरण**

| तह, श्रेणी | विज्ञापन सङ्ख्या | उजुरी परेका विज्ञापन सङ्ख्या | पुनरवलोकनपश्चात् नतिजा यथावत भएका विज्ञापन सङ्ख्या | पुनरवलोकनपश्चात् नतिजा संशोधन भएका विज्ञापन सङ्ख्या |
|---|---|---|---|---|
| **प्राथमिक द्वितीय** | ७३ | ३७ | १ | ३६ |
| **प्राथमिक प्रथम** | ६८ | २२ | ११ | ११ |
| **निम्नमाध्यमिक द्वितीय** | ६६ | २१ | ७ | १४ |
| **निम्नमाध्यमिक प्रथम** | ३० | ८ | २ | ६ |
| **माध्यमिक द्वितीय** | ७१ | ३२ | १४ | १८ |
| **माध्यमिक प्रथम** | ३७ | ८ | ८ | ० |
| **जम्मा** | ३४५ | १२८ | ४३ | ८५ |

# परिच्छेद-१०

# परामर्श र उजुरी

शिक्षक सेवा आयोगले यस आ.व. २०८१/८२ मा परेका उजुरी सम्बन्धमा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३५ बमोजिम प्राप्त उजुरीउपर पुनरवलोकन तथा छानबिन गरी आयोगले निर्णय गर्ने गरेको छ। त्यसैगरी आयोगको निर्णयउपर चित्त नबुझेमा प्रशासकीय अदालत ऐन, २०७६ को दफा ७ को उपदफा १ को खण्ड(ख) बमोजिम बढुवासम्बन्धी पुनरावेदनका लागि मुद्दा दायर गरी सो सम्बन्धमा यस आयोगबाट लिखित जवाफ पेस गर्ने गरेको छ । प्रदेश बढुवा सिफारिस समिति र शिक्षक सेवा आयोगको निर्णयमा चित्त नबुझी रिटको माध्यमबाट सर्वोच्च अदालत र उच्च अदालतमा रिट निवेदन दर्ता हुने गरेको छ भने शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३५ बमोजिम प्रशासकीय अदालतमा पुनरावेदनको माध्यमबाट बढुवा निर्णय बदर मुद्दा दायर हुने गरेको छ । यस आ.व. मा प्रशासकीय अदालतमा २१ ओटा र सर्वोच्च अदालतमा ११ ओटा र उच्च अदालत ७ ओटा मुद्दा दर्ता भई म्याद सूचना प्राप्त भएको र सो सम्बन्धमा यस आयोगबाट लिखित जवाफ पठाइएको छ । जसलाई देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३३: आ.व. २०८१/८२ मा दर्ता भएका मुद्दाको विवरण**

| क. सं. | रिट सङ्ख्या | लिखित जवाफ पेस भएको सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | ११ | ११ | सर्वोच्च अदालत |
| २. | ७ | ७ | उच्च अदालत |
| ३. | २१ | २१ | प्रशासकीय अदालत |

माथिको तालिकाबाट कार्यसम्पादन मूल्याङ्कन (७५प्रतिशत) द्वारा हुने बढुवामा सबैभन्दा बढी मुद्दा दायर भएको देखिन्छ । यस्ता मुद्दाहरूमध्ये सर्वोच्च अदालत तथा उच्च अदालतबाट कतिपय रिट निवेदनहरू खारेज भएका र केही निवेदनमा उत्प्रेषण जारी भएको देखिन्छ। त्यसैगरी बढुवा निर्णय बदर सम्बन्धमा कतिपय मुद्दाहरू प्रशासकीय अदालतबाट आदेश/फैसला भएको देखिन्छ । यस आ.व.मा सर्वोच्च अदालत, उच्च अदालत र प्रशासकीय अदालतबाट फैसला भई फैसला कार्यान्वयनका लागि यस आयोगमा प्राप्त भएकोमा विभिन्न प्रकृतिका १६ ओटा मुद्दाहरूमा फैसला कार्यान्वयन सम्बन्धमा आयोगबाट आवश्यक कामकारबाही सम्पन्न भएका छन् ।

# परिच्छेद-११

# कार्यसम्पादन सुधार र नवप्रवर्तनात्मक कार्य

### ११.१ आयोग दिवस

यस आ.व. मा साविकमा जस्तै मिति २०८१/१०/२५ गतेका दिन आयोगको स्थापना दिवस समारोह आयोजना गरिएको थियो । उक्त अवसरमा नीति अनुसन्धान प्रतिष्ठानका अध्यक्ष प्रा.डा. लेखनाथ शर्मा र लोक सेवा आयोगका पूर्व अध्यक्ष श्री उमेशप्रसाद मैनालीबाट प्रस्तुत भएको कार्यपत्रमा शिक्षाविद्हरू, विश्वविद्यालयका प्राध्यापक, शिक्षा प्रशासकलगायतको सहभागितामा अन्तरक्रिया गरी सुझावहरू सङ्कलन गरिएको थियो ।

### ११.२ अन्तरक्रिया तथा अभिमुखीकरण

मिति २०८१/०५/१३ मा "पाठ्यक्रम निर्माण, प्रश्नपत्र तयारी परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन र सिफारिस विषयक" अन्तरक्रिया कार्यक्रम गरिएको थियो। शिक्षाविद्हरू, ७७ जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइका प्रमुखहरू लगायतको उपस्थिति रहेको उक्त कार्यक्रमबाट आयोगले सुधार गर्नुपर्ने सुझावहरू सङ्कलन गरिएको थियो । त्यसै गरी बागमती, गण्डकी र कर्णाली प्रदेश सरकारअन्तर्गतका शिक्षा विकास निर्देशनालय तथा विभिन्न सङ्घसंस्थाहरूको समन्वय र सहकार्यमा कार्यसम्पादनका आधारमा हुने शिक्षक बढुवासम्बन्धी अभिमुखीकरण गरिएको थियो ।

कार्यसम्पादन मूल्यांकनमा आधारित शिक्षक बढुवालाई समयमै सम्पन्न गर्न प्रदेशस्थित शिक्षा विकास निर्देशनालयमा बढुवा सिफारिस समिति गठन गरी छिटो छरितो बनाउने व्यवस्था मिलाइएको छ । सातओटा प्रदेशमा गठन भएका सिफारिस समितिका पदाधिकारीहरूलाई कार्य प्रारम्भ गर्नुपूर्व बढुवा पद्धतिबारे आयोगमा नीतिगत, कानुनी तथा अभ्यासजन्य विषयमा अभिमुखीकरण गरिएको थियो । यसरी कार्यसम्पादनका आधारमा हुने शिक्षक बढुवाको विज्ञापित पदको ९५ प्रतिशतभन्दा बढी उम्मेदवारहरूको सिफारिससम्बन्धी कार्य सोही आर्थिक वर्षभित्रमा नै सम्पन्न गर्न आयोग सफल भएको छ ।

### ११.३ सन्तुष्टि सर्वेक्षण

आयोगद्वारा सञ्चालित अन्तर्वार्ता कार्यक्रममा सहभागितापश्चात् उम्मेदवारहरूको सन्तुष्टि सर्वेक्षणका लागि सन्तुष्टि सर्वेक्षण फाराममार्फत पृष्ठपोषण एवम् सुझावहरू सङ्कलन गरिएको र प्राप्त रचनात्मक पृष्ठपोषण एवम् सुझावहरू कार्यान्वयन गर्ने कार्यको सुरुवात भएको छ ।

### ११.४ पाठ्यक्रम एवम् दरखास्त सङ्कलन

आयोगको सामुदायिक विद्यालयका रिक्त दरबन्दीमा योग्य, सक्षम र दक्ष शिक्षक पदपूर्ति गर्ने मुख्य उद्देश्य हासिल गर्न विद्यालय तहमा पाठ्यक्रम परिमार्जन भएसँगै शिक्षक छनोट तथा अध्यापन अनुमतिपत्रको परीक्षाका लागि समयसापेक्ष पाठ्यक्रम परिमार्जन गरी लागु गर्ने गरेको छ । आयोगले परीक्षालाई स्वच्छ, मर्यादित, प्रतिस्पर्धी र व्यवस्थित गर्नका लागि प्रवर्तनात्मक कार्यलाई आत्मसात् गर्दै लगेको छ । आयोगको छनोट परीक्षा र अध्यापन अनुमतिपत्रको परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको सङ्ख्या

अत्यधिक हुने र आयोगको प्रदेशस्तरीय तथा शाखा कार्यालयसमेत नभएको सन्दर्भमा समयानुकूल आवेदकहरूलाई आवेदन दिन र आयोगलाई पनि आवेदन व्यवस्थापन गर्न सहजता ल्याउनका लागि अनलाइन प्रणालीमार्फत दरखास्त भर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

अनलाइन पोर्टललाई आवेदकको सुझावअनुसार प्रविधिमैत्री र समयानुकूल सुधार गरिएको छ। यसभन्दा अगाडि आवेदकले अनलाइनबाट फाराम भरेता पनि राजस्व बुझाउन बैङ्क जान पर्ने बाध्यतालाई यस प्रतिवेदन अवधिमा अनलाइन प्रणालीमार्फत नै भुक्तानी हुनेगरी महालेखा नियन्त्रक कार्यालयबाट रेमिस भर्सन टु (RMIS version 2) लाई आयोगको अनलाइन पोर्टलमा एकीकृत (Integrate) गरी सेवा विस्तार गरिएको विषयलाई निरन्तरता दिएको छ।

## ११.५ प्रश्नपत्र निर्माण र परीक्षण

आयोगले विश्वविद्यालयका प्राध्यापक, प्रशासन क्षेत्रका उच्च पदाधिकारी लगायतका विषयविज्ञहरूको रोष्टर तयार गरी रोष्टरमा रहेका व्यक्तिहरूबाट प्रश्नपत्र निर्माणको कार्य गराउँदै आएको छ। विभिन्न व्यक्तिहरूबाट गोपनीयता कायम गरी प्राप्त नमुना प्रश्नहरूलाई विज्ञहरूको समूह बनाई परिमार्जन गर्ने गरिन्छ । यसरी परिमार्जित प्रश्नहरूमध्येबाट गोप्य रूपमा आयोगका अध्यक्ष वा निजले तोकेको व्यक्तिबाट पाठ्यक्रमको मर्मलाई आत्मसात् गर्दै विषयवस्तुमा सन्तुलन कायम हुने गरी अन्तिम सेट तयार पारी गोपनीयता कायम गर्दै अध्यक्ष वा निजले तोकेको पदाधिकारीको प्रत्यक्ष निगरानीमा टाइप गरी आवश्यक सङ्ख्यामा छपाइ तथा प्याकिङ गर्ने व्यवस्था मिलाइएको छ ।

परीक्षाको स्वच्छता, निष्पक्षता र एकरूपता कायम राख्न आयोगले प्रदेशगत रूपमा परीक्षा केन्द्र निर्धारण गर्ने गरेको छ । यसबाट परीक्षालाई अझ बढी निष्पक्ष, मर्यादित र व्यवस्थित बनाउन मद्दत पुगेको पाइएको छ। वस्तुगत प्रश्नपत्रमा प्रश्नहरूको क्रम तथा विकल्पहरूको क्रम परिवर्तन गरी ४ वटा भिन्न 'कि' (Key) युक्त प्रश्नपत्रहरू प्रयोग गर्ने गरिएको छ ।

वस्तुगत उत्तरपुस्तिकाको परीक्षण ओएमआर मेसिनद्वारा गरिन्छ भने विषयगत उत्तरपुस्तिका दोहोरो कोडिङ गरेपछि मात्र परीक्षण गराइन्छ। परीक्षणका लागि आयोगको विज्ञ सूची (Roster) मा रहेका विज्ञहरूलाई नियुक्त गरिन्छ । उत्तरपुस्तिका परीक्षणमा एकरूपता ल्याउन उत्तरकुञ्जिका (Marking Scheme) को व्यवस्था गरी सोका आधारमा परीक्षण गराइन्छ । विज्ञहरूले अङ्कन गरेका उत्तरपुस्तिकाहरूमा कुनै प्रश्नमा अङ्क दिन छुट भए नभएको, अग्रपृष्ठमा रहेको तालिकामा अङ्क उतार गर्न (Posting) छुटे नछुटेको, योगफल मिले नमिलेको यकिन गर्न आयोगले तोकेका व्यक्तिहरूबाट रुजु गर्ने गरिन्छ ।

परीक्षाको नतिजा प्रकाशन हुनु अगाडि अनलाइन प्रणालीमार्फत दरखास्त भरेका आवेदकहरूले विज्ञापनमा उल्लेख भएबमोजिमका कागजातहरू अपलोड गरेका छन्/छैनन् रुजु गर्ने गरिन्छ। विषयगत तर्फको परीक्षाको नतिजा प्रकाशन भइसकेपछि कुनै परीक्षार्थीलाई नतिजामाथि चित्त नबुझेमा उम्मेदवारले पुनर्योगका लागि निवेदन दिन सक्ने व्यवस्था पनि रहेको छ । वस्तुगत परीक्षाको परीक्षण ओएमआर (OMR) मेसिनबाट हुने र गत विगत वर्षमा नतिजा प्रकाशनपछि उम्मेदवारले पुनर्योगको लागि निवेदन दिन सक्ने व्यवस्था रहेकोमा म्यानुअल पुनर्योगबाट नतिजामा कुनै पनि फेरबदल नआएकाले वस्तुगत परीक्षातर्फ पुनर्योग गर्ने व्यवस्था हटाइएको छ ।

## ११.६ अनुसन्धान र विकास

आयोगका कार्यलाई प्रभावकारी बनाउने सम्बन्धमा आयोगबाट लिइने अध्यापन अनुमतिपत्र, खुला र आन्तरिक प्रतियोगितातर्फको सामान्य र विषयगत पाठ्यक्रम सम्बन्धमा, त्रिभुवन विश्वविद्यालयअन्तर्गतको शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) बाट अध्ययन गराई प्रतिवेदन प्राप्त गर्ने कार्य भएको थियो । उक्त प्रतिवेदनले औँल्याएका मुख्य सुझावहरू देहायबमोजिम रहेका छन्;-

**अ) अध्यापन अनुमतिपत्रसम्बन्धी**

क) विषयगत विशिष्टताका विषयवस्तु समेत समावेश गर्नुपर्ने

ख) अध्यापन अनुमतिपत्रको पाठ्यक्रममा समाविष्ट विषयवस्तुको क्षेत्र विस्तार व्यापक भएकाले समावेश गरिने विषयवस्तुको क्षेत्र सीमाङ्कन वा परिसीमित गर्ने

ग) कक्षाकोठा शिक्षणका लागि बढी उपयोगी हुने विषयवस्तुलाई जोड दिनुपर्ने

घ) वस्तुगत प्रश्नमा आधारित परीक्षाका लागि प्रति प्रश्न एक अङ्क प्रदान गर्ने अभ्यासलाई दृष्टिगत गर्दै प्रति प्रश्न दुई अङ्क दिने विद्यमान व्यवस्थालाई परिमार्जन गरेर प्रति प्रश्न अङ्कभार एक हुने व्यवस्था गर्नुपर्ने

ङ) अध्यापन अनुमतिपत्रको परीक्षालाई शिक्षक सक्षमताको न्यूनतम सक्षमता मापन गर्ने आधार बनाउनुपर्ने ।

**आ) सामान्य परीक्षा (प्रथम पत्र) सम्बन्धी**

क) कक्षाकोठा शिक्षणसँग सम्बन्धित विषयवस्तुमा मात्र केन्द्रित गर्नुपर्ने,

ख) सामान्य ज्ञान, बुद्धिलब्धि जस्ता विषयबाट परीक्षण गर्दा भएको कठिनाइलाई सम्बोधन गर्न शिक्षासँगै सम्बन्धित विषयवस्तु मात्र समावेश गर्ने,

ग) विषयवस्तुको क्षेत्र र क्रमलाई निर्दिष्ट गरी अध्यापन अनुमतिपत्र, खुला प्रतियोगित्मक परीक्षा (प्रथम र दोस्रो पत्र) तथा बढुवाको लागि लिइने परीक्षाका लागि निर्धारित पाठ्यक्रममा एउटै विषयवस्तुको पुनरावृत्ति नगर्ने,

घ) शिक्षणसँग सम्बन्धित विषयमा प्रयोग, संश्लेषण, मूल्याङ्कन र सिर्जनात्मक तहका प्रश्नहरू समावेश गर्ने,

ङ) गलत उत्तरबापत दिइने सजायको व्यवस्था हटाउने ।

**इ) विषयगत परीक्षा, खुला प्रतियोगितात्मक परीक्षा (दोस्रो पत्र) सम्बन्धी**

क) विषयगत शिक्षण सिपसँग सम्बन्धित विषयवस्तुलाई बढी जोड दिने,

ख) शिक्षण सिप र कौशल परीक्षण जस्ता व्यावहारिक पक्षमा जोड दिने,

ग) प्राथमिक तहमा STEAM Approach को एकीकृत अवधारणाअनुसार शिक्षण कौशलको विकास तथा परीक्षण गर्न जोड दिने,

घ) प्राथमिक तह अन्तर्गतका कक्षा ४—५ मा प्रभावकारी शिक्षणका लागि विषयगत शिक्षकको व्यवस्था गर्ने,

ङ) मूल्याङ्कन प्रक्रियामा प्रतिस्पर्धी परीक्षार्थीको शिक्षण सिप मापनका लागि कक्षा प्रस्तुतीकरणलाई अनिवार्य गर्नुपर्ने,

च) सामूहिक छलफलमा आधारित रही प्रतिस्पर्धीको मनोवृत्ति परीक्षण तथा नेतृत्व क्षमता परीक्षण गर्ने व्यवस्था गर्ने ।

**ई) आन्तरिक प्रतियोगितात्मक बढुवा परीक्षा (द्वितीय र प्रथम श्रेणी) सम्बन्धी**

क) बढुवाको परीक्षालाई शिक्षण अभ्याससँग सम्बद्ध बनाउने,

ख) शिक्षणमा उत्कृष्ट प्रदर्शन गर्ने शिक्षकहरूलाई पदीय स्तरोन्नतिका लागि मूल्याङ्कन गर्ने,

ग) शिक्षकले गरेका उत्कृष्ट अभ्यास, नवीन प्रवृत्ति तथा गुणस्तर वृद्धिमा पुऱ्याएको योगदानको परिभाषित सूचकका आधारमा पारदर्शी मूल्याङ्कन गर्ने ।

### ११.७ डाटा ट्रान्सफरसम्बन्धी गरिएको व्यवस्था

नेपाल सरकारको राष्ट्रिय सूचना प्रविधि शासन नीतिसँग सुसङ्गत रूपमा, शिक्षक सेवा आयोगको विद्यमान सर्भर संरचना क्लाउड हिमालयनबाट नेपाल सरकारको क्लाउड राष्ट्रिय सूचना विभाग तथा एकीकृत डाटा व्यवस्थापन केन्द्रमा स्थानान्तरण गरिएको छ। यो प्रक्रिया डाटा सेन्टर तथा क्लाउड सेवा (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१ को पालना स्वरूप हो। निर्देशिकाले सबै सरकारी प्रणाली र सेवा केन्द्रीय सरकारी क्लाउड पूर्वाधारमा राख्नुपर्ने र सूचना प्रविधि विभाग (DOIT) मा दर्ता भएका प्रदायकहरूले मात्र सेवा दिन सक्ने व्यवस्था गरेको छ । डाटा ट्रान्सफरपश्चात् हालको संरचना तपसिलबमोजिमको अवस्था देखिएको छ ।

<u>तपसिल</u>

| S.N | Server Alias | CPU | Memory (GB) | Storage | Hourly Backup | Hourly Retention | Daily Backup | Daily Retention | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TSC_12 | 2 | 4 | 150 GB | 1 Hour | 2 Days | Daily | 6 Months | New-License-API |
| 2 | TSC_11 | 8 | 8 | 1.76 TB | 1 Hour | 2 Days | Daily | 6 Months | License-Prod |
| 3 | TSC_8 | 16 | 16 | 1.5 TB | 1 Hour | 2 Days | Daily | 6 Months | Online-Prod |
| 4 | TSC_10 | 2 | 2 | 250 GB | 1 Hour | 2 Days | Daily | 6 Months | Online-API |
| 5 | TSC Demo | 2 | 8 | 500 GB | - | - | - | - | Backup Required |
| 6 | TSC_6 | 2 | 4 | 150 GB | - | - | - | - | OLD-License-API |
| 7 | TSC_3_R | 8 | 8 | 1.8 TB | - | - | - | - | OLD-License |

नेपाल सरकारको सूचना प्रविधि विभाग (DOIT/IDMC) द्वारा सञ्चालित केन्द्रीय क्लाउडमा स्थानान्तरण गर्दा सूचना प्रविधि विभाग, एकीकृत डाटा व्यवस्थापन केन्द्र र तेस्रो पक्ष सेवा प्रदायकहरूसँग प्रभावकारी समन्वय सुनिश्चित गरी www.online.tsc.gov.np र www.license.tsc.gov.np जस्ता आयोगका प्रमुख अनुप्रयोगहरूको सुरक्षित, द्रुत र अविच्छिन्न सञ्चालनको सुनिश्चितता हुने विश्वास गरिएको छ । त्यसैगरी स्थानान्तरण र उपयुक्त डाटा ब्याकअप व्यवस्थापनपछि सबै एप्लिकेसनको सोर्स कोड, सर्भर कन्फिगरेसनहरू र आवेदकसम्बन्धी डाटा तथा रिपोर्टहरू शिक्षक सेवा आयोगको प्रत्यक्ष नियन्त्रणमा २४ घण्टा सुरक्षित रूपमा रहनेछन्, जसले बाह्य निर्भरता हटाउँदै पूर्ण स्वाधीनता र डाटा सुरक्षाको सुनिश्चितता प्रदान गर्नेछ ।

### ११.८ सेवा प्रवाह

आयोगको नागरिक बडापत्रमा शिक्षक अध्यापन अनुमतिपत्रमा भएको आफ्नो त्रुटि संशोधन गर्न सेवाग्राहीले निवेदन दिएको सात दिनभित्रमा कार्यसम्पादन गर्नुपर्ने भनी उल्लेख गरिएको भएपनि सेवाग्राहीको हितलाई दृष्टिगत गरी निवेदन दिएकै दिनमा काम सम्पन्न गर्ने र संशोधित तथ्यलाई आयोगद्वारा पछिका मितिमा अनुमोदन गर्ने गरिएको छ ।

# परिच्छेद-१२

# समस्या तथा चुनौती

आयोगले आफ्नो कार्यसम्पादनमा समसामयिक सुधार र नवप्रवर्तनात्मक कार्यलाई जोड दिँदै आएता पनि शिक्षक छनोट प्रक्रियामा अझ सरलता र सहजता ल्याउन, वार्षिक कार्य तालिकाबमोजिम शिक्षक छनोट, बढुवा र अध्यापन अनुमतिपत्रसम्बन्धी कार्यलाई नियमित गर्न, मुलुकको सङ्घीय प्रशासनिक संरचनाबमोजिम शिक्षक सेवा आयोगलाई चुस्त र प्रभावकारी बनाउन सकिएको छैन। यसका लागि आयोग समक्ष रहेका मुख्यमुख्य समस्या र चुनौती देहायअनुसार उल्लेख गरिएका छन् ।

## १२.१. समस्या

क) आयोगको कार्यक्षेत्र र कार्यप्रकृतिअनुसार सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्ति पर्याप्त नहुनु,

ख) अनलाइन दरखास्तमार्फत प्राप्त हुने सबै तथ्याङ्क, अभिलेख तथा सूचनाहरूलाई सुरक्षित राख्न सर्भर र सोसँग सम्बन्धित अन्य प्रविधिको व्यवस्थापनमा अन्य निकायमा भर पर्नुपर्ने अवस्था हुनु,

ग) आयोगको आफ्नो भवन नहुँदा परीक्षा व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण र अन्तर्वार्ताजस्ता कार्यक्रम सञ्चालन गर्न तथा कार्यसम्पादन मूल्याङ्कन फारामहरू र अभिलेख व्यवस्थित गर्न कठिनाइ हुनु,

घ) प्रश्नपत्रको स्तरीकरणका लागि पूर्वपरीक्षणलगायतका कार्य र प्रश्न बैङ्क (Item Bank) थप व्यवस्थित गर्न नसक्नु,

ङ) आयोगका प्रदेशस्तरमा शाखा वा कार्यालय नहुँदा कार्यसम्पादन र सेवा प्रवाहमा चुस्तता ल्याउन नसक्नु,

च) शिक्षकले कार्यसम्पादन मूल्याङ्कन फाराम समयमा नभर्नु, फाराममा पूरा विवरण नभर्नु, सिफारिस र प्रमाणित गर्ने तथा सुपरीवेक्षण र पुनरावलोकन समितिमा रही मूल्याङ्न गर्दा अङ्क प्रदान गर्ने प्रक्रियामा त्रुटि हुनु र शिक्षक बढुवा पद्धतिलाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउन नसकिनु,

छ) स्रोतको अपर्याप्तताले पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षणलगायतका कार्यहरूमा थप सुधारका लागि अनुसन्धान गर्न/गराउन नसक्नु,

ज) आयोगका विभिन्न कार्यहरूमा सहभागी हुने दक्ष एवम् विज्ञहरूलाई तालिम, प्रशिक्षण, गोष्ठी, सेमिनार एवम् उत्तरपुस्तिका परीक्षणजस्ता क्रियाकलापहरूमा दक्ष जनशक्ति परिचालनका लागि विद्यमान खर्च नर्म्स (Norms) मा समयानुकूल परिमार्जन गर्न नसक्नु,

झ) छिटोछिटो प्रशासकीय प्रमुखको सरुवा हुनाले आयोगको वार्षिक कार्यतालिकाअनुसार कार्यसम्पादन गर्न अवरोध खडा हुनु ।

## १२.२. चुनौती

क) एउटै कानुनी आधारबाट अध्यापन अनुमतिपत्रको व्यवस्थापन गर्नु,

ख) शिक्षण पेसाप्रति प्रतिभावान् (Competent) युवा जनशक्तिलाई आकर्षित गर्नु,

ग) शिक्षक सेवामा प्रवेश गरेका जनशक्तिलाई उच्च मनोबल कायम राख्नु र शिक्षण पेसामा टिकाइराख्नु,

घ) स्थायी सेवा प्रवेश गरेका योग्य शिक्षकको बढुवा पद्धतिलाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउनु,

ङ) आफ्नै छापाखानाको व्यवस्था गरी प्रश्नपत्र छपाइलाई व्यवस्थित पार्नु,

च) शिक्षक सेवा आयोगको छुट्टै ऐन निर्माण गरी आफ्नो कार्यसम्पादनमा स्वायत्तता प्राप्त गर्नु,

छ) समयसापेक्ष शिक्षक छनोटको पाठ्यक्रम निर्माण गर्नु,

ज) नवप्रवर्तन र एआई (AI) सँगसँगै दौडिरहेका विद्यार्थीहरूको मागअनुसार दक्ष शिक्षक छनोट गरी सिफारिस गर्नु,

झ) खुला पदपूर्तिमा समेत अनुभवबापतको अङ्क प्रदान गर्ने कानुनी व्यवस्थाले योग्य उम्मेदवार छनोटमा बाधा पर्नु,

ञ) अपाङ्गता, मधेसी र पिछडिएको क्षेत्रका लागि छुट्याइएको समावेशी पद छनोट र समावेशी सुविधा सम्बन्धमा कानुनी द्विविधा भएकाले लक्षित समूह लाभान्वित हुन नसक्नु,

# परिच्छेद-१३

# भावी कार्यदिशा र सुझाव

## १३.१. भावी कार्यदिशा

आयोगको कार्यसम्पादनलाई प्रभावकारी र चुस्त बनाउन आगामी दिनमा प्राथमिकताका साथ सम्पन्न गर्नुपर्ने विषयलाई भावी कार्यदिशाका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ।

क) तथ्याङ्क व्यवस्थापन प्रणाली (Data Management System) लाई संस्थागत गर्दै एकीकृत सूचना व्यवस्थापन प्रणाली (Integrated Information Management System) कार्यान्वयन गरी सेवाप्रवाहमा सहजता ल्याउने,

ख) आयोगको कार्यप्रकृतिअनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणमार्फत सङ्गठन संरचनामा परिवर्तन गरी आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

ग) आयोगको कार्यलाई सहज र सुचारू रूपले सञ्चालन गर्नका लागि आफ्नो भवन निमार्ण गर्ने,

घ) पाठ्यक्रम, प्रश्नपत्र, उत्तरपुस्तिका परीक्षणलगायतका कार्यमा अनुसन्धनात्मक पुनरवलोकन गर्नुका अलावा विश्वविद्यालय लगायतका अन्य सम्बन्धित निकायसँग अन्तरक्रिया र समन्वय गर्ने,

ङ) शिक्षण पेसाप्रति युवा जनशक्तिलाई आकर्षित गर्न विश्वविद्यालयबाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई शिक्षण पेसामा प्रवेश गराउन अध्यापन अनुमतिपत्रको परीक्षामा सबै क्षेत्र र विषयबाट उत्पादित जनशक्तिले प्रतिस्पर्धा गर्ने कानुनी व्यवस्था गर्न सहजीकरण गर्ने,

च) प्रश्नपत्रको स्तरीकरणका लागि पूर्व परीक्षणलगायतका आवश्यक कार्य गर्नुपर्ने र प्रश्न बैङ्क (Item Bank) व्यवस्थित गर्ने,

छ) परीक्षासम्बन्धी कागजातका साथै प्रश्नपत्र छपाइका कार्यलाई छिटोछरितो र गोपनीयताका साथ सम्पन्न गर्न आयोगको आफ्नै छापाखानाको व्यवस्था गर्न पहल गर्ने,

ज) आयोगद्वारा गरिने कार्यसम्पादनलाई छिटो छरितो बनाउनका लागि प्रदेशस्तरमा कार्यालय विस्तार गर्न आवश्यक पहल गर्ने,

झ) आयोगका अध्यक्ष र सदस्यहरूको सेवा, सर्त र सुविधा ऐनमा नै व्यवस्था गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

ञ) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फारामलाई वस्तुपरक बनाउनुका साथै कार्यसम्पादन मूल्याङ्कनलाई सिकाइ उपलब्धिसँग जोड्ने विश्वसनीय संयन्त्रको खोजी गर्ने,

ट) खुला पदपूर्तितर्फ अस्थायी वा राहत अनुदान पदमा कार्य गरेबापत अनुभवको अङ्कसमेत पाउने व्यवस्थाका कारण खुलातर्फका योग्य, सक्षम र दक्ष उम्मेदवारको प्रवेश निरूत्साहित हुनेहुँदा भएको प्रावधान संशोधन गर्न पहल गर्ने,

ठ) अपाङ्गता भएका उम्मेदवारका लागि छुट्याइएको समावेशीतर्फको पदमा अपाङ्गता वर्ग स्पष्ट नभएका कारण लक्षित समूहले सुविधा प्राप्त गर्न नसकेकाले ऐन नियममै स्पष्ट व्यवस्था गर्न सुझाव प्रस्तुत गर्ने,

ड) पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षणलगायतका कार्यहरूलाई अनुसन्धानमा आधारित बनाई समयानुकूल परिमार्जन गर्ने,

ढ) शिक्षक सेवा आयोगलाई संविधानको धारा २४३ को उपधारा (२) को स्पष्टीकरणले पहिचान दिएको र शिक्षा ऐन, २०२८ को दफा ११ख. बमोजिम गठन भई कार्यसम्पादनमा समेत स्वायत्तता प्राप्त गरेको अवस्थामा आयोगको

कामकारबाहीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आफ्नो छुट्टै ऐनको आवश्यकता देखिएकाले शिक्षक सेवा आयोग ऐन निर्माणमा पहल गर्ने,

ण) आयोगले आवश्यकतानुसार दक्ष एवम् विज्ञहरुलाई तालिम, प्रशिक्षण, गोष्ठी, सेमिनार जस्ता क्रियाकलापहरू सञ्चालन गर्न वार्षिक कार्यक्रम र बजेटमा व्यवस्था गर्नुपर्ने र नर्म्समा समयानुकूल परिमार्जन गर्ने,

त) सिफारिस भएका शिक्षकलाई विद्यालय पठाउनुअघि सेवा प्रवेश (Job Induction) तालिम प्रदान गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने,

थ) राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालय तहका शिक्षकका सन्दर्भमा दिएका प्रस्तावलाई कार्यान्वयनमा ल्याउने,

प) शिक्षकलाई पेसागत र प्राज्ञिक बनाउनुका अतिरिक्त विश्वविद्यालयहरुलाई शिक्षकका लागि मानव संसाधन उत्पादन (तयारी) गर्न वार्षिक पद निर्धारण गरी सक्षमतायुक्त शिक्षकहरूको तयारी गर्न आवश्यक समन्वय र सहकार्य गर्ने,

फ) शिक्षक तयारीका सम्बन्धमा प्रणालीगत रूपान्तरण, समर्पित विश्वविद्यालय, अन्तर विश्वविद्यालय समन्वय र सहकार्य, मध्यकालीन योजना तयारी, विश्वविद्यालयहरूको पाठ्यक्रम परिमार्जन, व्यावहारिक र अभ्यासमुखी सिकाइ, विद्यालयमा शिक्षकको कमी हुने विषयहरूमा छात्रवृत्ति जस्ता पक्षहरूमा कार्यगत सुधारका उपायहरू अपनाउन मन्त्रालयलाई सुझाव प्रदान गर्ने,

ब) विद्यालयमा योग्य, सक्षम र प्रतिस्पर्धी शिक्षकको छनोट सम्बन्धमा अध्यापन अनुमतिपत्रको परीक्षामा सुधार, आयोगबाट लिने परीक्षाको पाठ्यक्रम र विश्वविद्यालयहरूको पाठ्यक्रमबिच तादात्म्यता कायम गर्ने,

भ) शिक्षकको कार्यसम्पादन मूल्याङ्न प्रणालीलाई थप व्यवस्थित बनाउन सम्बद्ध निकायहरूसँग सहकार्य गर्ने,

म) शिक्षकलाई पेसागत दायित्वप्रति जिम्मेवार र मर्यादित बनाउने सम्बन्धमा स्व-उत्प्रेरित शिक्षक, शिक्षकको कार्यसम्पादन मूल्याङ्कनका लागि कार्यसम्पादन नतिजामा आधारित पारदर्शी सूचकहरू निर्धारण गरी नियमित मूल्याङ्कन, विद्यालयमा हाल कार्यरत शिक्षकको आवधिक रूपमा सक्षमता परीक्षणको व्यवस्था गरी सक्षमताको नतिजालाई पनि बढुवाको आधार बनाउने,

य) शिक्षकको तयारीका लागि विश्वविद्यालयमा भर्ना हुँदा वा शिक्षक छनोटका लागि आयोगको परीक्षामा सहभागी हुँदा अभिवृत्ति परीक्षण गर्ने ।

र) शिक्षक छनोटलाई वस्तुनिष्ठ बनाउन प्रयोगात्मक परीक्षा सञ्चालनका लागि संरचनात्मक प्रबन्ध गर्ने ।

## १३.२. सुझाव

शिक्षकक सेवा, सर्त, सुविधा सम्बन्धमा भावी दिनमा नेपाल सरकारका तर्फबाट गरिनुपर्ने नीतिगत निर्णयहरू तथा कानुनी व्यवस्थाका लागि देहायअनुसारका सुझाव प्रस्तुत गरिएका छन् ।

क) शिक्षकलाई पेसा (विद्यालय) मा टिकाइ राख्ने सम्बन्धमा फास्ट ट्र्याक हायरिङ र कार्यसम्पादनमा आधारित पारिश्रमिक, शिक्षक पेसाको सम्मान, शिक्षकको वृत्ति विकास, तहगत मर्यादाक्रम निर्माण गरी कार्यान्वयन गर्ने,

ख) विद्यालयस्तरको शिक्षालाई समयको मागमा आधारित र गुणस्तरीय बनाउने सम्बन्धमा शिक्षकका लागि नियमित (सेवाकालीन, पुनर्ताजगी र विशिष्टीकृत) तालिमको व्यवस्था अनिवार्य गर्ने,

ग) स्थानीय तहले संयोजन गर्नेगरी एक शैक्षिक सत्रभित्र कम्तीमा पन्ध्र दिनदेखि एक महिनासम्मको शिक्षक आदानप्रदान कार्यक्रम (Teacher Exchange Program) सञ्चालन गर्ने नीतिगत व्यवस्था गर्ने,

घ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र शिक्षकका आधिकारिक पेसागत सङ्गठनहरूको भूमिकालाई शिक्षकको गुणस्तर, क्षमता, उत्प्रेरणा, पेसागत विकास र टिकाउका लागि उपयोग गर्ने रणनीति सम्बद्ध पक्षहरूले अवलम्बन गर्ने,

ङ) शिक्षकको भर्ना प्रबन्धलाई संवैधानिक प्रावधानअनुरूप दुई तहमा वर्गीकरण गरी कानुनी आधार तय गर्ने र वर्तमान न्यूनतम शैक्षिक योग्यतालाई आधाभूत तहको लागि स्नातक र माध्यमिक तहको लागि स्नातकोत्तर कायम गर्ने,

च) शिक्षक उत्प्रेरणाको लागि प्रदेशस्तरमा नै प्रतिस्पर्धा हुनेगरी तहगत बढुवा प्रणालीको व्यवस्थाको लागि आवश्यक कानुनी प्रबन्ध मिलाउने,

छ) निम्नमाध्यमिक र माध्यमिक तहको शिक्षक बढुवालाई प्रदेशस्तरमा प्रतिस्पर्धा हुने कानुनी प्रबन्ध मिलाउने,

ज) शिक्षक नियुक्ति भएपश्चात् न्यूनतम तीन महिनाको सेवा प्रवेश तालिम प्रदानपश्चात् मात्र कक्षाकोठामा पठाउने व्यवस्था मिलाउने,

झ) प्रधानाध्यापक छनोटका लागि शिक्षक सेवा आयोगले मापदण्ड तयार गरी परीक्षा सञ्चालन गरेर करार सूचीमा सूचीकृत गर्ने र सोही आधारमा विद्यालयमा नियुक्ति हुने प्रबन्ध मिलाउने,

ञ) विषयवस्तुको प्रकृतिअनुसार समावेशी प्रणाली सम्बन्धमा अध्ययन गरी पुनरवलोकन गर्ने,

ट) खुला प्रतियोगितामा अनुभवबापतको अङ्क प्रदान गर्ने कानुनी व्यवस्थालाई परिवर्तन गरी विशुद्ध खुला बनाउने,

ठ) शिक्षकको सेवा, सर्त, सुविधा सम्बन्धमा सामयिक अध्ययन गरी सोही आधारमा सेवा सुविधा तय गर्नु उपयुक्त हुने ।

ड) विद्यालय तहमा कार्यान्वयन भइरहेको पाठ्यक्रमका लागि आवश्यक पर्ने शिक्षक समूह (Teaching force per School), लागत, सम्पादन गर्नुपर्ने कार्यभार र शिक्षकबाट अपेक्षित सक्षमता पुनरवलोकन गरी आधुनिक सूचना र प्रविधिमा भएको विकासबाट व्यक्ति एवम् समाजमा ल्याएको रूपान्तरण, परिवर्तित स्वरूपमा रहेको ज्ञानको स्रोत, जनसङ्ख्याको बनोट र बसाइसराइबाट जनघनत्वमा परेको प्रभावलाई समेत अनुकूलन हुनेगरी मन्त्रालय पद्धतिबाट शिक्षकको सक्षमता परिभाषित गर्ने ।

ढ) परिभाषित सक्षमता अनुकूलको जनशक्ति (शिक्षक) तयारीका लागि विश्वविद्यालयहरूसँग समन्वय गर्ने र सो आधारमा शिक्षक छनोट गर्न विद्यमान कानुनलाई आवश्यकताका आधारमा संसोधन गर्ने ।

ण) प्रधानाध्यापक पदमा शिक्षक सेवा आयोगबाट पदपूर्ति गर्ने विषयमा आवश्यक कानुनी प्रबन्ध गर्ने ।

## अनुसूची -१

## आयोगका अध्यक्ष, सदस्यहरू र कर्मचारीहरूको विवरण

| क्र. सं | पद | नाम, थर | कार्यकाल | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | अध्यक्ष | श्री विश्वनाथ भट्टराई | २०५७/०१/१२ | २०५८/०९/५ |
| २. | अध्यक्ष | श्री विश्वनाथ सापकोटा | २०५९/०१/२४ | २०५९/०७/१२ |
| ३. | अध्यक्ष | श्री उदयराज सोती | २०५९/११/२९ | २०६३/०१/२६ |
| ४. | अध्यक्ष | श्री उदयराज सोती | २०६३/०३/२१ | २०६८/०३/२० |
| ५. | अध्यक्ष | श्री उदयराज सोती | २०६८/०८/०४ | २०७२/०६/१४ |
| ६. | अध्यक्ष | श्री ताना गौतम | २०७२/०६/१७ | २०७७/०६/१३ |
| ७. | अध्यक्ष | श्री मधुप्रसाद रेग्मी | २०७८/०४/२० | |

### आयोगका सदस्यहरूका नामावली र कार्यकाल

| | | | | |
|---|---|---|---|---|
| १. | सदस्य | श्री कृष्ण यादव | २०५७ | २०५८/११/२७ |
| २. | सदस्य | श्री विशनदत्त भट्ट | २०५७/०१/०७<br>२०५९/०१/१९ | २०५८/११/१४<br>२०६४/०१/१८ |
| ३. | सदस्य | प्रा. डा. रामबृक्ष साहु | २०५९/०१/२६ | २०६४/०१/२५ |
| ४. | सदस्य | श्री प्रेमराज उपाध्याय | २०६४/०२/२९ | २०६९/०२/२८ |
| ५. | सदस्य | श्री योगेन्द्र प्रसाद राउत | २०६६/१०/१२ | २०७१/१०/१२ |
| ६. | सदस्य | श्री सिताराम पोखरेल | २०६९/०८/२४ | |
| ७. | सदस्य | श्री ज्ञानी यादव | २०७२/०३/२५ | |
| ८. | सदस्य | डा. डिल्लीराम रिमाल | २०७८/०४/२० | २०८१/१०/२८ |
| ९. | सदस्य | श्री नन्दकुमारी महर्जन | २०७८/०४/२० | २०८१/०६/१३ |
| १०. | सदस्य | श्री पवित्रा सुवेदी | २०८१/१२/६ | |
| ११. | सदस्य | श्री रामशरण सापकोटा | २०८१/१२/६ | |

**प्रतिवेदन अवधि (आ.व. २०८१/८२) मा आयोगमा कार्यरत कर्मचारीहरू**

| क्र.सं. | पद | नाम,थर | |
|---|---|---|---|
| १. | प्रशासकीय प्रमुख | शिवकुमार सापकोटा | |
| २. | प्रशासकीय प्रमुख | श्रीप्रसाद भट्टराई | |
| ३. | उपसचिव | कृष्णप्रसाद ढुंगाना | |
| ४. | उपसचिव | हरिप्रसाद अर्याल | |
| ५. | उपसचिव | गणेशप्रसाद पौडेल | |
| ६. | उपसचिव | गेहनाथ गौतम | |
| ७. | उपसचिव | रेशम कुमारी श्रेष्ठ | |
| ८. | उपसचिव | सुशिला भट्टराई | |
| ९. | उपसचिव | शिवप्रसाद रेग्मी | |
| १०. | उपसचिव | रामचन्द्र शर्मा | |
| ११. | उपसचिव | रामबहादुर अधिकारी | |
| १२. | उपसचिव | कृष्ण भुजेल | |
| १३. | उपसचिव | देवका ढकाल | |
| १४. | उपसचिव | नृपध्वज मगर | |
| १५. | शा. अ. | सुनिता बराल | |
| १६. | शा. अ. | मनुजा बराल | |
| १७. | शा. अ. | रामचन्द्र इटनी | |
| १८. | शा.अ. | पार्वती शर्मा | |
| १९. | शा.अ. | दिवाकर शर्मा | |
| २०. | शा.अ. | सरस्वती गुरागाईं | |
| २१. | शा.अ. | सुशीलाकुमारी शाह | |

| | | | |
|---|---|---|---|
| २२. | शा.अ. | शशी पोखेल | |
| २३. | शा.अ. | खगेन्द्रराज जोशी | |
| २४. | ले.अ. | बिनु खतिवडा | |
| २५. | शा.अ. | रमा नेपाल | |
| २६. | शा.अ. | भागवत प्रसाद रिजाल | |
| २७. | ना.सु. | प्रतिमा ज्ञवाली | |
| २८. | ना.सु. | रामकुमार खड्का | |
| २९. | ना.सु. | मञ्जुकुमारी पौडेल | |
| ३०. | ना.सु. | करिश्मा भण्डारी | |
| ३१. | ना.सु. | प्रमिला कोइराला | |
| ३२. | ना.सु. | सुनिता पोखरेल | |
| ३३. | ना.सु. | तुलसा पौड्याल | |
| ३४. | ना.सु | सरस्वती न्यौपाने | |
| ३५. | ना.सु | फुलमाया भट्टराई | |
| ३६. | लेखापाल | भगवती रेग्मी | |
| ३७. | लेखापाल | कृष्ण प्रसाद पन्थी | |
| ३८. | क.अ. | जमुना कुईकेल | |
| ३९. | रा.प. अनङ्कित पाँचौंस्तर | निमप्रसाद पोखेल | |
| ४०. | का.स. | लक्ष्मी चौधरी | |
| ४१. | का.स. | गीता के.सी. | |
| ४२. | का.स. | मनोज पन्त | |
| ४३. | का.स. | शिव प्रसाद कडेंल | |
| ४४. | का.स. | रामेश्वर सेढाँई | |
| ४५. | का.स. | सुदर्शन सिग्देल | |

| | | | |
|---|---|---|---|
| ४६. | रा. प. अनङ्कित पाँचौंस्तर | चित्र बहादुर तामाङ | |
| ४७. | ह.स.चा. | राम प्रसाद चौधरी | |
| ४८. | रा. प. अनङ्कित पाँचौंस्तर | चन्द्र बहादुर तामाङ | |
| ४९. | रा. प. अनङ्कित पाँचौंस्तर | पुष्कर खत्री | |
| ५०. | ह.स.चा. | घनश्याम पाठक | |
| ५१. | ह.स.चा. | मधुकर महर्जन | |
| ५२. | ह.स.चा. | बलराम दुलाल | |

## अनुसूची -२

## शिक्षक सेवा आयोगको दरबन्दी विवरण

| क्र.सं. | पदको नाम | श्रेणी तह | सेवा | समूह | उपसमुह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय प्रमुख | रा. प., प्रथम | शिक्षा | शिक्षा प्रशासन | - | १ |
| २ | उपसचिव | रा. प., द्वितीय | शिक्षा | शिक्षा प्रशासन | - | ७ |
| ३ | उपसचिव | रा. प., द्वितीय | न्याय | कानुन | - | १ |
| ४ | शाखा अधिकृत | रा. प., तृतीय | प्रशासन | सा. प्रशासन | - | १ |
| ५ | लेखा अधिकृत | रा. प., तृतीय | प्रशासन | लेखा | - | १ |
| ६ | शाखा अधिकृत | रा. प., तृतीय | शिक्षा | शिक्षा प्रशासन | निरीक्षण | ६ |
| ७ | नायव सुब्बा | रा.प. अनं, प्रथम | प्रशासन | सा.प्रशासन | - | ६ |
| ८ | लेखापाल | रा. प. अनं, प्रथम | प्रशासन | लेखा | - | १ |
| ९ | कम्प्युटर अपरेटर | रा. प. अनं, प्रथम | विविध | - | - | १ |
| १० | ह.स.चा. | श्रेणी विहीन | - | - | - | ५ |
| ११ | कार्यालय सहयोगी | श्रेणी विहीन | - | - | - | १० |
| **जम्मा** | | | | | | ४० |

# अनुसूची -३

## शिक्षक सेवा आयोगको सङ्गठनात्मक संरचना



## अनुसूची -४

## शिक्षक सेवा आयोगका शाखाहरूको कार्यविवरण

| शाखाको नाम | कार्यविवरण |
|---|---|
| पाठ्यक्रम, तथ्याङ्क, विज्ञापन, क्षमता विकास तथा अनुसन्धान शाखा | १. सम्बन्धित निकायहरूबाट तथ्याङ्क विश्लेषण गरी आयोगसमक्ष पेस गर्ने,<br>२. अध्यापन अनुमतिपत्र, शिक्षक बढुवा र खुला विज्ञापनको प्रस्ताव तयार पारी आयोगसमक्ष पेस गर्ने,<br>३. आयोगबाट स्वीकृत भएको विज्ञापन प्रकाशन गर्ने,<br>४. अध्यापन अनुमतिपत्र, आन्तरिक प्रतियोगितात्मक शिक्षक बढुवा र खुला विज्ञापनको पाठ्यक्रम निर्माण र परिमार्जनका लागि विज्ञहरूको सूची आयोगसमक्ष पेस गर्ने,<br>५. छनोट भएका विज्ञहरूबाट पाठ्यक्रम निर्माण, परिमार्जनको खाका तयार गरी आयोग समक्ष पेस गर्ने,<br>६. आयोगबाट स्वीकृत भएको पाठ्यक्रम लागु गर्ने, गराउने,<br>७. स्वीकृत भएको पाठ्यक्रमका आधारमा विशिष्टीकरण तालिका र नमुना प्रश्नपत्र निर्माण गर्ने,<br>८. पाठ्यक्रमको निर्माण र परिमार्जनका लागि प्राप्त भएका सुझावहरू आयोग समक्ष पेस गर्ने,<br>९. कर्मचारीहरूको क्षमता विकाससम्बन्धी क्षेत्रहरूको पहिचान गर्ने,<br>१०. कर्मचारीहरूको क्षमता विकाससम्बन्धी योजनाको खाका तयार गरी आयोगसमक्ष पेस गर्ने,<br>११. आयोगबाट स्वीकृत भएको क्षमता विकाससम्बन्धी योजना कार्यान्वयन गर्ने, गराउने,<br>१२. आयोगबाट प्रकाशन हुने वार्षिक प्रतिवेदन, बुलेटिन, ब्रोसर आदि तयार गर्ने,<br>१३. उत्तरपुस्तिकाको दोस्रो कोड गर्ने, गराउने,<br>१४. शिक्षक सेवा आयोग सम्बन्धमा अनुसन्धान गर्नुपर्ने क्षेत्रहरू पहिचान गरी आयोगसमक्ष पेस गर्ने,<br>१५. स्वीकृत भएका अनुसन्धान क्षेत्रहरूमा अनुसन्धान गराउने,<br>१६. शिक्षकका सेवा सर्त सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान र विश्लेषण गर्ने,<br>१७. अनुसन्धानका प्राप्तिहरूको कार्यान्वयनका लागि आयोगसमक्ष पेस गर्ने र निर्णय भएबमोजिम गर्ने, गराउने । |
| प्रश्नपत्र निर्माण तथा परिमार्जन शाखा | १. अध्यापन अनुमतिपत्र, शिक्षकहरूको आन्तरिक प्रतियोगितात्मक बढुवा र खुला विज्ञापनका लगि प्रश्नहरू निर्माण र परिमार्जन गर्ने विज्ञहरूको सूची बनाई आयोग समक्ष पेस गर्ने,<br>२. आयोगबाट स्वीकृत भएका विज्ञहरूबाट प्रश्नहरू निर्माण र परिमार्जन गराउने,<br>३. लिखित परीक्षाका लागि प्रश्नहरूको बैङ्क निर्माण गर्ने,<br>४. प्रश्नहरूको बैंकलाई अति गोप्य तरिकाले सुरक्षित साथ राख्ने,<br>५. प्रश्न निर्माण र परिमार्जनसम्बन्धी गोष्ठी, सेमिनार र अभिमुखीकरण कार्यक्रमहरूको आयोजना गर्ने,<br>६. प्रश्न निर्माण र परिमार्जनसम्बन्धी सरोकारवाला विज्ञहरूले दिएका सुझावहरू सङ्कलनन गरी आयोग समक्ष पेस गर्ने,<br>७. उत्तरकुञ्जिका तयार गर्नका लागि विज्ञहरूको सूची बनाई आयोग समक्ष पेस गर्ने, |

| शाखाको नाम | कार्यविवरण |
|---|---|
| | ८. छनोट भएका विज्ञहरूबाट लिखित परीक्षा सम्पन्न भइसकेपछि उत्तरकुञ्जिका तयार गर्न लगाउने,<br>९. तयार भएको उत्तरकुञ्जिका परिमार्जन गराई आयोग समक्ष स्वीकृतिका लागि पेस गर्ने,<br>१०. आयोगबाट स्वीकृत भएको उत्तरकुञ्जिका कार्यान्वयनमा ल्याउने,<br>११. आयोगले तोकेका अन्य कार्यहरू गर्ने, गराउने । |
| लिखित परीक्षा सञ्चालन शाखा | १. उम्मेदवारहरूको सङ्ख्यात्मक विवरण सङ्कलनन गर्ने,<br>२. परीक्षा केन्द्रसम्बन्धी विवरण माग गर्ने,<br>३. प्रश्नपत्र निर्माण तथा परिमार्जन शाखासँग समन्वय गरी परीक्षा सञ्चालनका लागि आवश्यक गोप्य सामग्रीको व्यवस्था परीक्षा केन्द्रगत रूपमा गर्ने,<br>४. उत्तरपुस्तिका, परीक्षा फाराम लगायत परीक्षा सामग्रीको व्यवस्था गर्ने,<br>५. परीक्षा सञ्चालनका लागि उत्तरपुस्तिका, परीक्षा सञ्चालन निर्देशिका र अन्य आवश्यक सामग्री परीक्षा केन्द्रसम्म पुर्‍याउने व्यवस्था मिलाउने,<br>६. परीक्षा सञ्चालनका लागि क्षेत्र तथा जिल्लाबीच समन्वय गर्ने,<br>७. परीक्षा व्यवस्थापनसम्बन्धी निर्देशिका निर्माण तथा परिमार्जनका लागि आयोग समक्ष प्रस्ताव पेस गरी स्वीकृत भएको निर्देशिका बमोजिम परीक्षा सञ्चालनको व्यवस्था मिलाउने,<br>८. परीक्षा सम्पन्न भइसकेपछि उत्तरपुस्तिकाहरू सङ्कलनन गर्ने र व्यवस्थित हिसाबले राख्ने व्यवस्था मिलाउने तथा प्याकेट निर्माण गर्ने,<br>९. परीक्षा सञ्चालन सम्बन्धमा विभिन्न सरोकारवालाहरूले दिएका सुझावहरू सङ्कलनन गरी आयोगसमक्ष पेस गर्ने र आयोगबाट स्वीकृत भएअनुसार गर्ने, गराउने,<br>१०. उत्तरपुस्तिकाहरूमा प्रथम कोड गर्ने, गराउने,<br>११. उत्तरपुस्तिका परीक्षण र सम्परीक्षणका लागि विज्ञहरूको सूची बनाई आयोग समक्ष पेस गर्ने,<br>१२. छनोट भएका विज्ञहरूबाट उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण गराउने,<br>१३. लिखित परीक्षाको प्राप्ताङ्कलाई कम्प्युटरमा इन्ट्री गराई रूजु गराउने,<br>१४. आयोगको निर्णयअनुसार लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने,<br>१५. परीक्षण र सम्परीक्षण कार्यमा लापरवाही वा अनियमितता गर्ने व्यक्तिको अभिलेख राखी आयोगमा पेस गर्ने,<br>१६. आयोगले तोकेको अन्य कार्यहरू गर्ने, गराउने । |
| अध्यापन अनुमतिपत्र शाखा | १. आयोगबाट स्वीकृत भएको अध्यापन अनुमतिपत्रको पाठ्यक्रम कार्यान्वयन गर्ने, गराउने,<br>२. अध्यापन अनुमतिपत्र वितरण गर्ने,<br>३. अध्यापन अनुमतिपत्रको अभिलेख व्यवस्थापन गर्ने,<br>४. अध्यापन अनुमतिपत्रको विवरण संशोधनका लागि आएका निवेदनहरू आयोगसमक्ष पेस गर्ने,<br>५. आयोगबाट भएको निर्णयअनुसार अध्यापन अनुमतिपत्रमा उम्मेदवारको नाम, थर लगायतका विवरण संशोधन गर्ने,<br>६. अध्यापन अनुमतिपत्रको सत्यापन गर्ने, |

| शाखाको नाम | कार्यविवरण |
|---|---|
| | ७. अध्यापन अनुमतिपत्रसम्बन्धी आएका उजुरीहरू आयोगसमक्ष पेस गरी निर्णय भएबमोजिम गर्ने, गराउने,<br>८. अध्यापन अनुमतिपत्रको भाषिक अनुवादसम्बन्धी काम गर्ने, गराउने,<br>९. अध्यापन अनुमतिपत्रको प्रतिलिपि उपलब्ध गराउनेसम्बन्धी काम गर्ने,<br>१०. अध्यापन अनुमतिपत्रमा सुरक्षणसम्बन्धी कागजातहरू आफ्नो जिम्मा राख्ने, राख्न लगाउने,<br>११. अध्यापन अनुमतिपत्र वितरण सम्बन्धमा आयोगको मातहतका कार्यालयसँग समन्वय गर्ने,<br>१२. अध्यापन अनुमतिपत्रको परीक्षा सञ्चालन सम्बन्धमा आवश्यक समन्वय गर्ने,<br>१३. विभिन्न निकायबाट अध्यापन अनुमतिपत्र सम्बन्धमा सोधनी भएका पत्रहरू आयोग समक्ष पेस गरी निकाशा भएबमोजिम गर्ने, गराउने,<br>१४. आयोगले तोकेका अन्य कार्य गर्ने । |
| अन्तर्वार्ता तथा सिफारिस शाखा | १. अन्तर्वार्तासम्बन्धी योजना बनाई आयोगसमक्ष पेस गर्ने,<br>२. आयोगबाट स्वीकृत भएको योजना कार्यान्वयन गर्ने, गराउने,<br>३. अन्तर्वार्ता सञ्चालन निर्देशिकाको संशोधन प्रस्ताव तयार पारी आयोग समक्ष पेस गर्ने,<br>४. आयोगबाट स्वीकृत भएको निर्देशिका कार्यान्वयनमा ल्याउने,<br>५. अन्तर्वार्ता मुकाम तोक्ने बारेमा आवश्यक कार्य गरी आयोगसमक्ष पेस गर्ने,<br>६. अन्तर्वार्ताका लागि आवश्यक दक्ष विज्ञहरूको सूची तयार गरी अद्यावधिक गर्ने, गराउने,<br>७. अन्तर्वार्ता मर्यादित र सहज वातावरणमा सञ्चालन गर्ने, गराउने,<br>८. लिखित र अन्तर्वार्ता समेतमा प्राप्त गरेको अङ्कका आधारमा अन्तिम नतिजा प्रकाशन गर्ने तथा उम्मेदवारहरूको सिफारिससम्बन्धी सम्पूर्ण कार्य गर्ने,<br>९. सिफारिससम्बन्धी कार्यविधि तयार गरी आयोगसमक्ष पेस गर्ने,<br>१०. उम्मेदवारहरूको सिफारिस सम्बन्धमा प्राप्त भएका निवेदनहरू आयोग समक्ष पेस गरी निकास भएबमोजिम गर्ने, गराउने,<br>११. आयोगबाट स्वीकृत भएको कार्यविधि कार्यान्वयनमा ल्याउने,<br>१२. अन्तर्वार्तासम्बन्धी कागजातहरू गोप्य रूपमा राख्ने,<br>१३. आयोगले तोकेका अन्तर्वार्ता तथा सिफारिससम्बन्धी अन्य कामहरू गर्ने, गराउने । |
| बढुवा शाखा | १. शिक्षक बढुवासम्बन्धी वार्षिक योजना तयार पारी आयोगमा पेस गर्ने,<br>२. आयोगबाट स्वीकृत भएको बढुवासम्बन्धी योजना कार्यान्वयन गर्ने, गराउने,<br>३. जिल्लाहरूबाट शिक्षक बढुवासम्बन्धी तथ्याङ्क सङ्कलनन र सत्यापन गरी सञ्चित अभिलेखका आधारमा विश्लेषण गर्ने,<br>४. आयोगबाट स्वीकृत भएको शिक्षक बढुवा विज्ञापन प्रकाशन गर्ने,<br>५. बढुवाका लागि दरखास्त फारामहरू सङ्कलनन गर्ने सम्बन्धमा आयोगको मातहतका कार्यालयहरूसँग समन्वय गर्ने,<br>६. शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने भराउने सम्बन्धमा सम्बन्धित कार्यालयहरूसँग आवश्यक समन्वय गर्ने,<br>७. सम्बन्धित कार्यालयबाट प्राप्त कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवाको नतिजा तयार पारी आयोगसमक्ष पेस गर्ने, |

| शाखाको नाम | कार्यविवरण |
| --- | --- |
